# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

२४

पू
र्णा
ङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

६ वर्ष | ४ अङ्क

[इतिहास—प्रधान त्रैमासिक पत्रिका]


सम्पादक—
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक-
धनवज्र वज्राचार्य
(संशोधन—मण्डलद्वारा)

सहयोगीहरू—
रामजी तेवारी
देवीप्रसाद भण्डारी
दिनेशराज पन्त

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. लिच्छविकालको शासनपद्धति | –धनवज्र वज्राचार्य | २२३–३२ |
| २. आचार्य कौटल्य र श्री ५ पृथ्वीनारायण शाह | –गौतमवज्र वज्राचार्य | २३२–३८ |
| ३. स्वामी महाराज रणबहादुर शाहको वि. सं. १८६२ को बन्दोबस्त | –दिनेशराज पन्त | २३८–६७ |
| ४. नेपालसँग वजीर अलीकाण्डको सम्बन्ध | –महेशराज पन्त | २६८–८८ |
| ५. सिद्धान्तशिरोमणिको अनुवाद | –देवीप्रसाद भण्डारी | २८९–९८ |
| ६. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप | –रामजी तेवारी | २९८–३०९ |
| ७. इन्द्रयात्राको विषयमा ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना | –नयराज पन्त | ३१०–१२ |
| ८. साँचो कुरा पत्ता लाग्नासाथ म आफ्नो भूल स्वीकार गर्न सधैं तयार छु | –नयराज पन्त | ३१३–२२ |
| ९. विश्रान्ति | –नयराज पन्त | ३२२–३६ |

| | |
|---|---|
| प्रस्तावना | ३२२–२३ |
| न सम्झनै सक्छु न बिर्सनै पनि | ३२४ |
| दाह्री जुंगा | ३२४–२५ |
| सुख दुःख | ३२५ |
| पृथ्वीलाई सम्झीरहन्छु | ३२५–२६ |
| परिश्रम गरेर किन पढ्ने | ३२६–२८ |
| राष्ट्र–रक्षा | ३२८–२९ |
| ती आए त्यो गयो | ३३०–३१ |
| के पढ्ने | ३३१–३५ |
| भास्करको शिक्षा | ३३६ |

| | |
|---|---|
| १०. लिच्छविकालको अप्रकाशित अभिलेख | ३३६ |
| छैटौं वर्षको आय–व्ययको विवरण | ३३७ |
| हाम्रो वक्तव्य | ३३८ |

(क्रमागत)

# लिच्छविकालको शासनपद्धति

**–धनवज्र वज्राचार्य**

शासनव्यवस्थाअन्तर्गत रक्षा, अर्थ, न्याय आदि अनेक विभाग हुनु स्वाभाविक छ। लिच्छविकालमा अहिले जस्तै विभागको वर्गीकरण भएको थिएन तापनि विचार गर्न सजिलो होस् भनी अब विभाग, विभाग छुट्याई वर्णन गरिन्छ।

*रक्षा—*

राष्ट्रको रक्षाको लागि सेनाको आवश्यकता हुनु स्वाभाविक छ। यसैले राज्यका सात प्रमुख अङ्गमध्ये 'बल = सेना' पनि एक अङ्ग मानिएको छ* । लिच्छविकालका शासकहरूले पनि राष्ट्रको रक्षाको लागि सेना राखेका थिए। सैन्यको संख्या कति थियो, निश्चित रूपमा थाहा पाउन सकिएको छैन। तर सैनिकसंख्या पर्याप्त थियो भन्ने देखिन्छ। हर्षवर्द्धनको मृत्युपछि आएका चीनिया राजदूत वाङयुन्चेलाई हर्षका सामन्त अरुणाश्वले अपमान गर्दा हुन गएको युद्धमा नरेन्द्रदेवले सात हजार अश्वारोही सैन्यद्वारा चीनको मद्दत गरेका थिए भन्ने वर्णन चीनिया ताङवृत्तान्तमा पाइन्छ★ । यसबाट सैनिकसंख्या निकै भएको बुझिन्छ।

त्यस वेला सेनाका चार अङ्ग हुन्थे; रथ, हात्ती, घोडा चढी लड्ने सैनिक र पैदल लड्ने सैनिक। तर पहाडी क्षेत्र हुँदा हाम्रो यहाँ लिच्छविकालमा रथ चढेर लड्ने सैनिक नभएको बुझिन्छ। यद्यपि दरबारमा राजाको लागि रथ तयार रहन्थ्यो; यसको उल्लेख पाइन्छ† । तर

---

* " स्वाम्यमात्यश्च राष्ट्रं च दुर्गं कोशो बलं सुहृत् ।
एतावदुच्यते राज्यं सत्त्वबुद्धिव्यपाश्रयम् ॥ "

(कामन्दकीयनीतिसार १।१८)

[ राजा, मन्त्री, राष्ट्र, किल्ला, ढुकुटी, फौज, मित्र यी सात राज्यका अङ्ग हुन्। राज्य बल र बुद्धिमा अडेको हुन्छ। ]

★ 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को २४ पृष्ठ हेर्नुहोस्।

† 'पूर्णिमा' १६ पूर्णाङ्कको ३६१–६२ पृष्ठ हेर्नुहोस्।

रथ चढी लड्ने योद्धाको उल्लेख भने कतै आएको छैन । हात्ती, घोडा चढी लड्ने सैनिक भने अवश्य थिए । चाँगुको स्तम्भलेखमा मानदेवले मल्लपुरीमा हमला गर्दा सयौं हात्ती घोडा साथ लगेको वर्णन परेको छ—

"अद्यैव प्रिय मातुलोरुविषमक्षोभार्ण्णवस्पर्द्धिनीम्
भीमावर्त्ततरङ्गचञ्चलजलां त्वङ्गण्डकीमुत्तर
सन्नद्धैर्व्वरवाजिकुञ्जरशतैरन्वेमि तीर्त्वा नदीम्
त्वत्सेनामिति निश्चयान्नरपतिस्तीर्ण्णप्रतिज्ञस्तदा"

[प्यारा मामा, धेरै अडचाङ–खडचाङ भएर रुमलिएको समुद्रको जोडा लाग्दो, डरलाग्दा भुमरीले र छालले पानी छचाल्लब्याल्ल भएको गण्डकी नदी आजै हजूर तर्नुहोस् । कसिएका सयौं असल हात्ती घोडा लिई नदी तरेर म हजूरको फौजको पछि पछि आउनेछु । यस्तो अठोट गरेर राजाले त्यस वेला कबोल पूरा गर्नुभयो ।]

(इतिहास–संशोधनको प्रमाण प्रमेयको १०५,१०८ पृ.)

पहाडी क्षेत्रमा हात्ती हुनु सम्भव छैन भनी केही इतिहासकारले यस कुरामा शङ्का उठाएका छन्* । तर यो शङ्का उचित छैन । पहाडी भेकमा हुने एकथरी हात्ती पनि हुन्छन् । नदीको आसपासमा हुने र पहाडी प्रदेशमा हुने गरी हात्ती दुइ थरी हुन्छन् भन्ने उल्लेख कौटलीय अर्थशास्त्रमा स्पष्ट रूपमा गरिएको पाइन्छ । जस्तै—

"दन्तमूलपरीणाहद्विगुणं प्रोज्झ्य कल्पयेत् ।
अब्दे द्व्यर्धे नदीजानां पञ्चाब्दे पर्वतौकसाम्" ॥२७॥

(कौ. अ. २ अधिकरण ३२ अध्याय)

[नदीको आसपासमा हुने हात्तीको अढाई अढाई वर्षमा तथा पहाडी प्रदेशमा हुने हात्तीको★

* "एल्'इफान्ट्स् इन् द हिल्'इ री'जन् ड नट् अड्जस्ट् इन् द सिटचुए'शन्. दि एक्स्प्रेश्'न् माइट् बी जस्ट् ए पोएटिक् इम्यॉजिने'शन्"
(श्रीडिल्लीरमण रेग्मीको 'एशन्ट नेपाल" तेस्रो संस्करणको १३३ पृ.)

[पहाडी प्रदेशमा हात्तीको कुरा परिस्थिति मिल्ने होइन । त्यो वर्णन कविको कल्पना मात्र हो ।]

★ 'किरातार्जुनीय' मा पनि यस कुराको उल्लेख परेको छ—

"वनान्तशय्याकठिनीकृताकृती कचाचितौ विष्वगिवागजौ गजौ ।
कथं त्वमेतौ धृतिसंयमौ यमौ विलोकयन्नुत्सहसे न बाधितुम् ।१।३६

[जङ्गलमै सुत्नाले जिउ साह्रा भएका, कपाल जिग्रिङ्ग परेका, पहाडी प्रदेशमा हुने हात्ती जस्ता यी नकुल सहदेवलाई हेरेर पनि हजूरले कसरी धैर्य र संयम राख्न सक्नुभएको ?]

पाँच पाँच वर्षमा फेदको मोटाइको दोबर भाग छोडेर दाँत काट्नू* । ]

लिच्छविकालका अभिलेखमा हात्तीको उल्लेख अरू ठाउँमा पनि पाइन्छ । अंशुवर्माको हाँडिगाउँको अभिलेखमा राज्याभिषेक गर्दा सिन्दूरजात्राको लागि राजाले चढ्ने हात्ती घोडा विशेष रूपमा तयार राखिन्थे भन्ने उल्लेख परेको छ । यसको चर्चा पहिले गरिसकिएको छ★ । थानकोट र बलम्बुको बीचमा 'किसिपिडी' नामक गाउँ अहिलेसम्म आबाद छ । लिच्छविकालको अभिलेखमा यस ठाउँलाई 'किचप्रिंचि' भनिएको छ । 'किचप्रिंचि' यो शब्द वर्तमान 'किसिपिडी' को पूर्वरूप हो । यस ठाउँको सम्बन्ध हात्तीसंग थियो । यसैले यस भेकका लिच्छविकालका अभिलेखमा यस भेकको चारकिल्ला खुलाउँदा ठाउँ ठाउँमा 'हस्तिमार्ग' को उल्लेख आएको छ । उदाहरणार्थ थानकोटको वसन्तदेवको अभिलेखमा उल्लिखित–"अस्य सीमा…यावद्धस्तिमार्गं सम्प्रातेति ततोपि च हस्तिमार्ग…यसको सीमा… हस्तिमार्ग (हात्ती हिंड्ने बाटो) सम्म, अनि त्यताबाट पनि हस्तिमार्ग…" यस वाक्यलाई देखाउन सकिन्छ† । यसबाट यस भेकमा लिच्छविकालमा हात्ती पालिन्थे भन्ने संकेत पाइन्छ ।

नरेन्द्रदेवको पाटन तलेजुचोकको अभिलेखमा नरेन्द्रदेवको वर्णन यसरी गरिएको छ—

"वलगद्वीरपदातिकुन्तविशिखप्रोताश्वनागाकुले
शक्त्यान्यस्पृहणीयया रणमुखे संज्ञावशेषान् द्विषः ।
कृत्वा लोकहितोद्यमप्रभवया कीर्त्या दिशो भासयन्–
नन्योन्याविहतान् प्रजासु विदधद्धर्मार्थकामान्मुदा ❧।

[ जोशिएर अघि बढेका वीर पैदल सिपाहीहरूका भाला र बाणहरूले घाइते भएका हुँदा हात्ती घोडाहरू तर्सिएर छ्यान्नब्यान्न भएको लडाइँको मोर्चामा अरूको लागि लोभ लाग्दो पराक्रमद्वारा शत्रुहरूलाई सखाप पारीकन दुनियाँको भलो गर्नेतिर लागेका, त्यताबाट भएको कीर्ति दिशाको छेउछेउसम्म फैलिएका, दुनियाँमा धर्म, अर्थ, कामसम्बन्धी कुरालाई परस्परमा बाधा नपुऱ्याउने पारीकन आनन्दसंग चलाएका (नरेन्द्रदेव हुनुहुन्छ) । ]

यहाँ लडाइँको वर्णनमा हात्ती घोडा र पैदल सैनिकको उल्लेख परेको छ । यसबाट लिच्छविकालमा सेनामा हात्ती घोडा हुन्थे भन्ने थाहा पाइन्छ । हजारौं अश्वारोही सैन्य त्यस

---

* इतिहास-संशोधन ५१ संख्यामा पनि यो कुरो परेको छ ।

★ पूर्णिमा २१ पूर्णाङ्कको ५–६ पृष्ठ हेर्नुहोस् ।

† 'पूर्णिमा' १४ पूर्णाङ्कको १२६ पृष्ठ हेर्नुहोस् ।

❧ यो अभिलेख ऐ. शि. बाबुराम आचार्य र श्रीगुरु पं. नयराज पन्तद्वारा 'संस्कृत–संदेश २।१–२–३ मा छापिएको छ । नोलीद्वारा ६७ संख्याको रूपमा पनि यो छापिएको छ ।

वेला थिए भन्ने कुरा माथि उल्लिखित चीनिया ताङवृत्तान्तबाट पनि थाहा पाइन्छ । यति कुराबाट लिच्छविकालको सेनामा हात्ती घोडा चढी लड्ने सैनिक पनि थिए भन्ने कुरामा शङ्का गर्ने ठाउँ छैन भन्ने स्पष्ट छ ।

यस प्रसङ्गमा अर्को कुराको पनि विचार गर्नु आवश्यक छ । उहिले खोला तर्ने काममा हात्तीको प्रयोग गरिन्थ्यो । कवि कालिदासले रघुको विजययात्राको वर्णनको प्रसङ्गमा यो कुरा स्पष्ट देखाएका छन्—

"स तीर्त्वा कपिशां सैन्यैर्बद्धद्विरदसेतुभिः ।
उत्कलादर्शितपथः कलिङ्गाभिमुखो ययौ ।।३८।।

(रघुवंश ४ सर्ग)

[ ती रघु हात्तीको पुल बाँधी सैन्यसाथ कपिशा नदी तरी उत्कलहरूले बाटो देखाइएका छंदा कलिङ्गतिर लागे । ]

हात्तीको उपयोगिताबारे चर्चा गर्दा कौटल्यले पनि "अकृतमार्गवासतीर्थकर्म = बाटो नभएको ठाउँमा बाटो बनाउनु, वास नभएको ठाउँमा वास बनाउनु, घाट (खोला तर्ने ठाउँ) नभएको ठाउँमा घाट बनाउनु......" आदि काम हात्तीबाट हुन्छन्* भनी यस कुराको संकेत गरेका छन् ।

यस कुरामा दृष्टि दिई मानदेवको चाँगुको स्तम्भलेख पढ्यौं भने मानदेवले गण्डकी नदी तर्दा हातीबाट काम लिएका थिए कि भन्ने देखिन्छ । 'सन्नद्धैर्वरवाजिकुञ्जरशतैरन्वेमि तीर्त्वा नदीम्' यस वाक्यबाट गण्डकी नदी तर्दा हात्तीलाई साधन बनाइएको थियो भन्ने भाव झल्कन्छ ।

लिच्छविकालमा सेनाका सबभन्दा माथिल्ला अधिकारी 'महाबलाध्यक्ष' (प्रधानसेनापति) कहलाउँथे । यिनको विशेष स्थान रहन्थ्यो । मर्यादाको लागि दिइने रकम भट्टारकपाद (राजा, युवराज) सरह यिनी पाउँथे । यो कुरा हाँडिगाउँको अंशुवर्माको अभिलेखबाट थाहा पाइन्छ❁ । बूढानीलकण्ठनिरको शिवदेव + भौमगुप्तको अभिलेखमा महाबलाध्यक्ष कुलप्रवीरको, अंशुवर्माको पाटन सुनधाराको अभिलेखमा महाबलाध्यक्ष विन्दुस्वामीको र देउपाटनको नरेन्द्रदेवको पालाको अभिलेखमा महाबलाध्यक्ष रामस्वामीको उल्लेख आएको छ ।

अंशुवर्माको हाँडिगाउँको अभिलेखमा★ 'भटनायक' नामक सैनिक अधिकारीको उल्लेख

---

* 'पूर्णिमा' १७ पूर्णाङ्कको २३ पृष्ठ हेर्नुहोस् ।

❁ 'पूर्णिमा' ११ पूर्णाङ्कको १२ पृष्ठ हेर्नुहोस् ।

★ यो अभिलेख लेवीद्वारा १३ संख्याको रूपमा, नोलीद्वारा ३५ संख्याको रूपमा छापिएको छ ।

परेको छ । यीबाहेक सेनाका अरू अधिकारीहरू के कस्ता हुन्थे भन्ने कुरा थाहा पाउन सकिएको छैन ।

त्यस वेला प्रचलित हतियारहरूमध्ये धनुर्बाण, भालाको उल्लेख माथि उद्धृत नरेन्द्रदेवको अभिलेखमा परेको छ । चाँगुको अभिलेखमा मानदेवको वर्णन गर्दा "अस्त्रापास्त्रविधानकौशलगुणैः प्रज्ञातसत्पौरुषः=हतियार चलाउने र रोक्ने काममा सिपालु हुनाले सच्चा पराक्रम जाहेर भएका" भन्ने उल्लेख परेको छ । यसबाट ढाल तरबार, धनुर्बाण कवच आदिको शिक्षा मानदेवले लिएका र उनी त्यसमा सिपालु थिए भन्ने थाहा पाइन्छ । आवश्यक परेको वेलामा स्वयं राजा पनि लडाइँको मैदानमा उत्रने हुनाले राजाहरूले विशेष रूपमा अस्त्रशिक्षा लिन्थे । राजा मानदेवले आफ्नै बुबा धर्मदेवबाट अस्त्रशिक्षा लिएका थिए भन्ने वर्णन चाँगुको अभिलेखमा परेको छ* । यसबाट राजा धर्मदेव पनि अस्त्रविद्यामा निपुण थिए भन्ने बुझिन्छ । यसरी त्यस वेला राजदरबारमा अस्त्र-शिक्षा र अस्त्राभ्यासको राम्रो प्रबन्ध थियो भन्ने यताबाट झल्कन्छ ।

कोट्ट—

राष्ट्ररक्षाको लागि 'दुर्ग' (किल्ला)को पनि आवश्यकता हुन्छ । 'दुर्ग' धेरै किसिमका हुन्थे । गिरिदुर्ग, वनदुर्ग आदि अनेक किसिमका दुर्गको उल्लेख कौटलीय अर्थशास्त्र मनुस्मृति आदिमा पाइन्छ★ । ठाउँ हेरी ती विभिन्न किसिमका दुर्गको उपयोगिता रहन्थ्यो । लिच्छवि-कालमा पनि राष्ट्ररक्षाको लागि ठाउँ ठाउँमा कोट्ट (किल्ला) बनाइएका थिए । तात्कालिक अभिलेखमा धेरै ठाउँमा कोट्टको उल्लेख आएको छ ।

कोट्टभित्र बस्ती पनि हुन्थ्यो, खेती पनि हुन्थ्यो । कोट्टको सीमा निश्चित रहन्थ्यो । कोट्टको इलाकाभित्र बस्नेका लागि विशेष मर्यादा (स्थितिबन्धेज) बाँधिएको हुन्थ्यो । चाँगुको शिवदेव+अंशुवर्माको अभिलेखबाट कोट्टसम्बन्धी उक्त कुरा बुझिन्छ । विचारार्थ त्यस अभिलेखको अलिकता अंश यहाँ उद्धृत गरिन्छ—

---

* "इत्येवञ्जननीमपेतकलुषां राजा प्रणम्योचिवान्
नाम्बानृण्यमहन्तपोभिरमलैः शक्नोमि यातुम्पितुः
किन्त्वाप्तेन यथावदस्त्रविधिना तत्पादसंसेवया
यास्यामीति ततोम्बयातिमुदया दत्ताभ्यनुज्ञो नृपः"

[ यो कुरा सुन्नाले पीर हटेकी मुमा (राज्यवती)लाई राजा (मानदेव)ले ढोगेर भन्नुभयो—मुमा ! शुद्ध तपस्या गरेर म बुवाको अऋणी हुन सक्तिनं । तर उहाँका पाउको सेवा गरेर विधिपूर्वक (उहाँबाट) सिकेको हतियारको कामले अऋणी हुनेछु । तब अत्यन्त खुशी भएकी मुमाबाट आज्ञा पाएर राजा (पूर्वको बाटो लाग्नुभयो ।) ]

('इतिहास-संशोधनको प्रमाण प्रमेय'को १०५,१०७ पृ.)

★ कौटलीय अर्थशास्त्र २।३।२, मनुस्मृति ७।७०

"···भट्टारकमहाराजश्रीशिवदेवः···समाज्ञापयति···श्रीसामन्तांशुवर्म्मणा विज्ञापितेन मयैतद्बहुमानाद् युष्मदनुकम्पया चानेनैव साकं समवाय्य······ अस्मद्गुरुभिः कृतसीमनिर्णयो योयं सर्व्वकोट्टमर्यादोपपन्नत्वादचाटभटप्रवेश्यो वसतये कृषिकर्मणे च कोट्टो वः प्रतिपादित आसीद्···प्रीतमनसा मयापि पूर्वलब्धेन सहैकीकृत्य शिलापट्टकशासनमिदं वो दत्तमङ्गार·· सरलकाष्ठ···न··· कैश्चिद्विक्रेया······स्ववनादाहृत्य···सरलकाष्ठं विक्रीणतां वोवस्कराधिकृतैः··· अस्मद्गोत्रजा ये कोट्टाद् बहिरन्यत्र निवसेयुस्तेषाङ्कार्यप्रयोजने स्वकोट्टा···"

(यो अभिलेख नोलीद्वारा ३४ संख्याको रूपमा छापिएको छ ।)

[ भट्टारक महाराज श्रीशिवदेवबाट···आज्ञा भएको छ—हाम्रा पुर्खाहरूले चारकिल्ला छुट्याइएको, कोट्ट (किल्ला) का सबै स्थितिबन्धेजले युक्त भएको हुनाले चाटभटले पस्न नपाउने गरिएको यो कोट्ट तिमीहरूलाई बस्न र खेतीपाती गर्न दिइएको थियो । (हाल) श्रीसामन्त अंशुवर्माले हाम्रो हजुरमा बिन्ति चढाएका हुँदा हामीबाट उनको वचन राख्न र तिमीहरूमाथिको दयाले पनि उनीसगँ मिली······अघिदेखि पाइआएको पनि संगै गाभी खुशीसाथ यो सनद शिलापत्र गरी दिइएको छ । गोल···सल्लोको दाउरा···कसैले बेच्न लैजान पाइँदैन ।···आपनो वनबाट लगी सल्लोको दाउरा बेच्न लैजाने तिमीहरूलाई···का अधिकारीले (रोक्नू) ··कोट्टबाट बाहिर अन्त जो हाम्रा गोतियाहरू बसेका छन्, तिनीहरूलाई आवश्यक भएको वेलामा आफ्ना कोट्टबाट (लिन दिनू)···]

यस अभिलेखमा उल्लिखित कुराबाट यो कोट्ट 'वनदुर्ग' रूपको थियो भन्ने थाहा पाइन्छ। यो अभिलेख अलि खिइएको र अप्ठ्येरो ठाउँमा रहेको हुनाले राम्ररी पढ्न सकिएको छैन* । तैपनि 'यहाँको वनबाट दाउरा लगी बेच्ने, गोल बनाई बेच्ने काम गर्न पाइँदैन; राजपरिवारलाई आवश्यक परेको बेलामा मात्र काठ लिन पाइन्छ आदि कुरा यस अभिलेखमा परेका हुनाले यो कोट्ट 'वनदुर्ग' रूपको थियो भन्ने निश्चय गर्न सकिन्छ । पछि मल्लकालसम्म पनि यहाँ 'वनदुर्ग' थियो । लिच्छवि शासककै स्थितिबन्धेजको अनुसरण गरी मल्ल राजाहरूले पनि 'वनदुर्ग'को रक्षाको लागि व्यवस्था बाँधी राखेका ताम्रपत्र यता पाइन्छन् । उदाहरणार्थ चाँगुको जगज्जयमल्लको ताम्रपत्रको अलिकता अंश यहाँ उद्धृत गरिन्छ—

"······मयजलगामं पश्चिम चगुंनं पूर्व्व एतागु दानास थ्वते थासस सुयातं छें स्वयकाव तयमदु. थ्वते थासस सुनानं सि कायके मदु. सको चगुंया पंच आदिन देसालपनिसेन, खस मगल ब्राह्मन चेल भ्वातिनसनं

* यसको बढी भाग पढ्न सकिन्छ कि भनी हामीहरू (रामजी, देवीप्रसाद, धनवज्र, दिनेशराज) हालै फेरि चाँगुनारायणस्थान पुगेका थियौं । तर बढी पाठ पढ्न सकिएन ।

थ्वगुलि थासस सि कायाव खप्वस मिलवनेमदु…सि मिलओङ्ह्मयाके कटं★ ८ राजदंड काय जुलो. सकोया पनिसेनं चगुंया पनिसेन थ्वगुल गुंस राजस फोङाव गङगुल सि काय दु. प्याक सि धेनेमदू. सि ह्माया छातथें जुको कायदु."

[ मयजल गाउँदेखि पश्चिम, चांगुदेखि पूर्व यति वन डाँडाभित्र कसैलाई पनि घर बनाउन नदिनू । यस ठाउँबाट कसैले पनि दाउरा लिन लाउन हुँदैन । साँखु चांगुका पञ्च आदिले, देसाल (जातिविशेष)हरूले, खस मगर ब्राह्मण चाकर चाकर्नीहरूले यस ठाउँबाट दाउरा लिएर भादगाउँमा बेच्न लान पाउँदैनन् । दाउरा बेच्न जानेलाई आठ रुपिया राजदण्ड लाग्छ । साँखुका र चाँगुका बासिन्दाहरूले राजासंग साधेर मात्र यस ठाउँबाट सुकेको दाउरा लिन पाउँछन् । काँचा दाउरा काट्न पाइँदैन। पहिलेको दस्तूरअनुसार मात्र दाउरा लिन पाइन्छ ।]

(ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको ६६ पृ.)

यसै गरी स्वयम्भू, साँखु वज्रजोगिनी, गोकर्ण, चोबहार. कीर्तिपुर आदि ठाउँमा मध्यकालमा 'वनदुर्ग' थिए । शत्रु बस्तीभित्र पस्न समर्थ भए भने त्यहाँका बासिन्दाहरू रसदपानी लुकाई यस्तै 'वनदुर्ग' भित्र पसी आत्मरक्षा गर्दथे । यस्तो अवस्थामा वनदुर्गको उपयोगिता बढी रहन्थ्यो । मध्यकालको नेपालको इतिहासमा यस्ता घटनाका उदाहरण पाइन्छन्* । 'वनदुर्ग' को उपयोगिताको चर्चा गर्दा आचार्य कौटल्यले पनि "**वनदुर्गम्‥ आपदयपसारो वा** २।३।३ आपद्

---

★ 'कटं = टंका' शब्दले रुपिया (दुइ मोहर)लाई बुझाउँछ । नेवारी भाषामा अहिलेसम्म पनि एक रुपिया, दुइ रुपिया…भन्नुपर्दा 'छ तका' 'नि तका' भन्ने चलन चलिरहेको छ । नेवारी भाषामा नेवारी अक्षरमा लेखिएको एउटा तमसुकबाट यो कुरा स्पष्ट खुल्छ—

**"सम्वत् ९८८ म्ति भाद्र शुदि ११ स यल चालाछेया कायचा विश्वधरं चक्रधर ककायात चोया बिया. वावत छेषर्चयात ओ साहु पुल्यत कया तका ५०‥ मोह सछि दाम बियमाल जुल."**

(शङ्करमान राजवंशीको संग्रहबाट)

[ने. सं. ९८८ (वि. सं. १९२५) भाद्र शुक्ल एकादशीको दिन पाटन चालाछें भन्ने भतिजा विश्वधरले काका चक्रधरसंग घर खर्च गर्न र साहू तिर्न ५० रुपिया (१०० मोहर) लिएको हुनाले सो तिर्छु भनी यो लेखिदिइएको छ । ]

मछिन्द्रबहालको 'शान्तिसफु' को यस वाक्यबाट पनि यो कुरा खुल्छ—

**"मिति चगुला गा ७ स ‥कमि ह्म ८ ज्याला दर सुका–१. तका २."**

[ चैत्र कृष्ण सप्तमीको दिन…८ जना कर्मीलाई जनही १ सुकाको दरले २ रुपिया ज्याला दिइयो । ]

* 'ऐतिहासिक पत्र-संग्रह' दोस्रो भागको ६५ पृष्ठ हेर्नुहोस् ।

आइपरेको वेलामा यस्ता वनदुर्गभित्र पस्दा सुबिधा पर्छ" भनी यस कुराको उल्लेख गरेका छन्।

बाटामा ठाउँ ठाउँमा कोट्ट बनाइएका हुन्थे । यस्ता कोट्टको उपयोगिता राष्ट्ररक्षाको साथै ऐनकानूनविरुद्ध काम गर्ने अपराधीलाई समात्ने काममा पनि हुन्थ्यो । केही गरी अपराधी भाग्यो भने यस्ता कोट्टका अधिकारी (कोट्टनायक) लाई सूचित गरेर अपराधी पक्रने काम गरिन्थ्यो । यो कुरा सतुङ्गल र पाटन मीननाथको अभिलेखलाई जोडी पढ्यौं भने हामी थाहा पाउँछौं । ती दुइ अभिलेखका अलिकता अंश यस प्रकारका छन्—

"...युष्मद्ग्रामनिवासिनामितः काष्ठघासपत्राहरणाय सर्व्वत्र वनभूमिङ्गच्छतान्तदादायागच्छताञ्चाध्वनि फेरङकोट्टनिवासिभिरन्यैश्च न कैश्चिद् दात्रकट्टारककुठारकाष्ठाद्याक्षेपो विधारणा वा कार्य्या"

(सतुङ्गलको अभिलेखबाट । नोलीद्वारा २८ संख्याको रूपमा यो छापिएको छ । 'राष्ट्रिय अभिलेखालय' मा रहेको प्रतिलिपिबाट यसको शुद्ध पाठ पढ्न मद्दत भएको छ ।)

[...तिमीहरूको गाउँमा बस्नेहरू यताबाट दाउरा घाँस पात लिन सबैतिर जङ्गलमा जाँदाखेरि र ती लिएर आउँदाखेरि पनि बाटोमा फेरङ कोट्टका बासिन्दाहरूले र अरू कसैले पनि हँसिया, कटारी, बञ्चरो र काठपात नखोस्नू, छेकथुन पनि नगर्नू ।]

"...विधमिममपराधं कृत्वा प्रपलायितः कोट्टस्थानम्...निवेद्य यथापूर्वमनुष्ठातव्यम् ।...गृहीत्वा राजकुलमुपनेतव्याः"

(पाटन मीननाथको अभिलेखबाट । भगवान्लाल द्वारा १४ संख्याको रूपमा, नोलीद्वारा ८० संख्याको रूपमा यो छापिएको छ ।)

[...किसिमको यो अपराध गरेर भाग्यो भने कोट्टका...जाहेर गरी साबिकबमोजिम गर्नु ।... समाती राजदरबारमा ल्याउनू ।]

पछि मध्यकालको इतिहासमा यस्ता कोट्टको अझ बढी स्थान रहेको थियो । मूल (केन्द्र)को शासनमा कमजोरी देखापरेको मौका छोपी ठाउँ ठाउँका कोट्ट (क्वाठ) नायकहरू बराबर विद्रोह गरिरहन्थे । गोपालराजवंशावलीमा यस्ता अनेक घटनाको चर्चा परेको छ ।

कोट्टका बासिन्दालाई अन्तका बासिन्दालाई भन्दा बढी सुबिधा दिइएको हुन्थ्यो । यसै हुँदा सुबिधा दिई विर्त्ता, जग्गा आदि दिंदा पनि 'कोट्टमर्यादोपपन्न=कोट्टको जस्तै स्थितिबन्देजले युक्त भएको' भनी उल्लेख गरिएको पाइन्छ । जस्तै—

"...भट्टारकमहाराजश्रीवसन्तदेवः...ब्राह्मणपुरस्सरान्...ग्रामकुटुम्बिनः... समाज्ञापयति...(अस्माभि)रायुष्मत्यै प्रियभगिन्यै जयसुन्दर्य्यै स्वसन्तानानुक्रमेण सुस्थितकोट्टमर्य्यादः अचाटभटप्रवेश्योयं ग्रामोतिसृष्टो तदेवम्वि-

दित्वात्रभवद्भिः… …समुचितभागभोगकरपिण्डकदानादिभिरुपकुर्व्वद्भिरनया पाल्यमानैराज्ञाश्रवणविधेयैः सुखं प्रतिवस्तव्यम्."

(थानकोटको अभिलेखबाट । 'पूर्णिमा' १४ पूर्णाङ्कको १२५–२६ पृ.)

[ भट्टारक महाराज श्रीवसन्तदेवबाट…ब्राह्मणलगायत…गाउँका गृहस्थीहरूलाई आज्ञा भएको छ ।…हामीबाट प्यारी बहिनी नानी जयसुन्दरीलाई सन्तानदरसन्तान भोग गर्न पाउने गरी, कोट्टसम्बन्धी स्थितिबन्धेजले युक्त पारी, चाटभटले पस्न नपाउने गरी यो गाउँ दिइएको छ ।… यो कुरा थाहा पाई तिमीहरूले…साबिकबमोजिम भाग, भोग, कर, पिण्डक आदि यिनीलाई बुझाई यिनीले लाए अह्राएको काम गरी, यिनीद्वारा नै हेरचाह गरिएका छँदा सुखसंग बस्नू ।]

"…अयङ्ग्रामः पूर्वराजकृतप्रसादात्…(चाट)भटाप्रवेश्यः सर्व्वकोट्ट-मर्यादोपपन्नः…तेभ्यश्च…प्रसादद्वयं समधिकन्दत्तं"

(धरमपुरको अभिलेखबाट । 'पूर्णिमा' १८ पूर्णाङ्कको १०६ पृ.)

[ यो गाउँ अघिका राजाबाट भएको निगाहअनुसार चाटभटले पस्न नपाउने, कोट्टसम्बन्धी सबै स्थितिबन्धेजले युक्त गरिएको थियो ।…तिनीहरूलाई…बढी दुइटा निगाह गरिएका छन् ।]

"…भट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली भविष्यतो नेपाल-राजान्सम्यक्प्रतिमान्यानुदर्शयति…दक्षिणकोलीग्रामद्रङ्गस्य तदेव भुवनेश्वर-देवकुलं…त्रिभिः…ग्रामैरेभिरग्रहारत्वेनोत्सृष्टैश्चाटभटाप्रवेशैः सर्वकोट्टमर्यादा-स्थितिमद्भिश्च सहितं प्रतिमुक्तम्"

(यङ्गालहिटीको अभिलेखबाट । 'पूर्णिमा' १८ पूर्णाङ्कका १०७-८ पृ.)

[…गाथमा आराम रहेका भट्टारक महाराजाधिराज श्रीनरेन्द्रदेवले पछि हुने नेपालका राजाहरूलाई राम्ररी सन्मान गरेर बाटो देखाउनुभएको छ ।…दक्षिणकोलीग्रामद्रङ्गलाई…बिर्ता गरी दिइएका, चाटभटले पस्न नपाउने, कोट्टसम्बन्धी सबै स्थितिबन्धेजले युक्त भएका…यी तीन गाउँ सहित त्यही भुवनेश्वर देवमन्दिर सुम्पिदिइएको छ ।]

यसै गरी अरू अभिलेखमा पनि यस्तो उल्लेख पाइन्छ । कोट्टका बासिन्दालाई के कस्तो सुविधा दिइएको हुन्थ्यो, यो कुरा खुलस्त रूपमा थाहा पाउन सकिएको छैन । माथि उद्धृत अभिलेखमा 'सर्वकोट्टमर्यादोपपन्नत्वादचाटभटप्रवेश्यः' भन्ने उल्लेख परेको हुनाले कोट्टका बासिन्दाले पाउने सुविधामध्ये एक सुविधाचाहिं कोट्टभित्र चाटभटनामका अधिकारीले पस्न नपाउने गरिएको थियो भन्ने थाहा पाइन्छ । 'भाग' (जग्गा हेरी अन्नको पैदावारको ६ भागको १ भाग, ८ भागको १ भाग, १२ भागको १ भाग आदि रूपमा लिइने पोता) उठाउन जाने सैनिक रूपका

सरकारी कर्मचारी 'चाटभट' कहिन्थे★ । यसबाट लिच्छविकालमा कोट्टका बासिन्दाहरूउपर सरकारी मालपोत मिनाहा गरिएको हुन्थ्यो भन्ने देखिएको छ ।

-★-

# आचार्य कौटल्य र श्री ५ पृथ्वीनारायण शाह

**–गौतमवज्र वज्राचार्य**

तस्य समन्ततो मण्डलीभूता भूम्यनन्तरा अरिप्रकृतिः ।।१७।। तथैव भूम्येकान्तरा मित्रप्रकृतिः ।।१८।। अरिसम्पद्युक्तः सामन्तः शत्रुः ।।१९।। व्यसनी यातव्यः अनपाश्रयो दुर्बलाश्रयो वोच्छेदनीयः ।।२०।। विपर्यये पीडनीयः कर्शनीयो वा ।।२१।। इत्यरिविशेषाः ।।२२।। तस्मान्मित्रमरिमित्रं मित्रमित्रम् अरिमित्रमित्रं चानन्तर्येण भूमीनां प्रसज्यते पुरस्तात् ।।२३।। पश्चात् पार्ष्णिग्राह आक्रन्दः पार्ष्णिग्राहासार आक्रन्दासार इति ।।२४।।

(कौटलीय अर्थशास्त्र ६।२।)

[विजिगीषु (मुलुक बढाउन चाहने) राजाको राज्यको वरिपरि रहेका सीमाना जोडिएका राज्य शत्रुप्रकृति कहिन्छन् । त्यसै गरी शत्रुप्रकृति राज्यभन्दा पल्तिरका विजिगीषुको राज्यसँग सीमाना नजोडिएको राज्य मित्रप्रकृति कहिन्छन् । शत्रुका गुणले* युक्त भएका, सीमाना जोडिएका

★ १. 'चाटभट' शब्दको अर्थ पहिले हामीले निश्चित गर्न सकेका थिएनौं । यसै हुँदा पहिले हामीले यसको अर्थ 'पुलीस र सिपाही' भनी छपाएका थियौं । (इतिहास–संशोधनको प्रमाण प्रमेय' को ५६ पृष्ठ तथा 'पूर्णिमा' ६ पूर्णाङ्कको १२ पृष्ठ) तर नेपालका र भारतका अभिलेख राम्ररी केलाई हेर्दा यो अर्थ अशुद्ध देखिएको छ । 'चाटभट' को विषयमा सप्रमाण विचार पछि गरिनेछ ।

* अरिसंपत् अर्थात् शत्रुको गुणको व्याख्या कौटल्यले आफैले यसरी गरेका छन्—

अराजबीजी लुब्धः क्षुद्रपरिषत्को विरक्तप्रकृतिरन्यायवृत्तिरयुक्तो व्यसनी निरुत्साहो दैवप्रमाणो यत्किञ्चनकार्यगतिरननुबन्धः क्लीबो नित्यापकारी चेत्यमित्रसम्पत् ।।१३।। एवं भूतो हि शत्रुः सुखः समुच्छेत्तुं भवति ।।१४।।

(कौटलीय अर्थशास्त्र ६।१)

शत्रुप्रकृति राज्यका राजा व्यसनमा परेका छन् भने उनलाई हमला गर्नु उचित हुन्छ । आडपैंरोको बन्दोबस्त छैन अथवा भएको आडपैंरो पनि मजबूत छैन भने उनलाई उनको राज्य-बाट उखेल्न सकिन्छ । यदि उखेल्न सकिने परिस्थिति छैन भनें ती शत्रु राजालाई हानि हुने

[ राजकुलमा नजन्मेका, लोभी, वरिपरि छोटा मानिसहरूले घेरिएका, दुनियाँलाई प्रसन्न पार्न नसकेका, अन्याय गर्ने, अयोग्य, व्यसन★ भएका, उद्योग नगर्ने, भाग्यमा भरपर्ने जे पायो उही काममा लाग्ने, आफूले उठाएको काममा निरन्तर नलाग्ने, धैर्य नभएका, हरवखत दुःख दिइरहने यस्ता राजा विजिगीषुको लेखा शत्रुगुणले युक्त भएका मानिन्छन् । यस्ता राजालाई सजिलैसँग उखेल्न सकिन्छ । ]

★ व्यसन शब्दको व्याख्या कौटलीय अर्थशास्त्रमा यसरी गरिएको छ—

दैवं मानुषं वा प्रकृतिव्यसनं···संभवति ।।२।। गुणप्रातिलोम्यमभावः प्रदोषः प्रसङ्गः पीडा वा व्यसनम् ।।३।।

(कौटलीय अर्थशास्त्र ८।१)

[ व्यसन दुइ प्रकारका हुन्छन् दैवबाट हुने व्यसन र मानिसबाट हुने व्यसन । व्यसन भनेको हुनुपर्ने गुणको उल्टो गुण हुनु अथवा हुनुपर्ने गुन नहुनु दोष❀ (रीस र मोजमजाबाट हुने दोष)हरू बढ्नु कुनै कुरामा लग्गू हुनु र पीडा❁ हुनु हो ।]

❀ अविद्याविनयः पुरुषव्यसनहेतुः ।।१।। कोपजस्त्रिवर्गः ।।४।। कामजश्च श्चतुर्वर्गः ।।५।।...वाक्पारुष्यमर्थदूषणं दण्डपारुष्यमिति ।।२९।। इति कोपजस्त्रिवर्गः ।।४०।। कामजस्तु ।।४१।। मृगया द्यूतं स्त्रियः पानमिति चतुर्वर्गः ।।४२।।

(कौटलीय अर्थशास्त्र ८।३।)

[ शास्त्रअनुसार नचल्नु नै मानिसबाट हुने व्यसनको कारण हो । रीसबाट हुने दोष तीन प्रकारका हुन्छन् । काम (मोजमज्जा)बाट हुने दोष चार प्रकारका हुन्छन् । बिझ्ने कुरा बोल्नु, धनहानि गरिदिनु कडा सजायँ दिनुलाई रीससम्बन्धी दोष भन्छन् । शिकार खेल्नु जुवा खेल्नु स्वास्नीमान्छेमा भुल्नु रक्सी आदि मादक पदार्थको सेवन गर्नुलाई काम (मोजमज्जा)सम्बन्धी दोष भन्छन् । ]

❁ दैवपीडनमग्निरुदकं व्याधिर्दुर्भिक्ष मरक इति ।।१।।

(कौटलीय अर्थशास्त्र ८।४)

[ दैवपीडा भनेको आगलागि हुनु, बाढी आउनु, रोग लाग्नु, अनिकाल पर्नु, मरक (महामारी) फैलिनु हो । ]

काम गरिरहनुपर्छ तथा उनको शक्ति घटाउने कोशिस गरिरहनुपर्छ । शत्रु प्रकृतिराज्यको सम्बन्धमा विशेष विचार गर्नुपर्ने कुरा यिनै हुन् । विजिगीषु राजाको राज्यका अघिल्तिरका अर्थात् जतापट्टि आक्रमण गरिने हो त्यतातिरका राज्यहरू क्रमश शत्रु, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र भनिन्छन् । विजिगीषु राजाका राज्यका पछिल्तिरका अर्थात् आक्रमण गरिने जुन दिशा हो त्यसको विपरीत दिशामा रहेका राज्यचाहिं क्रमशः पार्ष्णिग्राह, आक्रन्द पार्ष्णिग्राहासार आक्रन्दासार भनिन्छ । ]

कामन्दकीयनीतिसारमा कौटल्यको वाक्यको अनुवाद यसरी गरिएको छ—

अरिर्मित्रमरेर्मित्रं मित्रमित्रमतः परम् ।
तथारिमित्रमित्रञ्च विजिगीषोः पुरःस्थिताः ।।१६।।
पार्ष्णिग्राहः स्मृतः पश्चादाक्रन्दस्तदनन्तरम् ।
आसारावनयोश्चैव विजिगीषोस्तु पृष्ठतः ।।१७।।

(८ सर्ग)

[विजिगीषु राजाको राज्यका अर्थात् आफूले आक्रमण गर्न लागेको दिशाका राज्यहरू क्रमश शत्रु, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र भनिन्छन् । यसै गरी विजिगीषु राजाको राज्यका पछिल्तिर रहेका अर्थात् आक्रमण गरिने दिशाको विपरीत दिशामा रहेका राज्यहरू क्रमशः पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहासार, आक्रन्दासार भनिन्छन् । ]

राजनीतिको उपर्युक्त परिभाषाअनुसार गोरखाले आफ्नो पूर्वतिर रहेको नेपालउपत्यकाका मल्लराजाहरूको राज्यमा आक्रमण गर्न खोज्दा गोरखाको पश्चिमतिर रहेको लम्जुङ राज्य गोरखाको पार्ष्णिग्राह राज्य हुन्छ । पार्ष्णिग्राहभन्दा पनि पछिल्तिरको कास्कीचाहिँ गोरखाको आक्रन्द राज्य हुन आउँछ ।

लम्जुङ गोरखाभन्दा बढी शक्तिशाली थियो तथा काठमाडौंका मल्लराज्य गोरखाभन्दा कम शक्तिशाली थिए । यो कुरा पृथ्वीनारायण शाहले बुझेका थिए । यस कारण उनको उपदेशमा यस विषयमा यस्तो उल्लेख पाइन्छ—

"लमजुन् भन्याको गरुड हो, गोर्षा भन्याको सरप हो नेपाल भन्याको भ्यागुतो हो, अघी गरुडको आषा छलनु तव सर्पले भ्यागुतो षान पाउँछ ।"

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ३१८ पृष्ठबाट)

गोरखाको यो स्थिति हुनाले पृथ्वीनारायणले लम्जुङसँग सन्धि गरी नेपाल उपत्यकाका मल्ल राजाहरूको राज्यमा हमला गर्नु उचित संझे । लम्जुङसँग भएको सन्धिको विषयमा उपदेशमा पृथ्वीनारायणले यस्तो बोलेका छन्—

"लम्जुंग्या राजा रिपुमर्दन्साहसित भेट गर्न भनि गयां र चेपेघाटमा भेट भयो र घाहा

थ(घ)रेसका वात गर्दा जौना कुराले घाहा वाधुला भंने जढ कुरो मेरा पेटमा थियो सोहि जढ कुरो कालुपाडेले गर्‍यो र घाहा बलियो बस्यो ।"

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ३१८ पृष्ठबाट)

आफुभन्दा बलियो लम्‌जुङराज्यसँग गोरखाले गरेको यो सन्धि राजनीतिका आचार्यहरूको विचारसित अनुकूल थियो । कौटल्यले यस विषयमा यस्तो बोलेका छन्—

परस्माद्धीयमान: संदधीत ।।१२।। अभ्युच्चीयमानो विगृह्वीयात् ।।१३।।

(कौटलीय अर्थशास्त्र ७।१)

[ अरुभन्दा आफ्नो शक्ति कम छ भने सन्धि गर्नू । अरूभन्दा आफ्नो शक्ति बढी छ भने विग्रह गर्नू । ]

राजनीतिको यही सिद्धान्तअनुसार गोरखाले लम्‌जुङसँग सन्धि गरी नेपालउपत्यकाको राज्यतिर बढेको देखिन्छ । यस विषयमा महाभारतमा पनि यस्तो लेखिएको छ—

यदा तु हीनं नृपतिर्विद्यादात्मानमात्मना ।
अमात्यै: सह संमन्त्र्य कुर्यात् सन्धि बलीयसा ।।१४।।
अज्ञायमाने हीनत्वे सन्धि कुर्यात् परेण वै ।
लिप्सुर्वा कञ्चिदेवार्थं त्वरमाणो विचक्षणः ।।१५।।

(शान्तिपर्व ६९ अध्याय)

[जब त शत्रुभन्दा आफु फौजमा पनि धनमा पनि बन्दोवस्तहरूमा पनि कम् भया जस्तो लाग्दछ भने आफ्ना मन्त्रीहरूसँग सल्लाहा गरी राजाले शत्रुसँग केही मतलब् सिद्ध गर्नु छ भने बुद्धिमान् राजाले चाँडै नै मेल गर्नु. ]

(राजधर्म २२९ पृष्ठबाट, श्री ५ पृथ्वीनारायण शाहको उपदेशका १२८८–८९ पृष्ठमा यो अंश उद्‌धृत गरिएको छ)

गोरखा र लम्‌जुङको यस सन्धिमा गोरखाले सिन्धु पश्चिमको राज्य खाने लम्‌जुङले अर्घौं पर्वतको राज्य खाने तथा आफुसमा सैनिक सहायता गर्ने भन्ने कुरा परेको थियो । यो कुरा भाषावंशावलीमा यसरी लेखिएको छ—

"लम्‌जुङसित दोहोरो चिठी खुला भएपछि काजी कालुपाँडेलाई लिईकन महाराज सिमानामा पाउ लाग्नुभयो । लम्‌जुङे राजा (रिपुमर्दन शाह) पनि आफ्ना साहेब र चौतरियालाई साथ लिई आया । दुइ जनाको भेट गरी सिन्धु पश्चिमको राज्य लमजुङले चढाया । महाराजबाट पनि अर्घौं पर्वतको राज्य बक्सनुभयो । मैले काज गर्दा खेरि तिमीले सर्दारसमेत मानिस पठाउनू । तिमीले काज गर्दा मैले सर्दारसमेत मानिस पठाउँला भनी यस कुराका दोहोरो बलियो गरी घा गर्नुभयो । वंशराज पाँडेको र लमजुङे साहेब वीरमर्दन शाहको मित्यारी गर्नू

भनी दोहोरो मर्जी भयो र मित्यारी गरी फिर्नु भयो ।

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ७०७–७०९ पृ.)

पार्ष्णिग्राहसँग यसरी सन्धि गरेर अर्को देशमा आक्रमण गर्नु सन्धायगमन भनिन्थ्यो । शुक्रनीतिमा यस विषयमा यस्तो लेखिएको छ—

सन्धायान्यत्र यात्रायां पार्ष्णिग्राहेण शत्रुणा ।
सन्धायगमनं प्रोक्तं तज्जिगीषोः फलार्थिनः ।।२५८।।

(४ अध्याय ७ प्रकरण)

[सफल हुन चाहने विजिगीषुले पार्ष्णिग्राह शत्रुसँग मिलेर अरू देशमा आक्रमण गर्न जानू यस किसिमको सन्धिलाई सन्धायगमन भन्दछन् । ]

सन्धायगमन कस्तो परिस्थितिमा गर्नुपर्दछ भन्ने विषयमा कौटल्यले यस्तो बोलेका छन्—

यदा वा फलमेकहार्यमल्पकालं पश्येत् तदा पार्ष्णिग्राहासाराभ्यां विगृह्य यायात् ।।३३।। विपर्यये सन्धाय यायात् ।।३४।।

(कौटलीय अर्थशास्त्र ७।४)

[आफूले चाहेको कुरा एक्लैले आक्रमण गरेर थोरै समयमा हात लागिहाल्ने छ भने पार्ष्णिग्राह र पार्ष्णिग्राहासारसँग तोडफान गरेर भए पनि हमला गर्न जानू । एक्लैले काम नपट्ने जस्तो भए पार्ष्णिग्राह र पार्ष्णिग्राहासारसँग सन्धि गरेर हमला गर्न जानू । ]

कामन्दकीयनीतिसारमा पनि पार्ष्णिग्राहको विचार गरेर मात्र लडाईं गर्न जानू भनिएको छ—

इति चेति च संपश्यन् कालदेशसहायवान् ।
विशुद्धपार्ष्णिः सद्वस्तु समाक्रामेन्न चापलात् ।।५५।।

(१२ सर्ग)

[देशकाल अनुकूल पारी मद्दतगारको बन्दोवस्त गरी सबै कुरामा विचार गरी पछिल्तिर-बाट आउने शत्रुदेखि निर्धक्क भई असल कुराको लागि हडबड नगरीकन आक्रमण गर्नू । ]

काव्यहरूमा पनि पछिल्तिरबाट हमला गर्ने शत्रुदेशबाट आफ्नो रक्षा गरेर मात्र राजा-हरूले दिग्विजयको लागि प्रस्थान गरेको वर्णन पाइन्छ—

स गुप्तमूलप्रत्यन्तः शुद्धपार्ष्णिरयान्वितः ।
षड्विधं बलमादाय प्रतस्थे दिग्जिगीषया ।।२६।।

(रघुवंश ४ सर्ग ।)

[ राजधानी र छेउछाउका गढ किल्ला मजबूत पारी पछिल्तिरबाट आउने शत्रुदेखि रक्षाको बन्दोबस्त गरेर दैव अनुकूल भएका* रघु दिग्विजय गर्ने इच्छाले ६ किसिमको फौज लिएर हिंडे । ]

पार्ष्णिग्राह राज्यलाई अनुकूल वनाउन आक्रन्द राज्यको परिस्थिति बुझ्नु पनि आवश्यक हुन्छ । मनुस्मृतिमा यस विषयमा यस्तो लेखिएको छ—

पार्ष्णिग्राहं च संप्रेक्ष्य तथाक्रन्दं च मण्डले ।
मित्रादथाप्यमित्राद् वा यात्राफलमवाप्नुयात् ।।२०७।।

(७ अध्याय)

[ पार्ष्णिग्राह राज्य र आक्रन्द राज्यको परिस्थिति बुझी लडाइँ खेली शत्रुराज्य अथवा मित्रराज्यबाट आफ्नो लाभ हुने काम गर्नू । ]

यो कुरा पृथ्वीनारायणशाले आफ्नो स्वाभाविक प्रतिभाद्वारा बुझेका थिए । यसैले पण्डित राजीवलोचनलाई पठाएको पत्रमा उनी यस्तो लेख्दछन्—

"उप्रान्त गोर्खा चित्ति कास्किले अर्को ठाउँ कहाँ जानु छ भनि जहा हाम्रा धनिछेउँ विन्ति गर्‍याँ भनि लेखनुभएछ, तहाँ भाइका पाउमा भलो विन्ति गर्नुभएछ योग्यै हो. कास्किलाई छोडि गोर्खाले काहा जानु छ. गोर्खालाई छोडि कास्किले पनि कहा जानुछ. आज कास्किबाट काज भएन तापनि काल्ह कास्किबाट काज भै गोर्खाको बनला. आज गोर्खाबाट काज भएन तापनि काल्ह गोर्खाबाट काज भइ कास्किको बनला, परन्तु गोर्खाको र कास्किको रेषजोष गर्नु. ढुंगो हो. आज काज भएन तपनि काल्ह होला. कामले लामु छोटो पर्‍या पनि लंजुं घटाइ भाइको काज बनाउन्यै आकांछा छ."

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ९३४ पृष्ठबाट)

यही भावको पत्र पृथ्वीनारायणले कास्कीमा रहेका आफ्ना दूत गङ्गाधर पन्तलाई पनि लेखेका थिए:—

"काज गर्ने आटचार्‍यां. ताहाबाट ढिल् हुदा जाहा काज अट्क्यो. गयाको पक्षमा काज भयेन तापनि आउदा पक्षमाहा काज आट्टया तताबाट पनि काज गर्‍या जावस्. भनि विन्ति गरी पठाइछस परंतु जाहा साषु चागु महा काज गर्छौ तस् कारण एताबाट बलीयो गरी काज् हवैन तताबाट

---

* कौटलीय अर्थशास्त्रमा अय शब्दको व्याख्या यसरी गरिएको छ—

अदृष्टकारितं दैवम् ।८। तस्मिन्निष्टेन फलेन योगोऽयः ।।९।। अनिष्टेनानयः ।।१०।।

(६।२)

[ अदृश्य कारणबाट भएको कुरोलाई दैव भनिन्छ । दैवबाट भएको कुरो आफूलाई अनुकूल भयो भने अय हुन्छ, दैवबाट भएको कुरो आफुलाई अनुकूल भएन भने अनय हुन्छ । ]

भाइका पाउले काज गर्‍या एताबाट पनि हेरिरहोइनौं, जो सकौला सो काज गरौला एस्तै तरहसित भाइका पाउमाहा विन्ति गर.

(ऐ. शि. बाबुराम आचार्यको "श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी" का ६९८–९९ पृष्ठबाट)

—★—

# स्वामीमहाराज रणबहादुर शाहको वि. सं. १८६२ को बन्दोबस्त

**—दिनेशराज पन्त**

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादुरसमसेरजङ्गदेवानां सदा समरविजयीनाम्**

**आगे सुबा माधौ साहि श्रीनाथ पंथ जगन्नाथ घिमीर्‍या रामसुन्दर थापा गजाधर पंथ कृष्णानन्द लोहनी कृष्णानन्द पाध्या रामचन्द्र थपलिया रामचन्द्र सिवाकोटी श्रीविलास पाध्या कर्नविर अधिकारी हरिनारायन् डोट्याल राधावल्लभ पाध्या श्रीकृष्ण पंथके कनका-तिष्टा-पश्चिम महाकालीपुर्व येति राज्यभरमा राहा❀ न्या* पारी कसैको मोहब्बत❦ पछि नलागी घुस पेसकि★ नषाई हाम्रा नीमक्को◊ सोझो चिताई गर्ना काजको सबाल† गरीबक्स्यौं. सवालबमोजिमको जाच गर. एति राज्येभित्रका छोटा बडा मानिसले तिमिहरुको नालीस चुगली कसैले विंति गर्न आया एकहोरो कुरा सुनेनौ. दोहोरो कुरा सुनी जस्को तकसिर§ ठहर्ला. तसलाई तकसिरमाफिक् तम्बीह❁ गरौला. आपना षातीरजम्मासित ▱ जाच गर.**

---

❀राहा (फारसी राह) = नियम । *न्या (संस्कृत न्याय) = न्याय । ❦मोहब्बत (अरबी मुहब्बत) = प्रेम । ★पेसकी (फारसी पेशगी) = काम गराउन पहिलेबाटै दिएको रकम । ◊नीमक् = मालिकबाट पाएको खानादाना । †सबाल (अरबी) = अड्डा अदालतका ऐन कानून-अन्तर्गत बनेको गियम ।

§तकसिर (अरबी तकसीर) = अपराध । ❁अरबी भाषाको शब्द तम्बीहको अर्थ चेतावनी भन्ने हुन्छ । यस कारण यहाँ "तम्बीह गरौंला" को अर्थ दण्ड दिएर चेताउँला भन्ने हो । ▱षातीरजम्मा (अरबी खातिर जमऽ) = विश्वास । षातीरजम्मासित = निर्धक्क भई ।

## तपसील

१ सवाल।। ६० साल फागुणदेषि वढो ◊ कसैले कसैछेउ घुस षायाको भया कायल मुकाल गरि घुसको तेबर डंड गर्नु. ६० सालदेषि अघि घुस षाई राजाको गीराई नोकसान पाऱ्याको भया बुझि काएल मुकाएल गरि षान्यालाई घुसको तेबर लिनु.— १

२ सवाल. कसैले बेतकसिर बेहुकुम घरवटिलाई ऊठाई घर अम्बल* गऱ्याको भया सहि साच हेरि घरवटिलाई घर थामिदिनु. घरमा बस्न्याले घर बनायाको मरमत र घरको भाडा जाचि बुझि बाकी रह्याको भाडा घरवटिलाई दिलाईदिनु. घरवटिबाट सलामी★लि दर्बार दाषिल गर्नु.— २

३ सवाल. कस कस भारा ❧ अम्बालिले‡ सर्कार दाषिल हुन्या कलम रकम सिर्तो† विना-हुकुम छाडीदियाको घुस षाई नाता हेरि माया मोह राषी घटायाको दबायाको बिचमा षायाको रहेछ. सो षसोषास बुझि लेषि लि हाम्रा हजुर दाषिल गर्नु.— ३

४ सवाल. विनाषत❀ विना हाम्रा मर्जिले प्रजापुत्र मास्न्यालाई ▱ डंड गर्नु. मसीयाकालाई छोडाईदिनु.— ४

५ सवाल. बिह्लौटा ▒ बिह्लौन्याले ❉ बिह्लाई ※ बट करार पुग्याको ☙ बिह्लौटाको पुर्जि गरि कम्पनीमा भर्ना गर्नु△. बिह्लौटा बिह्लाऊछौ भनि मुचलका ⊙ लेषि मोहर卐 लेगी सर्कारको जगा बाझो राषन्यालाई बेवरा बुझि कसैले नअडबकाई बाझो राष्याको भया षेत १ को ६ २५ रूपैयाका हिसाबले वर्षवर्षका वालि बुझिलिनु.— ५

---

◊ वढो = पछि । *अम्बल (अरबी अमल) = अधिकार । ★सलामी (अरबी सलाम + ई) = जागीरदार, ठेकदार आदिसँग सरकारले कट्टा गरी लिने रकम । ❧भारा (संस्कृत भार) = अधिकारी । ‡अम्बालि (अरबी अमल) = बडाहाकिम । †सिर्तो = रजौटाले तिर्ने रकम । ❀षत (प्राकृत खत = संस्कृत क्षत) = अपराध । ▱प्रजापुत्र मास्न्या = दुनियाँका छोरालाई कमारो बनाउने । ▒बिह्लौटा = आवाद भएको जग्गा । ❉बिह्लौन्या = जग्गा आवाद गर्ने मानिस । ※बिह्लाई = आवाद गरी । ☙बट करार पुग्याको = आवाद नभएको जग्गालाई आवाद गर्नेले यति वर्ष माफी खाने र यति वर्षपछि मोही तलिसङ्ले यति यति भाग खाने भनी गरेको प्रतिज्ञाको अवधि पूरा भइसकेको । △कम्पनी (अङ्ग्रेजी) = फौजी जवानहरूको जमात । कम्पनीमा भर्ना गर्नु = त्यो जग्गा सिपाहीको खान्गीमा मिलाइदिनू । ⊙मुचलका (तुर्की मुचल्क:) = प्रतिज्ञापत्र । 卐मोहर (फारसी मुह्र) = लालमोहर । ६ षेत १ (प्राकृत खेत्त = संस्कृत क्षेत्र) = १०० मुरी माटो (२५ रोपनी) ।

६ सवाल. दर्बारबाट अमानत* रह्याको सेरा❁गोठ गैरह★ जगामा कति आमदनि हुंछ. तेस्मा कति दर्बार आऊछ. त्यो जांचि बुझि बिचमा रह्याको असुल गरि दर्बार दाषिल गर्नु. बिचमा दबाऊन्यालाई तेबर डंड गर्नु.— ६

७ सवाल. अम्बालि रकमि ◊ ईजारदारले❀ तनषादारको ऽ तनषा ◆ चुक्ति नगरि रसिद नदेषाई सर्कारबाट मोजरा लीयाको ठहऱ्या हिसाब गरि तनषादारलाइ दिलाईदिनु. तनषादारले माया मारी छोडिगयाको भया असुल गरि दर्बार दाषिल गर्नु. ईजारदारलाई र विना हाम्रा हुकुम मोजरा दिन्या भारालाई दोबर डंड गर्नु.— ७

८ सवाल. पंचषतको▨ आमदनी विना हाम्रा हुकुम कस्कस्ले बिचमा षायाको रहेछ. सो बुझि षोजि दर्बार दाषिल गर्नु.— ८

९ सवाल. नया पोता† सलामी भैसीको पुछ्ही जैसीको डंड तामापत्र गुठजांच दुदमा पानी मिसायाको डंड गाबीममारषी§ बट्टाडंड वलक△ महंन्तमंडलीको आमदनी ऊधाऊन्याहरूले‡ कत्ति ऊवाएछन्. कति बिचमा षाएछन्. कत्ति रैयत▱ ऊठाएछन्. सो जाचि बुझी काएल मुकाएल गरि बिचमा षाया दबायाको षोजि दर्बार दाषिल गनु. बिचमा षान्या दबाऊन्यालाई तेबर डंड गर्नु.— ९

---

* अमानत = थाती राख्नु वा थाती राखेको वस्तुलाई अरबीमा 'अमानत' भन्दछन् । (उर्दूहिन्दीकोशको आधारमा) यहाँचाहिं ठेक्कामा नदिई सोझै काम चलाउने संस्थालाई बुझाउन 'अमानित' शब्द प्रयोग गरिएको छ ।

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ३३२ पृष्ठबाट)

❁ सेरा = पानी लाग्ने फांट । ★गैरह = आदि । ◊ रकमी (अरबी रकम + ई) = रकम-कलम स्याहास्रेस्तासंबन्धी काम गर्ने मानिस । ❀ईजारदार (अरबी इजारा + फारसी दार) = ठेकदार । ऽ तनषादार (फारसी तनख्वाहदार) = जागीरदार । ◆ तनषा (फारसी तनख्वाह) = जागीर । मोजरा (अरबी मुजरा) = ठूलो रकमबाट खर्च भएको रकम कटाउने काम ।

▨ पंचषत (संस्कृत पञ्च + प्राकृत खत)

डेनियल राइटको हीस्ट्री अफ् नेपाल् (नेपालको इतिहास) को तृतीय संस्करणको १२८ पृष्ठमा पञ्चखतको अर्थ ब्रह्महत्या, स्त्रीहत्या, बालहत्या, गोत्रहत्या, गोहत्या भनी लेखिएको छ ।

कोशमा पञ्चखतको अर्थ यसरी दिइएको छ–साबित भएमा ज्यान सजाय हुने, दामल हुने, मुडिने, घटी जातमा मिलाई खोपिने र जात पतित हुने यी पाँच किसिमका दण्ड हुने अपराध ।

यताबाट यस्तो अपराध गर्नेहरूबाट उठेको दण्डलाई पञ्चखतको आम्दानी भनेको देखिन्छ ।

† पोता (फारसी फोत:) = जग्गाको तिरो । §गादीममारषी = [गादी + मुबारक (अरबी)] = राज्याभिषेक हुँदा पहिलो पटक राजगद्दीमा बसी राजाले सर्वसाधारणलाई दर्शन दिँदा दुनियाँले राजालाई चढाउने उपहार । △वलक = मोहीले तल्सिङलाई नियमअनुसार बुझाउनुपर्ने कोसेली । ‡ ऊधाऊन्या = उठाउने । ▱रैयत (अरबी) = दुनियाँ ।

१० सवाल. सेराका चिताई* गर्न्या अड्डे हिट्टिचोक्या गंह्रले नेवीदेवीका माना पाथी बलाई षोट चलन गरि बिचमा किफाईत षायाको झिकी दर्बार दाषिल गर्नु. छाप नलाग्याका माना पाथी तुलो ढकले लेनदेन नगर्नु भनि अड्डे हिट्टिचोक्यालाई चेताईदिनु.— १०

११ सवाल. मामुली फरफर्माईस र सरसौगात बिचबिचैमा षाई राषन्यालाई काएल मुकाएल गरि डंड गर्नु. काएल भयाको चिजबिज दर्बार दाषिल गर्नु.— ११

१२ सवाल. पुरोहितहरूले अरू ब्राह्मणहरूको हक दक्षिणा दर्बारबाट लि ब्राह्मणलाई नदियाको ठहरिया काएल गरि जो आफ्ना घर ठहरियाको झिकी जस्‌जस्‌को दक्षिणा ह्रो. तसतसलाई बाडिदिनु. बिचमा षान्या दबाऊन्यालाई डंड गर्नु.— १२

१३ सवाल. देऊताको पुजा देऊताको गहना षजाना★ मास्न्यालाई काएल मुकाएल गरि षायाको फिर्ता गराई हाम्रा हजूर बिंति गरि देऊताको षजानामां दाषिल गरिदिनु. मास्न्यालाई डंड गर्नु.— १३

१४ सवाल. नेपाल्या राजाको❁ धन माल कसैले षायाको र कहैका§ जमा ◊ पठाई षर्च नभयाको ठह्न्या काएल मुकाएल गरि माल फिर्ता गरि दर्बार दाषिल गर्नु. डंड पनी गर्नु.—१४

१५ सवाल. कसाई कुसल्या धोबी कुलुका❧ छोरीलाई स्वास्नी तुल्याउन्या पानि चलाऊन्यालाई काएल मुकाएल गरि डंड गर्नु.— १५

१६ सवाल. पाटी पौवा देवल सांघु हाम्रा विनाहुकुमले भदकाई आफ्ना काजमा लाऊन्यालाई काएल मुकाएल गरि काएल हुन्यालाई डंड गर्नु.— १६

१७ सवाल. षानीमहालको ξ आमदनी षर्च बुझी बिचमा कसैले दबाई छपाई षायाको भया काएल मुकाएल गरि दर्बार दाषिल गर्नु. षान्या दबाऊन्यालाई डंड गर्नु.— १७

१८ सवाल. हाम्रा अम्बलभरका† चार वर्ण क्षत्तिसै जातले नचल्याको रित गरि नाता मिची स्वास्नी तुल्यायाको काएल मुकाएल गरि बिरावमाफिक्‌को डंड गर्नु.— १८

१९ सवाल. हाम्रा भर मुलुकका रैयतले अधिका राजाहरूलाई तिरिआयाको रकम कलम हाम्रो अम्बल भयापछि कति दबाई राष्याको रहेछ. हाम्रो अम्बल भयापछि कति रकम कलम कौन कौन अम्बालीको पालामा अर्घ्याले ⊙ भयाको रहेछ. सो षसोषास बुझि जाचि हाम्रा हजूर बिंति गरि पठाऊनु. हुकुम गयाबमोजिम गर्नु.— १९

---

* चिताई = हेरविचार। ★षजाना (अरबी खजानः) = ढुकुटी। ❁नेपाल्या राजा = मल्ल राजा। § कहैका = कसैको। ◊ जमा = जिम्मा। ❧कुलु (नेवारी) = तवला, मृदङ्ग आदि बनाउने एक जात। ξ षानीमहाल (संस्कृत खनि + अरबी महालः) = खानिविभाग। † अम्बल (अरबी अमल) = राज्य। ⊙ अर्घ्यालो = बढ्ता।

२० सवाल. ६० सालदेषि वढो भांग चरस षान्या जुवा षेलन्यालाई काएल मुकाएल गरि अघि डंड गऱ्याबाहिक अरुलाई डंड गर्नु. आजऊप्रान्त षेलन्या षान्यालाई जातअनुसार जीय* सासना होला भनि अदल फिराईदिनु.— २०

२१ सवाल. ईजारदार रकमिहरूले १०० रूपैयादेषि ऊभो❂ डंडगरि षायाको भया काएल गरि फिर्ता गरि दर्बार दाषिल गर्नु.— २१

२२ सवाल. कनकापश्चीम गढपुर्व हाम्रा अम्बल भयादेषि ऊढो चौरीबाहिक गोवध गर्न्या अघि डंड नतिऱ्याको डंड तिरि फेरि गोवध गर्न्यालाई काएल गरि हाम्रा हजुर पुऱ्याऊनु. गोवध गऱ्याको चाल पाई दबाउन पस्न्या अम्बाली गाउंल्यालाई डंड गर्नु. आजदेषि गोवध नगर्नु. गर्न्याको ज्यिय धनमा पर्ला भनि सुनाईदिनु. अबउप्रान्त गोवध गर्न्याको अम्बालीले जिबै मारिदिनु.— २२

२३ सवाल. आजसम्मको मगरको अपुताली कहै दबि छपिरह्याको भया षोजि ल्याऊनु. ईजारा र जागिरको पट्टाभित्र ❥ पऱ्याको छाडिदिनु.— २३

२४ सवाल. कनकापश्चीम गढपुर्व पालपा गुलमि अर्घा षाचिसमेत बासठि सालमा जाच्याका षेत सबै कंम्पनीलाई भर्ना भयाको षेत सबै डगोलले★ नपाई रैबन्दीभन्दा बढता ठह्ऱ्याको षसोषास लेषि हाम्रा हजूर चह्राई पठाऊनु. हांमिले हुकुम बक्सी पठायाबमोजिम गर्नु. —२४

२५ सवाल. कम्पनीमा भर्ना भै बाकी रह्याको षेत सबै डोगोलले नपाई षसोषास लेषि हाम्रा हजुर चह्राई पठाऊनु. हामिले हुकुम बक्सी पठायाबमोजिम गर्नु.— २५

२६ सवाल. सहि सांच नभयाका जाचन जान्याहरूसित मिलि अजान मानीसलाई सधियार हो भनि अघि सारी धर्म्म भषाई थामियाका बिर्ता गुठि गैरह षेत सबै जफत् गरि डोगोलले नपाई तिलंगालाई भर्ना गर्नु. थामिदिन्या थामिलिन्या धर्म भाषन्यालाई डंड गर्नु.— २६

२७ सवाल. षेत जाचन्याहरूले घुस षाई थामीदियाको र नतागोता पछे❁ हेमाईत गरि छाडोदियाको सबै जफत गरि डोगोलले नपाई कंपनीमा भर्ना गर्नु. घुस षाई मोहबतमा पसि थामिदिन्यालाई डंड गर्नु.— २७

२८ सवाल. पुवा▱ छाप⧉ जाची षसोषास☞ फर्द↘ ऊतारी हाम्रा हजुर चह्राई पठाऊनु.— २८

---

* जीय (संस्कृत जीव) = जिउ । ❂ ऊभो = बढी । ❥ पट्टा (संस्कृत पट्ट) = ठेक्का आदि रकममा सरकारतर्फबाट रकमीलाई दिइने आज्ञापत्र । ★ डगोल (नेवारी डङ्गोल) = घर, जग्गाको नापीसम्बन्धी काम गर्ने ज्यापूको एक जात । ❁ पछे (संस्कृत पक्ष) = पक्ष । ▱ पुवा = जीवनवृत्तिका निमित्त दिइएको जग्गा ।

⧉ छाप = सर्कारबाट छाप गरिबक्सेको जग्गा २ प्रकारको हुन्छ । ठेक तिरी खानेलाई ठेक्काछाप भन्दछन् । ठेक तिर्नुनगर्नेलाई माफिछाप भन्दछन् । सो जग्गा सनदबमोजिम खान पाउँदछन् । बेचबिखन गर्न पाउँदैनन् ।

(पूर्णिमा १४ अङ्कको १६० पृष्ठबाट)

☞ षसोषास = वास्तव । ↘ फर्द (अरबी) = विवरण ।

२९ सवाल. मोहर चार किल्लाभन्दा बढता चाप्याको भया सांधसिमाना हेरि अर्ध्यालो जफत गरि डोगोलले नपाई तिलंगालाई भर्ना गर्नु. सांधभन्दा बढ्ता षायाको भया डंड गर्नु.— २९

३० सवाल. अघिका राजाहरूले बाधा* राष्याको छ भनि मानिसले षाईराष्याको षेत सबै डोगलले नपाई बेहोरावार बुझि टाँगादेषि★ बढता ठहऱ्याका येति बाधा राष्याको येति रुपैया पऱ्याको बेहोरावार लेषि हाम्रा हजुर चह्राई पठाउनु. हांमिले हुकुम बक्सी पठायाबमोजिम गर्नु.— ३०

३१ सवाल. षेत जाचऱ्याहरुले सेराको बहना गरि राष्याको षेत ठहऱ्या डोगोलले नपाई तिलंगालाई भर्ना गर्नु.— ३१

३२ सवाल. षेत जाचऱ्याहरुले षेत थामि षेतका धनिछेऊ कत्ति सलामी लियाको रहेछ. सो षसोषास लेषि हाम्रा हजूर चह्राई पठाऊनु. हुकुम बक्सी पठायाबमोजिम गर्नु. ३२

३३ सवाल. तमसुक भयाको साहुलाई हक बाजबी❁ कौडी हेमाईत गरि अडियाको र रिनिलाई मिचि दसऊदभन्दा‡ बढता ब्याज षायाको छ भनि फिऱ्याद† आया निसाफ बुझि छिनिदिनु. दसऊदभन्दा बढता षायाको थैलीमा कट्टा गरि तिराईदिनु. चौथाई हाम्रा हजुर दाषिल गर्नु.— ३३

३४ सवाल. ६१ साल ६२ सालदेषि जफ्त भयाका षेत थुम्§ थुम सहरसहर गाऊगाऊमा कति षेत जफ्त भयाछन्. बेक्त बेक्त गरि लेषनु. ई २ सालको बाली कस्कस्ले षायो. कस्का पेटमा गयो. सो षसोषास लेषि ६३ सालको बाली षाऱ्या गरि आली कुनकुन कंपनीलाई गयेछ. कंपनीबाहिक् कसकसले पायाको रहेछ. सो बुझि लेषि हाम्रा हजुर चह्राई पठाऊनु. नबक्सी षाऱ्यालाई दोबर डंड लिनु.-- ३४

३५ सवाल. ब्राह्मण छत्रीले जांड षायाको भया जात बाहिर गरी सर्वस्व गर्नु. ई २ वर्णबाहिक अरु जांड षाऱ्या तागाधारीलाई◊ भारी डंड गरि जात बाहिर गरीदिनु.— ३५

३६ सवाल. नेपाल्या राजाका पाला जागिर गरि षायाका षेत हाम्रो अम्बल भयापछि पोता तारी बिर्त्ता हो भनि आजसम्म षाऱ्यालाई डंड गर्नु. षेत जफ्त गरि कम्पनीमा भर्ना गर्नु·— ३६

३७ सवाल. सिरिस्ता अदालत❧ भरमुलुकका अमालि गैह्ले अन्याय गऱ्या भनि फिऱ्याद गर्न आया भन्या सुनि कायल मुकाथल गरि छिनिदिनु. डंड जिताऊरि हाम्रा हजुर दाषिल गर्नु.— ३७

---

* बाधा (सस्कृत बन्धक) = बन्धकी। ★ टाँगा (प्राकृत टङ्गो) = जमीन आदि नाप्ने लठ्ठी आदि नापोको रूपमा प्रयोग गरिएको चीज । ❁ बाजबी (अरबी वाजिब) = ठीक । ‡ दसऊद = (संस्कृत दशांश) = सयकडा १० । † फिऱ्याद (फारसी फरियाद) = उजूर । § थुम् = जिल्लाका विभागका अनेक गाउँ वा मौजाहरूको समूह । ◊ तागाधारी (प्राकृत तग्ग + संस्कृत धारी) = जनै लाउने । ❧ सिरिस्ता अदालत = श्रेस्ता अदालत ।

३८ सवाल. राजाको झारा*माफ गरि बिचमा पैसा षायाको हिसाब गरि हाम्रा हजुर दाषिल गर्नु.— ३८

३९ सवाल. नेपाल्या राजाहरुले सर्कारको षेत जागिर मानाचावल दि राष्याको आफुलाई सेरा राष्याको हाम्रा अम्बल भयावछि मेरो सुनाबिर्ता★ हो भनि ढाठि पोता तिरि षायाको वादीदि कायल गरि षेत झिकनु. डंड पनि गर्नु. हाम्रा हजुर सांधि गर्नु.— ३९

४० सवाल. दर्बारको माल हांम्रो विनाहुकुम बाहिर निकास्याको❁ षोजि कायेल गरि हाम्रा हजुर दाषिल गर्नु.— ४०

ईति सम्वत् १८६३ साल मिति वैशाष वदि ३ रोज १ ❨ शुभम्

---

* झारा = सरकारतर्फबाट बेदाममा दुनियाँसँग लिइने हारगुहार।

★ सुनाबिर्ता यस शब्दको अर्थ सुन लिएर बेचिएको जग्गा भन्ने हो। मल्लकालको पत्रबाट यो कुरा बुझिन्छ। जस्तै—

…श्रीश्रीजयमहीन्द्रसिंहदेव…तेमालब्यासिया दरिबुक्षत्रनामसंज्ञकं …यथादेशकालप्रवर्तमान-संबारार्घेण सुवर्णमूल्य, अष्टशत, महिन्द्रसिंहोटका ८०० मादाय स्वधिनानवतुकन्यायन क्रयन विक्रीदितं भवति…सर्वसुद्धान पाचू।………

(वि. सं. १७७३ को ताम्रपत्रबाट)

[श्रीश्रीजयमहीन्द्रसिंहदेवले तिमालब्यासीको दरिबुखेत देशकालको चलनचलतीअनुसार उचित मोल सुनको मोल महीन्द्रसिंही रुपियाँ ८०० लिएर आफ्नो हकको न्यायअनुसार बेचबिखन गर्न पाउने गरी सबै तरहले फछर्यौट गरी दिइयो।]

(पूर्णिमा २ अङ्कका ५५–५६ पृष्ठबाट)

❁ निकास्याको = निकालेको।

यहाँ शब्दको अर्थको लागि द्वारकाप्रसाद चतुर्वेदीको संस्कृत–शब्दार्थ–कौस्तुभ, राल्फ लिल्ली टर्नरको ए कम्पेरेटिभ् यॉन्ड् एटिमोलजिकल् डिक्शनरि अफ् द् नेपाली ल्याङ्ग्वेज् (नेपाली भाषाको तुलनात्मक र निरुक्तिसहितको कोष), रामचन्द्र वर्माको देवनागरी उर्दू–हिन्दी–कोश, रामचन्द्र पाठकको भार्गव आदर्श हिन्दी शब्दकोश, महेशचन्द्र रेग्मीको ल्यॉन्ड टेन्युर यॉन्ड् टाक्सेशन् इन् नेपाल् (नेपालमा भूस्वामित्व र करव्यवस्था) को पहिलो भाग, बालचन्द्र शर्माको नेपाली शब्दकोशहरूबाट सहायता लिइएको छ।

❨ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६३ वैशाख कृष्ण

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वि. सं. १८६२ चैत्र | २६ | आदित्य | तृतीया | १४ । १ |

(पात्रोबाट)

(पछिल्तिर)

| | |
|---|---|
| मार्फत भीमसेन थापा | मार्फत्सेरबहादुर शाहः ◈ |
| मार्फत् बहादुर भंडारी* | मार्फत प्राण साह‡ |
| मार्फत् बालनरसिं कुमर★ | मार्फत् रणध्वज थापा† |
| मारफत रणजीत पांडे❁ | मार्फत नरसिंह ◆ |

◈ चौतरिया शेरबहादुर शाह श्री ५ प्रतापसिंह शाहका भित्रिनीपट्टिका छोरा हुन् । (श्री ५ रणबहादुर शाहका १२१–२२ पृ.)

यिनको जन्म वि. सं. १८३४ मा भएको हो । (दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको टिपोटबाट)

वि. सं. १८५७ मा काशी गएपछि स्वामीमहाराज रणबहादुर शाहले काठमाडौंमा बसेका यिनलाई आफ्नो पक्षमा लिन फकाउने फुल्याउने कुरा लेखी बराबर पत्र पठाउँथे । (श्रीचित्तरञ्जन नेपालीका जनरल भीमसेन थापा र तत्कालीन नेपालका ७–८ पृ., २५०–५२ पृ. र श्री ५ रणबहादुर शाहका १३६–३७ पृ.)

वि. सं. १८६३ वैशाख १४ गते काजी त्रिभुवनको घरमा कचहरी गरेर बसीरहेका स्वामीमहाराज रणबहादुर शाहको मृत्यु यिनको तरवारबाट भएको थियो । त्यसै वेला यिनलाई काजी बालनरसिंह कँवरले पक्री मारेका थिए । (त्रिरत्नसौन्दर्यगाथाका १९२–९३ पृ., श्री ५ रणबहादुर शाहका १४१–४७ पृ., पूर्णिमा १२ अङ्कका ४८–४९ पृ.)

* काजी बहादुर भँडारीका बाबुको नाउँ कालु भँडारी हो । यिनको जन्म वि. सं. १८३५ मा भएको हो । (श्रीबखतमानसिंह बस्न्यातबाट प्राप्त)

वि. सं. १८६७ मा नेपालसरकारले यिनको झिल्टुङको बिर्तामा झारा माफ गरी पत्र लेखिदिएको थियो । (योगी नरहरिनाथद्वारा सम्पादित सन्धिपत्र–सङ्ग्रहको ३२० पृ.)

भीमसेन थापाका शासनकालमा यी बहादुर भँडारीको प्रभाव बढेको थियो—

**स्वस्तिश्रीकाजि रनजित पाडे श्रीकाजि भिमसेन्थापा श्रीकाजि रनद्धोज थापा श्रीकाजि बाहादुर भंडारी श्रीकाजि बालनरसिंह कुवरकस्य पत्रम्**

**आगे सहर काठमाडौ पोषल्ह्यांग्टोल्मा बस्न्या कृस्नसिं विचारिके तेरो बिर्ता मुढाजोरको पाषो सुको तावापत्र श्री ५ बडामहाराजाको पाला पनि जाचि बुझि कुसहि बिसहि ली थामीबक्स्याको रहेछ. ६२ सालदेखि ६५ सालको जाचमा पनि थहरियाको रहेछ आज हामिले पनि तावापत्र हेरि जाचदा पका रहेछ. तेरो घर काठमाडौमा रहेछ. चास मुढाजोर रहेछ. तसर्थ वासको लाग्छ. चासको लाग्दैन. तिर्नुछिर्नु इहा धोकामा ठाग्याको छ. ताहा कोहि अंम्बलिले तंन्ता तक्रा नगर्नु. सर्वथा. इति सम्वत् १८६६ साल मिति नस्त आषाड शुदि ३ रोज**

श्री ५ रणबहादुर शाहले वि. सं. १८५१ मा बहादुर शाहको हातबाट शासनाधिकार लिँदा भरखरै जस्तो नेपाल–चीनयुद्धमा धेरै खर्च भएकोले राजढुकुटी घटेको वेला थियो। यसपछि पनि प्रशासनव्यवस्था ठीक नभएको हुनाले उठनुपर्ने ठाउँबाट रकमहरू नउठी राजकोषलाई हानि भइरहेको थियो । वि. सं. १८५७ को काण्डमा पनि राजकोषबाट धेरै धन झिकिई हिनामिना भएको कुरा तात्कालिक पत्रमा पाइन्छ* । यसपछि पनि प्रशासनव्यवस्था

---

६ शुभम्

(परम्पराबाट प्राप्त अप्रकाशित पत्र)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६६ अधिक आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आषाढ | ५ | शुक्र | तृतीया | १९ । १६ |

(पात्रोबाट)

‡ प्राण शाहको परिचय पूर्णिमा ७ अङ्कको ७७ पृ., ८ अङ्कका ४२–४४ पृ. मा दिइएकोछ।

★बालनरसिंह कँवरको परिचय पूर्णिमा १६ अङ्कको ४०६ पृ. मा दिइएको छ ।

† रणध्वज थापाको परिचय पूर्णिमा २ अङ्कको ७० पृ. मा दिइएको छ ।

❁ काजी रणजित् पाँडे श्री ५ द्रव्य शाहलाई गोर्खा विजय गर्दा मदत गर्ने गणेश पाँडेको वंशमा जन्मेका हुन् । (श्रीबखतमानसिंह बस्न्यातबाट प्राप्त )

यिनी काजी तुलाराम पाँडेका छोरा हुन् । (श्री ५ रणबहादुर शाहको ११९ पृ.)

यिनको जन्म वि. सं. १८०९ मा भएको हो। (दैवज्ञशिरोमणि लक्ष्मीपति पांडेको टिपोटबाट)

यिनको मृत्यु वि. सं. १८६८ मा भएको हो । (श्रीबखतमानसिंह बस्न्यातबाट प्राप्त)

❨ काजी नरसिंह गुरुङका बाबुको नाउँ सोभात गुरुङ तथा बाजेको नाउँ चिन्तु गुरुङ हो। (श्री ५ रणबहादुर शाहको ११९ पृ.)

वि. सं. १८५५ मा भएको उजीरअलीकाण्डमा यी काजी नरसिह गुरुङको मातहतमा फौज खटिएको थियो । (पूर्णिमा ९ अङ्कका ५६–५७ पृ.)

वि. सं. १८६० मा नरसिंह गुरुङले बालाजुनजीकैको पुरानो गुह्येश्वरीमा पर्खाल र धर्मशाला बनाएर शिलापत्र राखेका थिए । (अभिलेख–संग्रह १२ भागको ८ पृष्ठ)

स्वामीमहाराज रणबहादुर शाह मारिँदा भीमसेन थापाले यी नरसिंह गुरुङलाई पनि शेरबहादुरसँग मिलेको आरोप लगाएर कटाए । (त्रिरत्नसौन्दर्यगाथाका १९२–९३ पृ., श्री ५ रणबहादुर शाहका १४१–४७ पृ., पूर्णिमा १२ अङ्कका ४८–४९ पृ)

* पूर्णिमा १९ अङ्कका १९८–२०७ पृ. ।

ठीक नभई गृहकलहकै रूप भएकोले राजकोष रित्तिँदै जानु स्वाभाविक थियो । यसैले वि. सं. १८६० फाल्गुनमा काठमाडौं फर्केपछि स्वामीमहाराज रणबहादुर शाह र उनका सहयोगीहरूको ध्यान यतातिर जान थाल्यो । रणबहादुर शाह काशीमा ४ वर्षसम्म बस्दा उनलाई ऋण लागेको थियो । त्यो ऋण तिर्न वि. सं. १८६१ मा भारादारहरूबाट पैसा उठाइएको थियो★ । प्रशासनकार्यमा विशेष भाग लिन स्वामीमहाराज रणबहादुर शाह श्री ५ गीर्वाणयुद्धविक्रम शाह-बाट लालमोहर गराई वि. सं. १८६२ फाल्गुनमा मुक्तियार बनेका थिए ◊ । यसपछि रणबहादुर शाहको ध्यान अर्थव्यवस्था मिलाउनेतिर गएको देखिन्छ ।

वि. सं. १८६२ चैत्र २६ गतेको यस पत्रमा विशेष गरेर अर्थविषयका कुरा परेका छन् ।

यस पत्रमा "६० साल फागुणदेखि वढो" भन्ने वाक्य परेको छ ।

वि. सं. १८५७ ज्येष्ठ ८ गते काशी गएका स्वामीमहाराज रणबहादुर शाह वि. सं. १८६० फाल्गुन २१ गते काठमाडौं फर्के । यसपछि रणबहादुर शाहको हातमा शासनाधिकार आयो* ।

यसैले यहाँ "६० साल फागुणदेषि वढो" भनी लेखिएको हो ।

वि. सं. १८५७ ज्येष्ठदेखि वि. सं. १८६० फाल्गुनसम्म रणबहादुर शाह नेपालमा नभएका हुनाले वि. सं. १८६० भन्दा अघि घूस खाने आदि अपराध गर्नेहरूलाई कडा दण्ड गर्नू भनी यहाँ भनिएको छ । जस्तै—

**६० सालदेषि अघि घुस षाई राजाको गीराई नोकसान पार्‍याको भया बुझि काएल मुकाएल गरि षान्यालाई घुसको तेबर लिनु.**

यस पत्रमा जम्मा ४० सवाल छन् । यसको पहिलो सवालमा—

**६० साल फागुणदेषि वढो कसैले कसैछेउ घुस षायाको भया काएल मुकाएल गरि घुसको तेबर डंड गर्नु. ६० सालदेषि अघि घुस षाई राजाको गीराई नोकसान पार्‍याको भया बुझि काएल मुकाएल गरि षान्यालाई घुसको तेबर लिनु.**

---

★ **स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का**

**आगे चौतरिया काजि सर्दार कपर्दार षजान्चि षर्दार जेठाबुढा गैरह भारादारप्रति. सम्वत् १८६० सालमा (श्रीदिदीज्यू)का विवाहमा लाग्याको गोडधुआइ माफ गरिबक्स्यौं. (श्रीबुबाज्यू)ले चार वर्ष बनारस रहनुपर्दा लाग्याको कर्जा तिर्नाकन बमोजिं तपसिलका दरले सलामि रूपया हाम्रा हजुरमा चह्राउन ल्याउ—**

(वि. सं. १८६१ को पत्रबाट, श्री ५ रणबहादुर शाहका १३९–४० पृ.)

◊ गल्लीमा फ्याँकिएका कसिङ्गरका ६६–६७ पृ. ।

* पूर्णिमा १० अङ्कका ५१–५३ पृष्ठ ।

–भनी घूस खानेलाई कडा दण्ड दिने चेतावनी दिइएको छ ।

श्री ५ पृथ्वीनारायण शाहले आपनो उपदेशमा घूस खाने, खुवाउने दुवैलाई कडा दण्ड दिनू भनी बोलेका छन् । जस्तै—

**निज्ञानिसाप बिगार्न्या भन्याको घुस् दिन्या र घुस षान्या ईन दुईको ता धन जिव गरि-लियाको पनि पाप छैन. ई राजाका महासतुर हुन्.**

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ३२६ पृष्ठबाट)

श्री ५ राजेन्द्रले वि. सं. १८८१ मा चिसापानीगढीका सुबेदारहरूलाई लेखेको पत्रमा पनि घूस खाएर मानिसलाई छोड्ने सुबेदारहरूलाई कडा दण्ड गर्ने जनाउ दिइएको छ—

**सातौं सवाल ।। चौकिचौकिमा बस्न्या मानीसले घुस षाइ कसं मानीसलाई छाड्यौ भने आपना जीउ धनमा पर्ला.**

(जनरल भीमसेन थापा र तत्कालीन नेपालको २३२ पृष्ठबाट)

प्राचीन राजनीतिशास्त्रमा पनि घूस खानेलाई कडा दण्ड गर्नू भनी लेखिएको पाइन्छ । जस्तै—

**जिघांसव: पापकामा: परस्वादायिन: शठा: ।।१२।।**
**रक्षाभ्यधिकृता नाम तेभ्यो रक्षेदिमा: प्रजा: ।**

(महाभारत शान्तिपर्व ८७ अध्याय)

[सरकारिया मानिसहरू अरूको धन खान पाप बुद्धि लिएर दुनियाँलाई दु:ख दिन खोज्छन्, तिनबाट दुनियाँको रक्षा गर्नुपर्छ ।]

**राज्ञो हि रक्षाधिकृता: परस्वादायिन: शठा:**
**भृत्या भवन्ति प्रायेण तेभ्यो रक्षेदिमा: प्रजा: ।।१२३।।**
**ये कार्यिकेभ्योऽर्थमेव गृह्णीयु: पापचेतस: ।**
**तेषां सर्वस्वमादाय राजा कुर्यात् प्रवासनम् ।।१२४।।**

(मनुस्मृति ७ अध्याय)

[सरकारिया जागीरदारहरू प्राय: अरूको धन लिन दाउपेच गर्छन् । तिनबाट राजाले प्रजाको रक्षा गर्नुपर्छ । पाप बुद्धि लिएर जुन कर्मचारी कार्यिक (अड्डाखानामा काम परेका मानिस)-बाट पैसा खान्छन् । तिनलाई सर्वस्व गरी राजाले आपनो देशबाट निकाल्नुपर्छ ।]

**ये राष्ट्राधिकृतास्तेषां चारैर्ज्ञात्वा विचेष्टितम् ।**
**साधून् संमानयेद् राजा विपरीतांश्च घातयेत् ।।३३८।।**
**उत्कोचजीविनो द्रव्यहीनान् कृत्वा विवासयेत् ।**

(याज्ञवल्क्यस्मृति आचाराध्याय)

[राज्यमा अधिकार पाएका मानिसहरूका चालचलनलाई राजाले जासूसद्वारा बुझ्नुपर्छ । असल चालचलन भएमा अधिकारीहरूलाई राजाले संमान गरी राख्नुपर्दछ । बदमाशहरूलाई

अपराधअनुसार दण्ड गरी मार्नुपर्नेलाई मार्नुपर्छ । घुस्याहाहरूलाई सर्वस्व गरी आफ्नो राज्य-बाट निकालिदिनुपर्छ ।]

यसको चारौं सवालमा—

**विनाषत विना हाम्रा मर्जिले प्रजापुत्र मास्न्यालाई डंड गर्नु. मसीयाकालाई छोडाईदिनु.**

—भनी लेखिएको छ ।

यताबाट दासप्रथा रोक्न पाइला चाल्ने झलक पाइन्छ ।

प्राचीन समयदेखि नै दासप्रथा चलेर आएको थियो । धर्मशास्त्रमा पन्ध्र प्रकारका दासको उल्लेख पाइन्छ—

**गृहजातस्तथा क्रीतो लब्धो दायादुपागत: ।**
**अनाकालभृतस्तद्वदाहित: स्वामिना च य: ॥**
**मोक्षितो महतश्चर्णाद् युद्धप्राप्त: पणे जित: ।**
**तवाहमित्युपगत: प्रव्रज्यावसित: कृत: ॥**
**भक्तदासश्च विज्ञेयस्तथैव वडवाहृत: ।**
**विक्रेता चात्मन: शास्त्रे दासा: पञ्चदश स्मृता: ॥**

(याज्ञवल्क्यस्मृति, मिताक्षरा २ अध्याय १४ प्रकरणमा उद्धृत नारदको वचन)

[घरकी दासीमा जन्मेको, किनेको, दान पाएको, अंशमा पाएको, अनिकालमा पालेका, बन्धकी राखिएको, ठूलो ऋणबाट छुटाइएको, लडाइँमा जितेर समातेको, जुवामा जितेको, दास भएँ भनेर आएको, संन्यास छोडेको, केही कालसम्म दास हुन स्वीकार गरेको, भाते, कमारी पछचाएर आएको, स्वयं बेचिएको—यी पन्ध्र प्रकारका दास शास्त्रमा कहिएका छन् ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको १०४० पृष्ठबाट)

संसारका अरू देशहरूमा पनि दासप्रथा थियो ❁ ।

नेपालको इतिहासमा पनि प्राचीनकालदेखि नै दासप्रथाको उल्लेख पाइन्छ ।

लिच्छवि राजा नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेखमा त्यहाँका लोकपालस्वामीको पूजाआजाको विधान उल्लिखित छ । त्यहाँ दश देवदास र बीस दासीहरूलाई भाग छुटयाइएको वर्णन परेको छ—

**देवभृत्यानान्दशानामेकतो भुक्तिकाधान्यमानिका १४० दासीनां विंशतीनामेकतो मानिकाशतत्रयं षष्टचुत्तर……देवभृत्यानाम्पुराण १२० दासीनाम्पुराण ८०**

(अभिलेख–सङ्ग्रह पहिलो भागको ३७ पृष्ठबाट)

---

❁ श्री ३ महाराज चन्द्रशमशेरको भाषणका २ पृ., १२ पृ., १५ पृ., ४०–४१ पृ., ४९ पृ., ५९ पृ., सरदार रुद्रराज पाँडेको इङ्गल्याण्डको इतिहासको ३५२ पृ., सी. डी. एम् केंटलबीको ए हिस्ट्री अफ् मडर्न टाइम्स (आधुनिक कालको इतिहास) को विश्वप्रकाशले गरेको हिन्दी अनुवादको ७ पृ. ।

[दशजना देवभृत्यहरूलाई १४० मानिका भुक्तिका धान, बीसजना दासीहरूलाई ३६० मानिका धान, देवभृत्यहरूलाई १२० पुराण, दासीहरूलाई ८० पुराण (दिनू)। ]

वि. सं. १६९३ मा पाटनका राजा सिद्धिनरसिंह मल्लले पाटनको कृष्णमन्दिर बनाएर राखेको अभिलेखमा दास–दासी दान गरेको उल्लेख परेको छ—

**चत्वारिंशद्दिनान्यासीन्महाहोमो महोत्सवः**
**श्रीमत्सिद्धिनृसिंहेन कलिकर्ण्णेन कारितः ।।२५।।**

**रत्ने स्वर्णे गवादौ करितुरगधने भूषणे दिव्यवस्त्रे**
**दासीदासे निवासे विविधरसमये भक्षमात्रे पवित्रे ।**
**चत्वारिंशद्दिनानि क्षितिपकुलमणेरास्यपद्मे प्रसन्ने**
**वाणी तत्रोल्ललास प्रतिपलमधिकं देही देहीति मात्रम् ।।२७।।**

[ कलिकालका कर्ण जस्ता राजा सिद्धिनरसिंहले ४० दिनसम्म ठूलो उत्सव गरी ठूलो होम गर्नुभयो ।

४० दिनसम्म राजा (सिद्धिनरसिंह)को मुखमा रत्न सुन गाई हात्ती घोडा धन गहना असल कपडा दासी दास घर अनेक पवित्र मीठा खानेकुरा आदि खूप दान देऊ भन्ने बोली हरबखत झुन्डिरह्यो । ]

(इतिहास–संशोधन ६७ सङ्ख्याका २–३ पृष्ठबाट)

विक्रमपूर्व तेस्रो शताब्दीका आचार्य कौटल्यले दासप्रथा रोक्न उद्योग गरेको देखिन्छ—

**उदरदासवर्जमार्यप्राणमप्राप्तव्यवहारं शूद्रं विक्रयाधानं नयतः स्वजनस्य द्वादशपणो दण्डः ।।१।। वैश्यं द्विगुणः ।।२।। क्षत्रियं त्रिगुणः ।।३।। ब्राह्मणं चतुर्गुणः ।।४।। परजनस्य पूर्वमध्यमोत्तमवधा दण्डाः क्रेतृश्रोतॄणां च ।।५।। म्लेच्छानामदोषः प्रजां विक्रेतुमाधातुं वा ।।६।। न त्वेवार्यस्य दासभावः ।।७।।**

(कौटलीय अर्थशास्त्र ३ अधिकरण १३ अध्याय)

[ पेटको लागि आफै दास भएको बाहेक आर्यपरम्पराको अप्राप्तव्यवहार (उमेर नपुगेको = लोग्नेमान्छे १६ वर्षसम्म, स्वास्नीमान्छे १२ वर्षसम्म★) शूद्रलाई आफ्नै नातादारले बेच्न लगे १२ पण, वैश्यलाई बेच्न लगे २४ पण, क्षत्रीलाई बेच्न लगे ३६ पण, बाहुनलाई बेच्न लगे ४८ पण दण्ड गर्नुपर्छ। पराई मानिसले शूद्रलाई बेच्न लगे पूर्वसाहस* (घटीमा ४८ पण, बढीमा ९६ पण), वैश्यलाई बेच्न लगे मध्यमसाहस (घटीमा २०० पण, बढीमा ५०० पण), क्षत्रीलाई

---

★ **द्वादशवर्षा स्त्री प्राप्तव्यवहारा भवति ।।१।। षोडशवर्षः पुमान् ।।२।।**

(कौटलीय अर्थशास्त्र ३ अधिकरण ३ अध्याय)

[ स्वास्नीमानिस १२ वर्षको उमेरमा प्राप्तव्यवहार (व्यवहार गर्न सक्ने = बालिग) हुन्छे । लोग्नेमानिस १६ वर्षको उमेरमा प्राप्तव्यवहार हुन्छ । ]

* पूर्वसाहस, मध्यमसाहस, उत्तमसाहसका विषयमा पूर्णिमा १६ अङ्कका ३५१–५२ पृ. मा विचार गरिएको छ ।

बेच्न लगे उत्तमसाहस (घटीमा ५०० पण, बढीमा १००० पण) दण्ड गर्नू; बाहुनलाई बेच्न लगे मारिदिनू । किन्ने सुन्ने (साक्षी)हरूलाई पनि माथि बताएबमोजिम दण्ड हुन्छ । आफ्नो सन्तान बेचेमा वा बाँधा राखेमा म्लेच्छलाई दोष लाग्दैन । आर्य दास हुन सक्तैन । ]

धर्मशास्त्रकारहरूले पनि दासप्रथालाई असल सम्झेका छैनन्—

**नारीणां विक्रयं कृत्वा चरेच्चान्द्रायणं व्रतम् ।**
**द्विगुणं पुरुषस्यैव व्रतमाहुर्मनीषिणः ।।**

(अपरार्क चतुर्विंशतिमत) ❀

[स्वास्नीमानिसको बिक्री गरेमा चान्द्रायणव्रत, लोग्नेमानिसको बिक्री गरेमा दुगुना चान्द्रायणव्रत गर्नू भनी विद्वान्हरू भन्छन् । ]

**कन्यां हयं च दासीं च स्वगृहे सम्भवान् शुभान् ।**
**पोषयित्वा द्विजो लोभात् पश्चादेतांश्च विक्रयेत् ।।**
**स भुक्त्वा यातनाः सर्वाः पश्चाद् व्याधो भवेदिह ।**

(विष्णुधर्मोत्तर)

[आफ्नो घरमा जन्मेका कन्या घोडा दासीलाई पाली पोसी पछि लोभले बिक्री गरेमा द्विज (बाहुन, क्षत्री, वैश्य) सबै यातना भोगेर पछिबाट व्याधा भएर जन्मन्छ । ]

**द्विजः सम्पाद्य यो दासीं गृहधर्मसुखाप्तये ।**
**पश्चात् तां विक्रयेद् यत्नात् स चाण्डालो भवेद् भुवि ।।**

(देवलधर्म)

[ द्विज (बाहुन, क्षत्री, वैश्य) ले गृहस्थीको सुखको लागि दासी बनाएर पछि बिक्री गरे पृथ्वीमा त्यो चाण्डाल हुन्छ ।]

**दासीं द्विजोऽनुगृह्णीयाद् भोगाथ पतितो भवेत् ।**
**नित्यं नैमित्तिकं काम्यं सद्यः क्षरति पापिनः ।।**
**विक्रयेद् यदि तां मूढश्चाण्डालत्वं तदाप्नुयात् ।**

(मार्कण्डेयपुराण)

[द्विज (बाहुन, क्षत्री, वैश्य) ले भोग गर्नको निमित्त दासी जम्मा गरेमा नित्य नैमित्तिक काम्य तीनै किसिमको धर्मकर्म नाश हुन्छ, दासीलाई बिक्री गरे चाण्डाल हुन्छ । ]

नेपालको इतिहासमा दासप्रथा हटाउन खोज्ने शासकहरूमा श्री ५ पृथ्वीनारायण शाह पहिला देखा परेका छन् । सर्वप्रथम वि. सं. १८२५ भाद्र ३१ गते उनले करियामुक्ति गरिदिएको उदाहरण पाइएको छ—

---

❀ यहाँ उद्धरण गरिएका अपरार्क चतुर्विंशतिमत, विष्णुधर्मोत्तर, देवलधर्म, मार्कण्डेयपुराणका वाक्य चन्द्रशमशेरको भाषणका ५६–५७ पृ. बाट लिइएका हुन् ।

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे रामकृस्न उपाध्या पौड्यालका छिम्याक् बस्न्या धनदत्या नेवारकन हिजो हामिले पक्रिकन विश्वामित्र मिश्रलाई बक्स्याको हो. आज विश्वामित्र मिश्रले पार गरिदियो. हाम्रा देशमाहां आ. जाहां तेरो सुभिता पर्छ. ताहां बस्. कल्कला मासीयाको हो भनिकन पनि विश्वामित्र मिश्रको कमारो हो भनिकन पनि कसैको दावा धक्का नास्ति. सम्वत् १८२५ भाद्र शुदी १ रोज २ मुकाम लुटिकोट सुभम्.

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका १०३८–३९ पृष्ठबाट)

यसपछि वि. सं. १८३० मा श्री ५ पृथ्वीनारायण शाहले सातगाउँ (बनेपा, धुलिखेल, खँड्पु, चौकोट, पनौती, सांगा, नाला) का साहू महाजनहरूले अबदेखि दुनियांलाई कमारा कमारी बनाउन पाउँदैनन् भनी स्थिति बाँधिदिएका थिए । यो कुरा पृथ्वीनारायणले गरेको बन्दोबस्त थामेर श्री ५ राजेन्द्रविक्रम शाहले वि. सं. १८८७ मा गरिदिएको तलको पत्रबाट बुझिन्छ—

आगे सातगाउँका सब दनुवार साहुप्रति. तिमीहरूले प्रजालाई रुपैया धान् रीन् दिदै दोबरियो तेबरियो भन्दै प्रजालाई छेकथुन गर्दै प्रजाका छोराछोरीलाई बाधा पनि लिन्छौ. सकस गरी तेलमोल गरी कमारा कमारी तुल्याउँदा रह्याछौ. तस्कारण प्रजाछेउ जस्जस्छेउ रीन दियाको छ. सो रुपैयाको ब्याज कसैले लिन पाउँदैन. साउसाउ मात्र लेउ. ब्याज लिनु छैन. थिचो-मिचो गरी बाधा लिन्या तेल हाली हमासी कमारा कमारी तुल्याउनालाई डंडाइ पाउला भनी संवत् १८३० सालमा ज्यूज्यूबाज्याबाट मोहर गरी बक्सनुभयाको रह्याछ. सोबमोजीम अब-उप्रान्त पनि थामीबक्स्यौं. इति संवत् १८८७ साल मिति कार्तिक वदी ८ रोज १ शुभम्.

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको १०४१ पृष्ठबाट)

पृथ्वीनारायणपछि दासप्रथा बन्द गर्न पाइला चाल्ने शासकहरूमा स्वामी महाराज रणबहादुर शाह देखा परेका छन्★।

यसपछि दासप्रथा बन्द गर्न खोज्ने शासकहरूमा जनरल भीमसेन थापा देखा पर्छन् । यो कुरा वि. सं. १८६५ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले मानिस किनबेच गर्न रोक लगाउन लेखेको तलको पत्रबाट स्पष्ट हुन्छ—

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे काजी बलवंत रानाप्रति* मुसलमानप्रभ्रिति मधेस्याछेउ र भोटयाछेउ ताँहांका चारै वर्नले आपना छोराछोरी जानाजान गरि बेचछन्. बिरानाका छोराछोरी छलीकन बेचछन् गरे. त्यो ठुलो बेजाञी हुन्दो रहेछ. तस्अर्थ आजउप्रान्त जो बेचला. किनला. तेस्का धन जियमा पर्ला भनि उर्दी फिराई त्यो काम बंद गर. घाटघाटमा चौकि राष. बन्देज हुकुम नाघि जो

★ यही निबन्धको मूल लालमोहर ।

* यी बलवन्त राना वि. सं. १८५५ मा डिट्ठा थिए (श्री ५ रणबहादुर शाहको १२० पृ. ।)

बेच्छ. तसलाई भारि डंड गर्नु. किन्न आउन्या मधेस्या भोट्याको माल लुटनु. येस कुराको ताकीती नगऱ्या अपसरिया होलास. सो बुझि बंद गर्न्या ताकिती गर. इति सम्वत् १८६५ साल मिति आश्वीण वदि रोज २ शुभम्❁.

(सन्धिपत्र–सङ्ग्रहका ६८–६९ पृष्ठबाट)

वि. सं. १८९३ मा भीमसेन थापाले मगरका छोरीको किनबेच रोकेर दासत्वप्रथा रोक्न अर्को कदम उठाएका छन्—

श्रीमन्हाराजाधिराजकस्य रुक्का

आगे मर्स्यांगदीपश्चिम प्यूठानातकका बाह्र मग्रान गैह्लके परापूर्वदेषी तिम्हेरुका जातले छोरी बाँधा राषी बेची षांदा रह्याछन् ⋯⋯ अबउप्रान्त गैह्ल मगरले छोरी साहु बाँधा नदिनु. साहुले पनि नलिनु. बेचि नषानु. बेची षान्या बाँधा दिन्यालाइ र किन्या बाँधा लिन्यालाई डंड होला. ⋯⋯इति संवत् १८९३ साल मिति मार्ग सुदी १० रोज १ शुभम्.

(जनरल भीमसेन थापा र तत्कालीन नेपालको १९१ पृष्ठबाट)

दासप्रथा बन्द गर्न पाइला चाल्ने शासकहरूमा भीमसेन थापापछि श्री ५ राजेन्द्रविक्रम शाह देखा पर्छन् । उनले सम्पूर्ण नेपालराज्यभरि दासप्रथा बन्द गर्न खोजेको देखिन्छ । यो कुरा तलको पत्रबाट थाहा पाइन्छ—

श्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे श्रीमहाकालीपूर्व मेचीपश्चिम हाम्रा भरमुलुकमा चारवर्ण छत्तिस जातप्रति. आजका मितिदेषि उप्रान्त कसैले पनि आपना अर्काका छोराछोरी तेलमोल गरी तेल ठोकी कमारा कमारी नतुल्याउनु भन्या बंधेज बाँधी बक्स्यौं. जो यस बन्धेजमा नरही छोराछोरी बेचन्या किन्या गर्ला. त्यसलाई जातविसेषको डंड सासना होला. इति संवत् १८९६ साल मिति भाद्र सुदी ७ रोज ७ शुभम्

(चित्तरञ्जन नेपालीको मुख्तियार रंगनाथनामक निबन्धबाट, वि. सं. २०१२ ज्येष्ठ–आषाढको शारदाको १३६ पृ.)

यसपछि दासप्रथा बन्द गर्ने उद्योग गर्ने शासकहरूमा श्री ३ महाराज देवशमशेर देखिन्छन् । यस विषयमा उनले आपना दाजु पाल्पास्थित कम्याण्डरइन्चीफ खड्गशमशेरलाई तलको पत्र लेखी पठाएका थिए—

---

❁ यो पत्र कुन ठाउँलाई लक्ष्य गरी लेखिएको हो, बुझ्न सकिएको छैन । तर नेपालराज्यभरि यो नियम लागू भएको देखिदैंन । किनभने त्यसताका नेपालराज्यभित्र परेको कुमाउँ गढवालतिर मानिस बेच्ने काम चलेको थियो । (बदरादत्त पांडेको कुमाऊँका इतिहासका ३९७–९८ पृ., राहुल सांकृत्यायनको गढवालको २१२ पृ. र कुमाऊँको ११५ पृ. ।)

…कमारा कमारी राख्ने काइदा कौनै मुलुकमा नचलेको शास्त्रले पनि नहुने हुनाले र हाम्रा श्री ३ बडामहारानीले पैह्लेदेखि यो मन्सुवा गऱ्याको र हाल गाथ भारी भयाको हुनाले… निमित्य कमारा कमारीहरू राज्याभिषेकका दिन अमलेख गराउनलाइ श्री ५ महाराजाधिराजकहां रहेको परमभट्टा भयाको जति गैह्र सो दिन अमलेख गर्न…लाई बक्सियो. अरु भाइ छोरा भैभारदार र राजारजौटाहरूले पनि आफ्ना कमारा कमारीलाई अमलेख गराउन मंजूर गरेको हुनाले हजूरकहाँ रहेको कमारा कमारी…का निमित्य राज्याभिषेकका दिन अमलेख गराइबक्स्या सो कमारा कमारीहरूको मोल चढाउनुपर्न्या भया चढाउछु.……

(चित्तरञ्जन नेपालीको नेपालमा करियामोचनको इतिहासनामक निबन्धबाट, नेपाली २० पूर्णाङ्कका १२–१३ पृष्ठ)

देवशमशेरले कास्की लम्जुङमा रहेका कमारीहरूलाई अमलेख गर्ने विचार गरी अधिकारीहरू खटाएका थिए । यो कुरा कास्की लम्जुङमा यस कामको लागि खटिएका अधिकारीहरूलाई लेखिदिएको तलको पत्रबाट बुझिन्छ—

कमारा कमारीको धनीलाई कमारा कमारी भनी बेच्ने चलन साह्रै नराम्रो भन्न्यामसेत माथिको बेहोरा र काठको षट्टा सासको धन कति दिनलाई हुन्छ भन्न्या सुनेकै छौ. तेस्तो धन् चढाई तेस्को बदलाभा दामै दिउ भने हातमा परेको रुपया पोल्टोको षाजा भै चांडै नै षर्च भै सकिने र साहु हुनेको साहुले गाजोदियो भन्न्या छुनै नपाइने भै पछिसम्म तिमी दुनियांहरूलाई नरहने हुनाले तिमीहरूलाई र पछि सन्तान दरसन्तानसम्म पनि षान पाउने हवस भन्नानिमित्त सो तिमीहरूका कमारीको ऐनबमोजिमको मोलको चलेको दर सैका ३ रुपैयाँ उठती हुन्या तिमीहरूले नै आजसम्म चर्चा आयाको र त्यसले नपुगेको सन्धीसर्पन पाहिक मिल्दो जग्गा सन्तान दरसन्तानसम्म षान पाउने माफी बिर्ता गरिबक्सने तजबीज भयाको र त्यसमा पनि कमारासमेत अमलेख गराईदिये धनीको नातासम्बन्धै छुटी जत्रतत्र होलान्. तेसो हुन नपावस् भन्नानिमित्त कमारीलाई मात्र अमलेष गरिने कमारो अमलेष नभै करियैमा रहेपछि तिनै कमाराका स्वास्नी छोरी दिदी बहिनी फुफु बुहारीहरू अमलेष भया तापनि आफ्ना दाज्यू बाबु लोग्ने ससुरा भवा भाइ छोराका मुह्बत्ले तिमीहरूलाई छोडी अन्त जान नसक्ने भै र पारपत्र हुदा पनी ३ लम्बरमा लेषीयाको बेहोरा पारी सनद हुने हुनाले अमलेष भया तापनि तिमीहरूलाई छोडी अन्त जान नपाउने र साबिकबमोजिम षाई लाई तिमीहरूको काजकाम गरीदिने र चाडबाड बिहा व्रतबन्धमा पनी कलस बोक्ने काम गराउन पाउने हुनाले तिमीहरूलाई सब तरहबाट सुबिस्ता पनि हुने तजबीज गरिबक्सेको हुनाले आफ्ना आफ्ना जुन जुन बेहोराका जस्ता जस्ता जति जति कमारी छन्. षसोषास लेषाई देखाई देउ र माथी लेखिएबमोजिमको बीर्तासमेत साँध लागि सनद भै आउनेछ भनी राम्रा तरहले संझाई बुझाई काम गर्नू.

(नेपालमा करियामोचनको इतिहासनामक निबन्धबाट, नेपाली २० पूर्णाङ्कका १३–१४ पृष्ठ)

देव शमशेरले वि. सं. १९५८ वैशाख २२ गते आफ्नो दरबारमा जङ्गी निजामती कर्मचारी र अरू भलादमीहरूलाई भेला गराई दासप्रथा रोक्ने विषयमा भाषण गरेका थिए—

५८ साल ज्येष्ठ वदी १ रोज १ का दिन★ बेहान ७ बजे भैंबैठक्मा मीलेटरी सिविल अर्थात् जङ्गि निजामती अफिसर र अरु भलादमिका अगाडी श्री ३ महाराजाबाट ईस्पिच गरी बक्स्याको—

देस्को उन्नति हुने कुरामा सबैले तनमनले उद्योग गर्नुपर्छ. जो पराधीन भै रहन्छ. तेस्को बुद्धि पनि थूंचि रहन्छ. जसलाई स्वातंत्र्य छ. उस्को बुद्धि बल सुष बढने हुन्छ भन्न्या सबैलाई थाहा र अनुभव् छ. तसर्थ सुष र उन्नतिका कारण स्वतंत्र हुनाले र अस्तो यो हाम्रो मुलुक स्वतंत्र छ. तेस्तै यस मुलुक्का सबै मानिस पनि स्वतंत्र भया मुलुक्को स्वातंत्र्य सार्थक पनि हुने हुनाले र अघि कोहि अफिसरले आफनै कमारिलाई नेल ठोकि चुलठामा बाधी दैलाको प्वालबाट डोरि छिराई काठको मुढा झूंड्याइ सास्ति सासना गरि बुल्ठोसमेत छिनायाको कुरा हाम्रा हजूर्मा नेलसग सो कमारि आइ बिन्ति चढाउदा ज्यादा दुष परेको देषि हाम्रा श्री ३ बडामहाँरानीले सो कमारिको मोल धनीलाइ दी कमारिलाई अमलेष गराइ कमारा कमारिहरुलाइ साह्लै दूष हुदो रहेछ भनी अमलेष गराउनाको ठुलो इच्छा गऱ्याको हुनाले हाम्रा राज्य कास्कि लंजुङ्का❁ राजि हुने जतिको कमारिलाइ अमलेष गराई निज कमारीको अंनबमोजींको मोलको सयकरा ३ उठतिका दरले कमारिका धनिलाइ खेत बिर्ता दिने ईन्तिजाम भयाको छ. अमलेष भया तापनी आपना मालिकले ज्यादा दुष दिने र सास्ति सासना नगरेसम्म पुरानू मालीक्का घरमा बसि पैले गरिआयाबमोजीं कलस डोलि बोकने लगायेत सबै काम गर्नपर्छ. मालिकले जोरजुलुम गरी दुष दियेका पच्छमा नजिक अडा अमालमा भनी आफ्

★ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १९५८ ज्येष्ठ कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | २२ | शनैश्चर | प्रतिपद् | ४८ । | ५७ |

(पात्रोबाट)

यहाँ रोज ७ छापिनुपर्नेमा भूलले रोज १ छापिएको देखिन्छ ।

❁ श्री ३ महाराज जङ्गबहादुर राणाले श्री ५ सुरेन्द्रविक्रम शाहबाट कास्की लम्जुङको राजा पदवी पाएका थिए—

कास्की लम्जुङको राज्य गरी राजा पदवी नाउँ राखी श्री ५ सरकारबाट जङ्गबहादुर प्राइमनिनिष्टरलाई दिया.

(राजवंशावलीबाट, प्राचीन नेपाल ६ सङ्ख्या २५ पृ.)

यसैले यहाँ श्री ३ महाराज देव शमशेरले हाम्रो राज्य कास्की लम्जुङ भनी बोलेका हुन् ।

षुसि बसन पाउछन् भन्ने नआ ऐन हुन्याछ. अघी यूरोपको कोई हिस्सामा चाकरका चलन हुनाले सो चलन मेटाउनाका निमित्त ७ दिन काम गरेपछि एकदिन छुट्टि पाउनूपर्ने. नपायापछि सो एकदिन पनी कां गरेको ज्याला मालिकले चाकरलाई दिनुपर्छ भनि सर्कारले २० वर्षसम्म चाकरका मोल पुगने गराइ चाकरहरुलाइ स्वतंत्र गराया. आहा चाकर धनी दुवै हाम्रा दुनिआ बराबर हुनाले सोबमोजिम हुन्याछैन भन्न्या बेहोराको इसपिच बक्सदा मीलेटरी सिविल् अफिसर अरु भलादमिहरुले यो ठूलो काम भयो भनि विन्ति चढाया. श्री ५ महाराजधीराजबाट पनी यो साह्रै ठुलो कां हो. येस्मा हाम्रा दर्बारमा रहेका सबै चाकरलाई पनी अमलेष गराइदींछु भन्न्या हुकुम बक्सीयो. सोहिबमोजिम श्रीकम्याण्डरईनचौफलगायेत भाईहरुबाट पनि चढाईबक्सियो. भैमारादार भलादमीहरुले पनि आपना षुसि राजिले हामिहरु पनि कमारा कमारि चढाउछु भनी विन्ति चढाये—

बाकसमा परेका कागजहरुमा कमारा कमारि अमलेष हुञ्छन् भन्न्या हुदा चाकरले टेर्न काम गर्न छोडे. चाकर मालिक जस्ता भये. मालीक चाकर जस्ता भै काम गर्नुपरने भो भन्न्या इत्यादी धेरै अनेक तरहका सुन्नलाइ पनी दिक र रंज हुने कुरा लेषियाको रहेछ भन्न्या सुनींछ. सर्कारबाट दुनिआलाई पीर परने कौनै काम भयाको छैन. यो काममा पनी श्री ५ महाराजधिराजबाट दरबारका कमारा कमारी पनी अमलेष गर्नालाई बक्स(स्)याको र श्री कम्याण्डरईनचीफलगायेत भाई भैमारादारले असल काम हुनाले आपना षुसिले चढायाकालाई र राज्य कास्कि लंजुङ्गामा पनि राजी हुने जतिका कमारिहरुलाई मात्र मोलको सट्टा सन्तान दरसन्तान षान पाउने गरि बिर्ता बक्सी अमलेष गराउने. अमलेष भया तापनि मालिकलाइ छोडि जत्रतत्र जान नपाउन्या हवस भन्नानिमित्त पारपत्रमा काम पार नभयाको हुनाले मालीक छोडि अन्त जान पाउदैनौ. ज्यादा कुटपिठ सास्ती सासना गर्‍यो भन्या येहि सनद देषाउनु र नजिक अडा अमालबाट छुटाइदिनेछन् भन्न्या बोलि परी सनद हुने र कमारा अमलेष नभै करै रहेपछी अमलेष भयाका कमारीहरु पनि आपना छोरा नाती पोई दाज्यु भाइहरु कमाराका मायाले मालिकलाई छोडन नसकने हवस भन्नानिमित्त कमारि मात्र अमलेष हुने अञ्जाम गरीबक्स्याकोमा सबले अमलेष हुन पाईदो रहेछ भनी सलाममा कराउन आयाका अरु कमारिहरुलाई पनी मालिकले ज्यादा कुटपिट सास्ति सासना गर्‍या भन्न्या मात्र उजुर सुनिञ्छ. तेसै अमलेष हुन पाउदैनौ भन्न्या भैमारादार दुनिआहरुका सामन्ने सुनाई संझाई बुझाई कमारा कमारी मालधनीलाई सपुर्त गराई बक्सीयामध्ये रघुनाथ अधीकारीले ता बाटमा……ल भंन्या सङ्गाले समातेरै लगे. येस्तो सर्कारको निगाहा देषदा देषदै पनी समझना नपुर्‍याइ अर्कालाई दोस……आफनु सोभाव दुनिआले छोडदा रहेनछन्.

(वि. सं. १९५८ ज्येष्ठ शुदि २ सोमवारको गोरखापत्रको पछिल्तिर राखिएको पत्र, मदनपुरस्कारपुस्तकालयमा रहेको प्रतिबाट)

देव शमशेरले कास्की लम्जुङमा रहेका कमारीको अमलेख गर्न खोज्दा त्यहाँका ठूलाठालुले विरोध गरेका हुनाले त्यस कामका लागि खटिएका अधिकारीहरूको सुरक्षाको लागि सैन्यबलको

प्रयोग गर्नुपरेको थियो । यसपछि उनले कमारीको अमलेख गर्ने विचार छोडी कमारा कमारी-लाई अबदेखि एक ठाउँबाट अर्को ठाउँमा बिक्री गर्न पाइदैंन भनी वि. सं. १९५८ ज्येष्ठ ३० गते ऐन बनाएका थिए—

**नआ अंन**

**ज्यू मासियाका जातको**

**२७ नं ।। गानी जातलाई पशुतुल्य खरीद बिक्री गरी कमारा कमारी गरी राखन्या काम वेडिक देखिनाले कमारा कमारीहरूलाई धनीको काम हानी नगरी सुपत मोलको सयकडा मोहरू ३ उठतीका दरले जग्गा वीर्तासमेत धनीलाई बक्सी कमारीहरू अमलेख गरीदिनालाई हाल पैले राज्य कास्की लमजुङभरलाइ बन्दोबस्त गर्नानिमित्त हाकिम् खटी जाँदा सो राज्यका दुनिञा रैतिले आफ्ना कमारा कमारी दिदैंनौं भनी हाकिममाथि हुज्जत गर्नाको धमकीसमेत देखाउदा गोलीगट्ठासमेतको कम्पनी खटाइ हाकीमको हिफाजत गर्नुसमेत परेको हुनाले सुफत मोल दीदा पनि कमारा कमारी आफ्नै घरमा काम लाई कमारा कमारी नं गरी राखछौं भन्याकोले आफ्नै घरका कामका खातिरले मात्र कमारा कमारी अमलेख गराउन सर्कारमा नबिन्या भयापछी अरू कसैलाई पनी दिन र लीनसमेत नपाउन्या गर्नु भनी मुनासीव हो भन्या गुरु प्रोहित भैभारादारसमेतको राय हुनाले अबउप्रान्त कमारा कमारीहरू कसैले पनि किन्नु बेचनु बन्धक राखनु दानदातव्य गरी समेत लिन दिन हुदैन. कसैले स्वबमोजिम लीया दियाको ठहर्‍यो भन्या दिन्या र लिन्या-समेतलाई मोल बिगोबमोजिम दण्ड गरी सो त्यो लिया दियाको ज्यू अमलेख गराइदिनु. तेस्तो दिया लियाको जाहेर गर्न्यालाइ साबित गरायो भन्या स्व दीने लिनेलाइ भयाको (दण्डको) दसौदका दरले रुपैञा अड्डाका आम्दानीबाट स्याहा खर्च लेखी तुरुन्त दिनू. कुमारीचोकबाट पाउन्याका भर्पाइबमोजिम मोजरा हुन्याछ. इति सम्वत् १९५८ साल मिति प्र. आषाड वदि १० रोज ४†**

(वि. सं. १९५८ अधिक आषाढ शुदि १ सोमवारको गोरखापत्रबाट उद्धृत गरिएको भनी वि. सं. २०१४ भाद्र ५ गते बुधवारको गोरखापत्रमा छापिएको)

यसपछि वि. सं. १९८१ मार्ग १४ गते श्री ३ महाराज चन्द्र शमशेरले टुँडिखेलमा जङ्गी निजामती कर्मचारी र अरू भलादमीहरूलाई भेला गराई दासप्रथा रोक्ने विषयमा आफ्नो ७९ पृष्ठको भाषण माहिलागुरुज्यू हेमराजद्वारा पढाएर सुनाएका थिए—

**सभा**

**यतो धर्मस्ततो जयः**

**अस्ती मार्ग १४ गते शुक्रवारका दिन टुँडिखेलमा यौटा ठुलो सभा भयो । यो सभामा**

---

† यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १९५८ शुद्ध आषाढ कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| जेष्ठ | ३० | बुध | दशमी | ३। | ३५ |

(पात्रोबाट)

सदाकाल "सर्वे भवन्तु सुखिनः" यसैलाइ आफ्ना हृदयपटलमा अंकित गरि राखिबक्सिने अत्यन्त दयार्द्र हृदय धर्मात्माका अग्रगण्य भैं बक्सेका बडा विचारशील श्री ३ महाराजबाट यो नेपाल राज्यमा अघीदेखी रहिरहेको दासत्वको शृंखलामा बाधिइराख्ने कुप्रथालाइ मेटाउनाका निमित्तको राय लिबक्सनालाई भाइभारादार, जङ्गी–निजामती जागिरदार साहु महाजनहरू र अरू सज्जन भलाआदमीसमेत सारालाइ सामेल गराईबक्सेको थियो । करीब १२ बजे सारा मानीस जम्मा भैसकेका थिए । खरीका रुखदेखी दक्षिणतिर जङ्गीहरू थिए । पूर्व–उत्तरतिर निजामती, कमारा कमारीका मालिक, साहु महाजन र त्यहापछी वरिपरि अरू सज्जनहरू थिए । वहापछी यथाक्रमले श्रीचीफसाहेब, श्री ३ महाराज, श्री ५ महाराजधिराजको सवारी भयो । अनी श्री ३ महाराजबाट पहिले श्री ५ महाराजाधिराजका हजुरमा बिन्ती चढाउने कुरा बिन्ती चढाइ शकिएपछि श्रीमान्यबर गुरुराज हेमराज पण्डितज्यू......कमारा कमारी द्वारा अम्लेख गर्ने कुराको राय लिनालाइ ठीक भएको लामो प्रभावोत्पादक स्पीच साराले हृदयमा घाम लागे जस्तो झल्कने, स्पष्ट बुझ्ने गरी सुनाइबक्सियो । करीब पौने ५ बजे वक्तृता सिद्धियो । श्री ५ महाराजाधिराज श्री ३ महाराजको सवारी बबारतर्फ फिऱ्यो । श्रीचीफसाहेबबाट सो स्पीचको छापिएको किताब सारालाई बाँडिबक्सियो । श्री ५ सर्कार श्री ३ सर्कारकी जय भन्दै सारा मानिस आफ्ना आफ्ना घर गए ।

(वि.सं. १९८१ मार्ग १७ गते सोमवारको गोरखापत्रबाट, मदनपुरस्कार पुस्तकालयमा रहेको प्रतिबाट)

वि. सं. १९८२ वैशाख १ गतेदेखि नेपालराज्यभरि दासप्रथा बन्द गराउने ऐन निकालेर शताब्दियौंदेखि चलेर आएको यो प्रथालाई चन्द्रशमशेरले सदाको लागि बन्द गरिदिए—

१ नं।। ।। अनेक किसिमको दुःख पिरले वास गरेको दासत्व प्रथा मुलुकबाटै उठाईदिनाको पवित्र उद्देश्यले सदर मध्येश पाहाड् गैह्र यस राज्यभरका कमारा कमारिहरुको लगत खडा गरी अैलेसम्म कमारा कमारी भइरहेका बालख जवान बुढा जम्मै करियालाई सर्कारबाट ऐनबमोजिमको मोल तिरी आफुखुसी गराईदिई आजसम्म चली आएको मासिने जात भन्ने प्रथा र सो मासिने जातको कुरो परी आएमा यसो गर्नु भन्ने ऐनमा लेखिएको प्रथासमेत सच्याई दासत्वप्रथा नै यस मुलुकबाट उठाईदिएको हुनाले सम्बत् १९८२ साल वैसाख १ गते रोज २ देखीउप्राप्त यो नेपालराज्यभरमा ई अमलेख भएका ज्यूलाई वा इनका सन्तान दरसन्तानलाई अथवा अरु कसैलाईसमेत अब कसैले कमारा कमारी भनि किन्बेच गर्न र अरु कुनै किसिमबाट हक दाबी गरी व्यवहार गर्न औ विदेस्बाट खरीद गरि जाहा ल्याई करिया गराई राखन किन्न बेचन व्यवहार गर्नसमेत हुँदैन. कसैले गऱ्यो भने सो गर्नेलाई किन्बेच गरेको थैली जफत गरी जनही ७ वर्षका दर्ले कैदै गर्नु. लेखिएको अपराध फेरी पनि उसै मानिसबाट हुन गयो भने दोश्रा पटकलाई पैल्हा पटकमा हुने लेखिएका सजायको डेढो तेश्रा पटकलाई दोश्रो पटकमा हुने सजायको डेढो यस्तै हिसाबले सजाय पटक बढाउँदै लगी जनहीं २० बर्ष नपुगेसम्म कैदै गर्नु. इ आफुखुसी भएका जातको अरु कुरो परी आएमा ऐन भएकामा ऐनबमोजिम र ऐन नभएकामा

पानी चल्ने जात भए मतवाली घर्तिजातका ऐनबमोजिम र पानी नचल्ने जात भए जुन् जातको मानिस हो. उसै जातका ऐनबमोजिम गर्नु.

२ नं ।। ।। नातेदारले वा अरू कसैले पनी हाम्रा सरहदका मानिस बिराना मुलुकमा लगी बिक्री गर्न गर्न लाउने र बिक्री गर्नालाई भनी लान पठाउनसमेत हुँदैन. कसैले गरे देहायबमोजिम सजाय हुन्छ.

बिक्री गर्ने गर्न लाउनेलाइ ५०० रुपैया दण्ड गरी ७ वर्ष कैदै गर्नू. १

बिक्री गर्न भनी लगे पठाएकोसम्म रहेछ. बिक्री गर्न पाएको रहेनछ भने ७ वर्ष कैदै गर्नु. २

आफ्नु स्वास्नी आफैले बिक्री गरी सकेको भए यसै महलका ४ नम्बरका ऐनबमोजिम गर्नु. बिक्री गरी नसकेको लगे पठाएकोसम्म रहेछ भने ७ वर्ष कैदै गर्नु. ३

३ नं ।। हाम्रा सरहदका मानिसलाई ललाई फकाई वा अरु कुनै किसीमबाट पनी बिराना मुलुकको कोईलाखानी र समुद्रपार लान पठाउन हुँदैन. कसैले लगे पठाए सो लाने पठाउनेलाई कोइलाखानीको कुल्ली काम्मा भए ७ वर्ष समुद्रपार भए १० वर्ष कैदै गर्नु.

(वि. सं. १९९२ मा प्रकाशित ऐनको "ज्यू मास्ने बेच्ने" नामक प्रकरणबाट)

यसको बार्‍हौं सबालमा

पुरोहितहरूले अरू ब्राह्मणहरूको हक दक्षिणा दर्बारबाट लि ब्राह्मणलाई नदियाको ठहरिया काएल गरि जो आफ्ना घर ठहरियाको झिकी जस् जस्को दक्षिणा हो. तस तसलाई बाडिदिनु. बिचमा थान्या दबाउन्यालाई डंड गर्नु.

भनी लेखिएको छ ।

यताबाट त्यस बेला राजपुरोहितहरूले अरू ब्राह्मणहरूको दक्षिणा बीचैमा खाइदिएको शिकायत आउँथ्यो भन्ने देखिन्छ । अरू ब्राह्मणहरूलाई दक्षिणा बाँड्ने काम राजपुरोहितमार्फत हुँदो रहेछ भन्ने पनि यताबाट बुझिन्छ ।

कालिदासको मालविकाग्निमित्रमा पनि राजपुरोहितमार्फत बाहुनहरूलाई दक्षिणा बाँडिएको उल्लेख परेको छ—

उद्यानपालिका—सारसिक ! कुत्र प्रस्थितोसि ? ।

सारसिक: —मधुकरिके ! विद्यावतां ब्राह्मणानामिमां नित्यदक्षिणां मासिकीमार्यपुरोहितस्य हस्तं प्रापयिष्यामि ।

मधुकरिका —अथ किं निमित्तम् ?

सारसिक: —यत:प्रभृति श्रुतं सेनापतिना यज्ञतुरङ्गरक्षणे नियुक्तो भर्तृदारको वसुमित्र इति तत:प्रभृति तस्याऽऽयुर्निमित्तमष्टशतसुवर्णपरिमाणां दक्षिणां देवी दक्षिणीयै: परिग्राहयति ।

(मालविकाग्निमित्र पञ्चम अङ्क)

[मधुकरिका—सारसिक ! कहाँ जान लाग्यौ ?

सारसिक—पढेका बाहुनहरूलाई दिनकादिन दिनाको लागि एक महीनाको यो दक्षिणा पुरेतबाजेकहाँ लान लागेको मधुकरिका !

मधुकरिका—किन नि ?

सारसिक—अश्वमेध यज्ञको घोडाको रक्षा गर्न राजकुमार वसुमित्रलाई सेनापतिबाट खटाइबक्सेको कुरा जुन दिन महारानीबाट सुनिबक्स्यो । त्यही दिनदेखि राजकुमारको आयु–आरोग्यको कामना गरिबक्सी ८०० तोला सुन बाहुनहरूलाई महारानीबाट दिँदै आइबक्सेको छ । ]

(पूर्णिमा १५ अङ्कका २८६,२९४ पृष्ठबाट)

दण्डीले दशकुमारचरितमा पुरोहितहरूले अरू ब्राह्मणहरूको दक्षिणा खान्छन् भन्ने कुरा ठट्यौलो विहारभद्रको मुखबाट निकालेका छन्—

**पुरोहितादयः·········बहु बहु दापयित्वा तन्मुखेन स्वयमुपांशु भक्षयन्ति ।**

(दशकुमारचरित अष्टम उच्छ्वास)

[पुरोहितहरू धेरै धेरै दान गर्न लगाएर तीद्वारा सुटुक्क खान्छन् । ]

यसको चौधौं सवालमा

**नेपालया राजाको धन माल कसैले षायाको र कहैंका जमा पठाई षर्च नभयाको ठहऱ्या कायल मुकायल गरि माल फिर्ता गरि दर्बार दाषिल गर्नु. डंड पनी गर्नु.**

भनी लेखिएको छ ।

यताबाट मल्ल राजाको पालाको बाँकी रकम उठाउने कोशिश गरेको बुझिन्छ ।

श्री ५ पृथ्वीनारायण शाहले मल्ल राजाको पालाको बाँकी रकम उठाएको कुरा उनको पत्रबाट बुझिन्छ—

**(श्री ५ पृथ्वीनारायणको प्रशस्ति)**

**आगे विसंघुका भवानीशंकर पौड्याल चामु पौड्याल विरेश्वर पौड्यालके तिमिहरुथि नेपालका भाजुदेउ टौढिक नेवारका दुइ हजार महिंद्रमलि छन् भनि लांजांथ्यु. ति रुपैयामध्ये सिक्का १२० शिवानन्द पण्डितहस्ते सर्कार लाग्या. सिक्का १२० विरु षड्काहस्ते सर्कार लाग्या. फेरि सिक्का ८० विरभद्र उपाध्याहस्ते सर्कार लाग्या. बाकि भाजुदेउ टौढिक नेवारका दुइ हजार महिंद्रमलिबापत् माफ गरिबक्स्यौ. अबउप्रान्त कसैको दाबा धक्का नास्ति. संवत् १८२३ फाल्गुण शुदि १ रोज १ मुकाम षागु शुभम्**

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको १०१४ पृष्ठबाट)

कान्तिपुरका राजा जयप्रकाश मल्लको पालाको बाँकी रकम वि. सं. १८४० मा उठाउन उद्योग गरिएको कुरा तलको पत्रबाट बुझिन्छ—

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे धर्मानन्द उपाध्या दाम्धर उपाध्या बरालका छोराप्रति. महेस् पाध्याका बाबुकम फुपुसितको छित लाग्याको कुरामाहां तिमि दुइ जनाकन जयप्रगास् राजाले चार चार ४।४ हजार डांड्याछन्. डाड तिन्याको छैन गरे. तस्‌अर्थ राजाले डाडीरह्याको हाम्रो हो. यो मोहोर देषत भिम् षवासमार्फत★ भरिदेउ. ति दण्डका रुपैया नअट्‌काव. बांकि मकुवानिका पालामहा तिमालपूर्व

---

★ यी भीम खवासको परिचय पूर्णिमा २१ अङ्कका ५०–५१ पृष्ठमा दिइएको छ ।

भीम खवासको अर्को अभिलेख पाइएको छ । नक्साल भगवती बहालनजीकै भित्तामा टाँसिएको अप्रकाशित त्यो शिलालेख तल दिइन्छ—

स्वस्ति अद्य ब्रह्मणो द्वितीयपरार्द्धे स्व(श्वे त)वराहकल्पे वैवस्वतम(न्व)न्तरे अष्टाविस (श)तितमे चतुयु(युं)गस्य करे(लेः) प्रथमपादे जम्बुदीपे(जम्बूद्वीपे) भरतखंदे(खण्डे) भारतबर्षे आर्य्यावर्तदेशे हिमवद्दक्षिणपादे नैपालमंडल(मण्डले) श्री ३. पसु(शु)पतिसनि(सन्नि)धाने वाग्म(ग्व)त्याः पस्चि(श्चि)मकु(कू)ले विष्णुमत्या(:) पूव(र्व)कु(कू)ले श्रीमत्काति(कान्ति)पुरमहानगरे श्रीगांगुलके श्रीयबु(यम्बु)जमलेस्व(श्व)रभट्टारकस्थाने ए(इ)हैव पुण्यभु(भू)मौ ॥ वैसा(शा)षसु(शु)दि ११ बृहस्पतिवार एतस्मिन्दिने मखनटोल भेलाछिको श्रीमुलुकदेवान भीम षवासले स्वहस्तेन स्वविद्यमानेन स्ववाचा प्रतिपन्न-भुक्त्तेन पु(पू)र्वकयथासा(शा)स्त्रोक्तफलप्राप्तिकामनया अस्मिन्धर्मसरा(शाला)मन्दिरं कृत्वा ॥ बत्त(त्तं)॥ प्रि(प्री)ति(पूर्वकं) संप्रदत्तं ॥ अतष्परं(अतःपरं) देशभाषा. यो बत्त कसैले नासुनुछैन. नासिदिया पंच(पञ्च)महापातक लाग्छ. वेस गरि दत्त बनायादेषि आयुरारोग्य-मैस्व(श्व)र्यंजनधनसंतानि वृद्धि होला ॥ दत्त बनाउदा चिताकारि असनटोल नासलननिको धनदत्त नेवार ॥ सम्वत(त्) १८४२ साल वैशाखसु(शु)दि ११ रोज ५ प्रतिस्था(ष्ठा) दिन सु(शु)भम्

[ब्रह्माजीको दोस्रो परार्द्धमा, श्वेतवराहकल्पमा, वैवस्वत मनुको पालामा, अठ्ठाइसौं युगमा, चारौं युग कलियुगको पहिलो पाउमा, जम्बूद्वीपमा, भारतवर्षमा, आर्यावर्तमा, हिमालयको दक्षिण-तिर रहेको नेपालदेशमा, श्रीपशुपतिको नगीचमा, वाग्वतीको पश्चिमपट्टि, विष्णुमतीको पूर्वपट्टि रहेको पुण्यभूमि कान्तिपुरमा, श्रीगाङ्गुलकमा, श्रीयम्बु (कान्तिपुर) का जमलेश्वर (मच्छिन्द्रनाथ) को स्थानमा वैशाख शुक्ल एकादशी बृहस्पतिवारको दिन मखनटोल भेलाछिका मुलुकीदेवान भीम खवासले आफ्नो हातले आफैं बसीकन आफ्नै बोलीले आफूले भोग गरिरहेको सम्पत्तिबाट शास्त्रमा बताएबमोजिमको फल पाउने इच्छाले धर्मशाला र मन्दिर बनाएर प्रीतिपूर्वक चढाए।]

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४२ वैशाख शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| ज्येष्ठ ९ | बृहस्पति | एकादशी | ५७। | ३० |

(पात्रोबाट)

एस् कुराको प्रायश्चित्त गऱ्या तिमिलाइ हट्केइको थियो. कस्का र्मज प्रायश्चितले हार्लहर्मा पतरि जोरि राष्याछौं. एस् कुराका पनि तिमि सांहिधुवै हौ. सम्वत् १८४० जेष्ठ वदि ८ रोज ७ ❦ शुभम्

(पछिल्तिर)

मार्फत् तहसिलदार देवान भिम षवास

षजांचि गर्भु षवा

(मोहननाथ पाँडेको पुख्यौंली सङ्ग्रहमा रहेको अप्रकाशित पत्र)

यसको बीसौं सबालमा

६० सालदेषि वढो भांग चरस षान्या जुवा षेलन्यालाई कायल मुकाएल गरि अघि डंड गऱ्याबाहिक अब्लाई डंड गर्नु. आजउप्रान्त षेलन्या षान्यालाई जातअनुसार जोय सासना होला भनि अदल फिराईदिनु.

भनी भाँग चरस खाने र जुवा खेल्नेलाई कडा दण्ड गर्ने जनाउ दिइएको छ ।

श्री ५ पृथ्वीनारायण शाहको वि. सं. १८२६ को वसन्तपुरको अभिलेखमा यस्तो लेखिएको छ—

राजानः सन्ति नो किं दिशि दिशि धरणीपालवंशाब्धिजाता
द्यूतस्वापाबलासु प्रणिहितमनसो दानयुद्धप्रहीणाः ।
पृथ्वीनारायणेशो रिपुदवदहनप्रौढदावानलोऽसौ
दाने मेघोपमानो जयति निजधरावारितद्यूतदोषः ॥३॥

[जुवामा लहसिएका, सुती सुती दिन काट्ने, आइमाईहरूमा भुलेका, दान नगर्ने, लडाईं-भिडाइँदेखि हटेका, अनेक राजकुलमा जन्मेका राजाहरू त के जताततै पाइँदैनन् र ? यहाँ पृथ्वीनारायण शाह डढेलोले वन डढाए झैं शत्रुहरूलाई सखाप पार्नुहुन्छ । बादलले पानी बर्साए झैं दान गर्नुहुन्छ तथा उहाँले आफ्नो राज्यभर जूवा बन्द गरिसक्नुभएको छ ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ४२८–२९ पृष्ठबाट)

---

❦ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४० ज्येष्ठ कृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी |
|---|---|---|---|
| जेष्ठ १३ | शुक्र | सप्तमी | ३ |
| जेष्ठ १४ | शनि | नवमी | ५६ |

(पात्रोबाट)

यहाँ पञ्चाङ्गमा अष्टमी टुटेको छ । यस कारण पत्रमा पञ्चाङ्ग नहेरी सप्तमीको भोलिपल्ट अष्टमी भनी लेखिएको देखिन्छ । यस कारण यो पत्र वि. सं. १८४० ज्येष्ठ १४ गते शनिवार लेखिएको देखिन्छ ।

वि. सं. १८५५ फाल्गुनमा श्री ५ रणबहादुर शाहले आफ्ना डेढ वर्षका छोरा गीर्वाणयुद्धलाई राजगद्दीमा राख्ने बेलामा गरिदिएको ताम्रपत्रमा पनि जूवा खेल्ने भाँग खानेलाई कडा दण्ड दिनू भनी लेखिएको छ–

जांड भाग नषानु. जुवा नषेलनु.

जांड भाग षाया जुवा षेल्या......हात काटनु. गुह्र षुवाउनु. हुस तुल्याइ गदाहामा चह्राइ देस फिराइ निकाला गर्नु.

(श्री ५ रणबहादुर शाहका १२८–२९ पृष्ठबाट)

पं. सुन्दरानन्द बाँडाले रणबहादुर शाह नेपालमा नभएको बेलामा भारादारहरूले जूवा खेलेर भाङ खाएर दिन बिताउन थाले भनेर लेखेका छन्–

भारादार्ले भर्दा सहि फरदमहाँ दूनियाँ सब् भयामा
पश्चात्ताप्ले सबैले अघि गरनु पछी एक गोल बोल् भयामा ।
काशीवासी त स्वामी फिरङिसंग मिली क्याप गर्छन् घडर्मा
भाराले दार राषी यक मत नभया क्या गती होलि देशमा ।।१२४।।

उसै ताकमा सबै भारदारसमेत दुनिञाले रातबिरात जुवा षेल्दा रहयाछन्. भारदारले दशषत्मा फर्दमा एकाको सहि भया ता एकै निसाप् सबैको हुन्छ. सबैका एक गोल एक बोल हुंदामा अघि नै गर्न्या मतो पछि गरेर क्या पुग्दछ आजकाल्मा श्री ५ स्वामिज्यू काशी-बास गर्दामा फिरङिसंग मिल्यो भन्या क्याप गर्दैनन्. यो पनि चित्तको डर लाग्यो पनि देशको पनि क्या गतिकन होला भनि मन लाग्या ।।१२४।।

खेल्छन् रात् दीन जूवा कति कति विजया फुक्तछन् कोहि रुन्छन्
निःशङ्कै बात हाँक्छन् कति अति खुशि छन् कोहि रात् दिन् ध्वरिछन् ।
काम्का पर्काक पर्छन् दिइ पनि नमिली कोहि सन्दूक भर्छन्
एक्ले एकै थिया सब् यकबिनु दुनिञा ढेर्प्रकारका रहेछन् ।।१२५।।

ऐलेका भारादार दुनिञासमेत रातबिरात जुवा षेलनामा लाग्याका छन्. कोहि गाँजा लि खान्छन्. गाँजाले मातियाका भारादारले क्या सहि राष्तछन्. गाजाका डम्काले कोहि रुदै रहंछन्. कोहि चित्तमा केहि शंका नराषि मनोज्ञ बात बोल्दछन्. कोहि उसै ठाउ बसि फाकाफाक षानापिना गर्छन्. कोहि बक्सिस भयाका पनि वस्तु पाउदैनन्. कोहि सन्दूक भरि राष्तछन्. एस्तै गरिकन एक स्वामिज्यू विना भारदारसमेत दुनिञा नानातरहका भैगयाछन् भनि श्री ५ महाराज गीर्वाणयुद्धबाट चित्तमा खेदकन लिदा भया ।।१२४।।

(त्रिरत्नसौन्दर्यगाथाको १६९ पृष्ठबाट)

यसको बाइसौं सवालमा

कनकापश्चीम गढपुर्व हाम्रा अम्बल भयादेषि ऊढो चौरीबाहिक गोवध गर्न्या अघि डंड नतिन्याको डंड तिरि फेरि गोवध गर्न्यालाई काएल गरि हाम्रा हजुर पुर्‍याऊनु. गोवध गर्‍याको चाल

**पाई दबाउन पस्न्या अम्बाली गाउल्यालाई डंड गर्नु. आजदेषि गोवध नगर्नु. गर्न्याको जिय धनमा पर्ला भनि सुनाईदिनु. अबउप्रान्त गोवध गर्न्याको अम्बालीले जिवै मारिदिनु.**

भनी लेखिएको छ ।

यहाँ गोवध गर्न रोक लगाइएको छ, तर चौरीको वध गर्नचाहिँ रोक लगाइएको छैन ।

नेपालको इतिहासमा गोहत्या गर्न रोक लगाइएको उल्लेख भएका पहिला पहिला उदाहरणका रूपमा वि. सं. १४७१ को यक्ष्लिवर्माको पाटन भण्डारखालको अभिलेख र वि. सं. १४८१ को ज्योतिर्मल्लको पालाको काष्ठमण्डपको अभिलेखलाई अघि सार्न सकिन्छ । ती दुइ अभिलेखका गोहत्यासँग सम्बद्ध अंश तल दिइन्छन्–

**थ्व निक्षेप दान याङा बुँ श्रीश्रीराजकुल श्रीपात्रलोक स्वबांधवलोक सुछिनो··· लोपालोप यावमटेव······लोपालोप याकाले ब्रह्महत्या गोहत्या स्त्रीहत्या··· या फल लाक्व जुरो.**

(वि. सं. १४७१ को यक्ष्लिवर्माको पाटन भण्डारखालको अभिलेखबाट, अभिलेख–सङ्ग्रह १० भाग. ३ पृ.)

[यो दान गरेको खेतको लोप श्रीराजकुल श्रीपात्रलोक आफ्ना नातेदार कसैले गर्न हुँदैन। लोप गरे ब्रह्महत्या गोहत्या स्त्रीहत्याको पाप लागोस् ।]

**कदाचित् थ्व भाषा सुना लोप परद्रोस(ह) गोहत्या स्त्रीहत्या ब्रह्महत्या······दंड माल्व जुरो.**

(वि. सं. १४८० को ज्योतिर्मल्लको पालाको काष्ठमण्डपको अभिलेखबाट संस्कृत–सन्देश ६ अङ्क ७ पृ.)

[कदाचित् कसैले यो लोप (गरेमा) परद्रोह गोहत्या स्त्रीहत्या ब्रह्महत्या दण्ड लागोस् ।]

मल्लकालका अभिलेखमा गोहत्या गर्न रोक लगाइएको उल्लेख प्रशस्त मात्रामा पाइन्छन् । तिनका केही उदाहरण तल दिइन्छन्–

**आओनलि राजासहितन सुनानं थ्व सारिक थ्व साहामन सनकाओ ह्लयाओ पिचिर चिचिर याङनं सनसा कोटि शिवलिंगध्वंसन. कोटि ब्रह्महत्या, कोटि गोहत्या, कोटि स्त्रीहत्या, कोटि बालहत्या, कोटि गुरुहत्या, कोटि अगम्यागमन, कोटि अभक्षाभक्षन थ्वते आदिन पाप राक जुरो.**

(वि. सं. १७१२ को प्रताप मल्लको पशुपतिको अभिलेखबाट, अभिलेख–सङ्ग्रह ३ भाग १० पृ.)

[अबदेखि राजासमेत कसैले यो सालिक यो शिलापत्र बिगारे थिचोमिचो गरे नासे करोड शिवलिङ्ग बिगारेको पाप, करोड ब्रह्महत्या गरेको पाप, करोड गोहत्या गरेको पाप, करोड स्त्रीहत्या गरेको पाप, करोड बालहत्या गरेको पाप, करोड गुरुहत्या गरेको पाप, करोड जान नहुने मानिससँग गएको पाप, करोड खान नहुने कुरा खाएको पाप आदि पाप लागोस् ।]

**थ्वति मानय मयातसा श्री ३ इष्टदेवताया कुदृष्टि श्रीश्रीथाकुलया गुणागाहार लाक जुरो. गोब्राह्मणादिहथ्या पञ्चमहापातक लाक जुरो.**

(वि. सं. १७३२ को सिद्धि सिंह मल्लको पाटन भण्डारखालको अभिलेखबाट, अभिलेख–सङ्ग्रह ६ भाग १३ पृ.)

[यो नमाने श्रीइष्टदेवताको कुदृष्टि परोस्, श्रीराजाको अपराधी ठहरोस्, गोहत्या ब्रह्महत्या आदि पञ्चमहापातक लागोस् ।]

**चोस्यं तको मनिस्त्रपं लोभ याकाले गोब्राह्मणादि पञ्चमहापातक लाक जुरो.**

(वि. सं. १७३७ को श्रीनिवास मल्लका जुवाईं अमरसिंह र छोरी कीर्तिमङ्गलाको पाटन वंशगोपालमन्दिरको अभिलेखबाट, अभिलेख–सङ्ग्रह ६ भाग १८ पृ.)

[लेखेको कुरा पूरा नगरेर लोभ गरे गोहत्या ब्रह्महत्या आदि पञ्चमहापातक लागोस् ।]

**थ्व साहासन रोहो गोह्नं राजानं सुनानं सेनकाओ सनसां गुप्त याङा वस वसा ब्रह्महत्या गोहत्या गुरुहत्या बालहत्या स्त्रीहत्या थ्वते पंचमहापातक लाक जुरो.**

(वि. सं. १७५० को ऋद्धिलक्ष्मीको चाँगुनारायणको अभिलेखबाट, संस्कृत–सन्देश ६ अङ्क ३७ पृ.)

[राजाले र अरू कसैले पनि यो शिलापत्र बिगारे ब्रह्महत्या गोहत्या गुरुहत्या बालहत्या स्त्रीहत्या यी पञ्चमहापातक लागोस् ।]

**निकोया खरगाहाया ह्लवनपूजाया खं ह्लापा परिपातिथ्यं ग्वह्मनं मधरपरसां, थ्वते चोस्य तको देवताया कुदृष्टि, गोब्राह्मणादि पञ्चमहापातक लाक जुरो.**

(वि. सं. १७५२ को जितामित्र मल्ल र योगनरेन्द्र मल्लको सन्धिपत्रबाट)

[निकोको, खरगाहको, ह्लवनपूजाको (राता मछिन्द्रनाथको महास्नानविधानको) कुरा पहिलेको परिपाटीअनुसार जसले चलाउँदैन, उनलाई यहाँ लेखिएजति देवताको कुदृष्टि गोहत्या ब्रह्महत्या आदि पञ्चमहापातक लागोस् ।]

(ऐतिहासिक–पत्रसङ्ग्रह दोस्रो भागका १८–१९ पृष्ठबाट)

हिन्दूराष्ट्र नेपालमा गोहत्यामा रोक लाग्नु त सामान्य कुरा भयो । तर यहाँ चौंरीलाई मार्न रोक नलगाइएकोले चौंरीलाई गाई नमानेको देखिन्छ अमरकोशमा पनि चौंरीलाई मृगविशेष मानिएको छ–

**कृष्णसाररुरुन्यङ्कु रङ्कुशम्बररौहिषाः ।**
**गोकर्णपृषतैणर्श्यरोहिताश्चमरो मृगाः ॥१०॥**
**गन्धर्वः शरभो रामः सृमरो गवयः शशः ।**
**इत्यादयो मृगेन्द्राद्या ॥११॥**

(अमरकोश द्वितीयकाण्ड सिंहादिवर्ग)

[कृष्णसार, रुरु, न्यङ्कु, रङ्कु, शम्बर, रौहिष, गोकर्ण, पृषत, एण, ऋश्य, रोहित, चमर (चौंरीगाई), गन्धर्व, शरभ, राम सृमर, गवय (गौरीगाई), शश (खरायो)–मृगविशेष हुन् ।]

यसको चौतीसौं नबालमा

**६१ साल ६२ सालदेषि जफ्त भयाका षेत थुम थुम सहर सहर गाऊं गाऊंमा कति षेत जफ्त भयाछन्. वेक्त वेक्त गरि लेषनु. ई २ सालका बाली स कस्ले षायो. कस्का पेटमा**

गयो. सो षसोषास लेषि ६३ सालको बाली षान्या गरि आली कुन कुन कंपनीलाई गयेछ. कम्पनीब हिक् कस् कस्ले पायाको रहेछ. सो बुझि लेषि हाम्रा हजुर चह्राई पठाऊनु नबक्सी षान्यालाई दोबर डंड लिनु

भनी लेखिएको छ ।

यताबाट बामर्ठु हरण भनी प्रसिद्ध भएको काण्डसम्बन्धी कामको शुरु वि. सं. १८६१ मै भइसकेको देखिन्छ ।

भाषावंशावलीमा यो काण्ड वि. सं. १८६२ मा भएको हो भनी लेखिएको छ–

ब्राह्मणका कुश कस्तो हो भनी मुठ्या थापा विश्राम षत्री साँढ्या दाहालप्रभृति अषत्यारी गराई थुमथुममा जाँच पठाई यस्तै कुसहीविसही गरी ६२ ६३ सालमा भरमुलुकको ब्राह्मणहरूका बिर्ता खेत जफत गरी देवताको पनि जफत गरी पल्टनका जागीरमा भर्ना गरिदिया ।

(भाषावंशावलीबाट)

यस वेला हरिएका विर्ता पछि वि. सं. १९०३ मा फिर्ता दिने घोषणा गरिएको थियो । यो कुरा तल उद्धृत पत्रबाट बुझिन्छ । यसमा पनि यो काण्ड वि. सं. १८६२ मै भएको हो भनी लेखिएको छ–

(श्री ५ राजेन्द्रको प्रशस्ति)

आगे हाम्रा मुलुकका ब्राह्मण र (देवदेवता)का पुजाहारी गुठीयारहरूके ६२ सालमा ब्राह्मणहरूका बिर्ता (देवदेवता)का गुठी हरण हुनाले दर्बारमा कहिल्ये पनि सुबिस्ता हुन्या भयेन. ती गुठी फोडबक्स्या सर्कारको बढीया हुन्याछ भनी श्रीप्रायमिनिस्टर यान् कम्यान्डरइन्चीफ जनरल जंगबहादुर कंवर राँह्ने हाम्रा हजुरमा बिंति पार्दा ६२ सालमा जबद भयाको बिर्ता गुठि तालमा दरियाका छन. त्यो झिकि बहाल गऱ्याइदिनलाई कंपु पल्टन कंपनि रहन्या भएन. कंपु पल्टन कंपनि नरहन्या दुस्मनको प्रबल भै हिन्दुको (धर्म)कर्म रहोइन. जबद भयाको गुठि बिर्ता पनि सट्टा पाउन्या कंपु पल्टन कंपनि रही मुलुक थामी हिन्दुको (धर्म)कर्म पनि रहन्या कुराको तजबीज गरि षतवापत हरियाका र जाँच भै कट्टी भयाका बाहेक ६२ सालमा हरण भयाका तिमिहेरूका बिर्ता र (देवदेवता)का गुठि षेत पाषाको मध्येश पाहाडका वैरान पर्ती बाझा जमिनमा हाम्रा हुकुमले लालमोहर भै बंद भयाका जग्गा र गौचर सन्धीसर्पन पर्न्या जगाबाहि(र)का जगामा सट्टा लिनु भनी जगा आबाद गर्नालाई यथाशक्ति रुपैया बक्सी १९०४ सालका बालीदेषि गुठि बिर्ताको सट्टा बक्स्यौं. षतबापत हरियाका र जाँच भै कट्टि भयाका बाहेक ६२ सालमा हरण भयाका आफना बिर्ता र (देवदेवता)का गुठी षेत पाषो जति जति छ. षसोषास सदर दफदरषानामा लेषाइ जाँचबुझ गराइ मध्येस पहाडका वैरान पर्ति बांझो जमिनमा हाम्रा हुकुमले लालमोहर भै बंद भयाका जगा र गौचर सन्धीसर्पन पर्न्याबाहेकका जगामा सट्टा ली जगाअनुसार पायाको षर्च रूयाने जग्गा आबाद गरी मुगलानीया रयेत ल्याई बसाउनु (नेपालका) रयेत लैगी नबसाउनु. आफ्ना षातिरज्मासंग हाम्रो जय मनाइ

गुठी बिर्ता जानि भोग्य गर. इति संवत १९०३ साल मिति मार्ग वदि १२ रोज १* शुभम्★
(श्री ५ रणबहादुर शाहका ८३–८४ पृष्ठबाट)

परन्तु यो पत्रअनुसार काम भएको देखिदैंन ।

चतुरा जङ्गबहादुरले आफ्नो पक्षमा मानिसहरूलाई तान्न यो प्रचार गराएको देखिन्छ । पछि श्री ३ महाराज रणोद्दीपसिंहले वि. सं. १९४२ भन्दा केही अगाडि वि. सं. १८६२ मा हरिएका बिर्ता फिर्ता दिने काम शुरु गरेका थिए । त्यसअनुसार केहीले बिर्ता फिर्ता पनि पाएका थिए । तर वि. सं. १९४२ मा रणोद्दीपसिंह मारिएकाले उनले शुरु गरेको त्यो काम अधुरो नै रह्यो❁ ।

यो पत्र लेखिएको १८ दिनपछि वि. सं. १८६३ वैशाख १४ गते स्वामी महाराज रणबहादुर शाहको मृत्यु भएको हो । यतासम्मका कुराबाट रणबहादुर शाहको मृत्यु हुनुभन्दा १८ दिन-अगाडि लेखिएको यो पत्र अनेक दृष्टिले महत्त्वपूर्ण छ भन्ने स्पष्ट हुन्छ ।

---

*यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

बि. सं. १९०३ मार्ग कृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| मार्ग २ | आदित्य | द्वादशी | ४८। | ५५ |

(पात्रोबाट)

★यही वेहोराको यही मितिको पत्र काजी जयबहादुर कुँवर (श्री ३ जङ्गका काका बलरामका छोरा) को नाउँमा भई यसको बन्दोबस्त गर्ने काम उनलाई सुम्पिएको थियो । (जनरल भीमसेन थापा र तत्कालीन नेपालका २८३–८४ पृ.)

❁मेरा मातामह पं. भुवननाथ पाँडेबाट मैले यो कुरा सुनेको हुँ भन्ने श्रीपिताज्यू पं. नयराज पन्तको भनाइ छ ।

–★–

# नेपालसँग वजीर अलीकाण्डको सम्बन्ध

**—महेशराज पन्त**

ब्रिटिश इस्ट इन्डिया कम्पनी र नेपालको सम्बन्धको इतिहासमा वजीर अलीकाण्डले ठूलो ठाउँ ओगटेको छ । तर यस विषयको राम्रो विचार कसैले गरेको देखिएको छैन । यस कारण नेपाल तथा कम्पनी दुवै तर्फका पाइएसम्मका कागतपत्र केलाई यो निबन्ध तयार गरिएको छ।

अवधका नवाब आसफुद्दौलाको वि. स. १८५४ असोज ९ गते देहान्त भएपछि उनका छोरा वजीर अली अवधको गद्दीमा बसे । इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल (प्रधान शासक) जन शोरले पहिले त वजीर अलीलाई नवाब स्वीकार गरे । तर वजीर अलीबाट भन्दा उनका जेठा बाबु सआदत अलीबाट आफ्नो स्वार्थ बढी पटने देखी वजीर अलीलाई खोसेर सआदत अलीलाई नवाब बनाउने विचार जन शोरले गरे । यसपछि वजीर अली त आसफुद्दौलाका छोरै होइन रहेनछन् भन्ने हल्ला जन शोरले पिटाए । अनि वजीर अलीलाई खोसी जन शोरले वि. सं. १८५४ माघ ११ गते सआदत अलीलाई अवधको गद्दीमा बसाले । वजीर अलीचाहिं कम्पनीसरकारको निगरानीमा बनारसमा ल्याई राखिए[1] ।

आफ्नो स्थितिदेखि असन्तुष्ट भएका वजीर अलीले काबुलका राजा जमान शाहको मदतले फेरि राज्य हात लाउन कोशिश गरेको थाहा पाएर कम्पनीसरकारले कडा निगरानीको लागि उनलाई कलकत्ता सार्ने विचार गऱ्यो[2] ।

---

१. जेम्स मिलद्वारा रचित होरेस हीम्यान विल्सनद्वारा परिवर्द्धित द हिस्टरि अफ् ब्रिट्-इश् इन्डिअ (भारतमा अंग्रेजी शासनको इतिहास)को पाँचौं संस्करणको छैठौं भागका ३४–३९ पृ.

वामनदास वसुको राइज् अफ् द क्रिस्चन् पाउअर् इन् इन्डिअ (भारतमा क्रिस्तानी राज्यको उदय)को दोस्रो भागका २५२–२५८ पृ. र ३४६–३४७ पृ.

जेम्स बर्जेसको द क्रोनलजि अफ् मडर्न् इन्डिअ फर् फोर हन्ड्रेड यरज् फ्रम् द क्लोज् अफ् द फिफ्टिंथ् सेन्चुरइ ए. डी. १४९४–१८९४ (वि. सं. १५५१ देखि १९५१ सम्मको आधुनिक भारतका घटनाका तिथ्यावली)का २७२–७३ पृ.

धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित ऐतिहासिक–पत्रसंग्रहको पहिलो भागको ८८ पृ.

२. प्रसीड्इङ्ज् अफ् मीट्इङ्ज् अफ् इन्डिअन् हिस्टर्इकल् रेकर्ड्ज् कमिशन् (भारतीय ऐतिहासिक पत्रपरिषद्का कार्यकलाप)को चौधौं भागमा छापिएको कालिकिङ्कर दत्तको सम् अन्पब्लिशड् डक्युमन्टस् रिलेटइङ् टु द कन्स्पिरएसि अफ् वजीर् अली (वजीर अलीविषयक दुर्मन्त्रसम्बन्धी अप्रकाशित केही पत्र) भन्ने निबन्ध, सो ग्रन्थको ७६ पृ.

वजीर अलीलाई कलकत्ता लैजाने कुरा उनको कानमा पारिदिनू भनी इस्ट इन्डिया कम्पनीका प्रधान शासक वेलेस्लीले बनारसमा राखिएका आफ्ना रेजिडेन्ट (दूत) जर्ज फ्रेडरिक चेरीलाई अह्राएका थिए । यसैले चेरीले वजीर अलीलाई यो कुरा सुनाए[3] ।

यो कुरा सुन्दा वजीर अलीले बाहिर रिस देखाएनन्[4] । तर वि. सं. १८५५ माघ ४ गते बिहान आफ्नो पक्षका केही मानिस साथ लिई वजीर अली चेरीकहाँ गए । त्यहाँ उनले चेरी-लगायत ४ जना अंग्रेजलाई मारिदिए तथा एकजना अंग्रेज व्यापारीलाई नराम्रोसँग घाइते तुल्याइदिए । यसपछि त्यही दिन साँझमा उनले बनारस छोडे[5] ।

---

३. उपर्युक्त ग्रन्थको ७६ पृ.

४. उपर्युक्त ग्रन्थको ७६ पृ.

५. उपर्युक्त ग्रन्थको ७७ पृ.

टु अब्भिग$_3$ट् दि इफेक्टस् अफ् इग्ज्यॉज्अर्र्$_3$टइड् रिप$_3$र्टस्, ह्विच् मे$_3$ ह्यॉभ् अराइज्इन् इन् कन्सिक्वन्स् अफ् वट ह्यॉप्न्इड् हीर अन् द १४ थ् इन्स्टन्ट्, आइ थ$_3$ट् इट् नेस्इ-सरइ टु इन्फ$_3$र्म् यू, द्यॉट् मिन्स् द फराइट् अफ् भिजीर् अल्लि अन् दि ईभनिङ अफ् द्यॉट् डे$_3$, नो डिस्टर्ब्यॉन्स् वट् एभ्अर् ह्यॉज् अकर्ड् इन् माइ डिभिझन्, न$_3$र् फ्रम् दि इन्टेल्-इजिन्स् आइ ह्यॉभ् प्रक्यूर्ड्, इन् एन्इ पार्ट् अफ् द बनारस् डिस्ट्रिक्ट् द्यॉट् यॉट् प्रेज्'न्ट् द सिट्'इ इज् इन् अ स्टे$_3$ट् अफ् पर्फिक्ट् ट्र्यॉङक्विल्'इटि दि इनह्यॉब्'इटचॉन्ट्स् फल्'ओइङ् दे$_3$र् कम्'टम्ए$_3$र्'इ अक्युपे$_3$शन्ज्, विद् द बजार्ज् अ$_3$ल् ओ'पन् यॉन्ड् अटेन्ड्'इड् यॉज् रेग्'युलर्लि यॉज् यू'झुअल् बाइ द कन्ट्रि पीप्ल्; यॉन्ड् द्यॉट् आइ ह्यॉभ् नो क$_3$ज् टु यॉप्-रिहेन्ड्' द रिन्यूअल् अफ् अटेम्टस् टु डिस्'टर्ब् द पब्'लिक पीस् आइ'दर् इन् बिहाफ्' अफ् भिजीर्' अल्लि' अ$_3$र् अभ् एन्'इ अद्'अर् पर्'सन् ।

द फल्ओइङ आर् दि युरपि'अन्ज् हू फेल् भिक्टिम् टु दि अस्यॉस्'इनज् अन् द १४ थ् इन्स्टन्ट्:–

मिस्'टर चेर्'इ
क्यॉप्'टिन् कन्'वे$_3$
मिस्'टर रबर्ट ग्राहम
मिस्'टर् रिच्'अर्ड् इभान्ज्
} किल्ड् ।

मिस्'टर् हिल् (ट्रे$_3$ड्अर्) डे$_3$न्'जरस्लि वून्ड'इ$_3$ड् ।

(बनारसका फौजदारी म्याजिस्ट्रेट (प्रदेष्टा = कण्टकशोधक)ले पटनाका म्याजिस्ट्रेट (धर्मस्थ)लाई वि. सं. १८५५ माघ ८ गते लेखेको चिठी । यो चिठी उपर्युक्त ग्रन्थका ७८–७९ पृ. मा छापिएको छ ।)

[यही माघ ४ गते यहाँ घटेको घटनालाई लिई अत्युक्तिपूर्ण हल्ला उठेको हुँदो हो । यी

चेरीलगायत ४ जना अंग्रेजलाई मारी वजीर अली बनारसबाट भागे भनी बनारसका कण्टकशोधकले कलकत्तामा लेखी पठाए । वजीर अली आजमगढमा बसिरहेछन् भन्ने हल्ला छ भनी बनारसका कण्टकशोधकले सो चिठीमा लेखेका थिए[6] ।

यस वेला प्रधान शासक वेलेस्ली मद्रासमा थिए । यसैले कम्यान्डर–इन–चीफ (प्रधान सेनापति) अल्युरेड क्लार्कले यो खबर पाउने बित्तिकै माघ १० गते वेलेस्लीलाई चिठी पठाए[7] ।

यसपछि कम्पनीसरकारले आजमगढमा बसेका सेनापति अर्स्काइनलाई वजीर अलीलाई पक्रने आदेश दियो । कसैले वजीर अलीलाई जिउँदै वा मारेर बुझाउन ल्याएमा २० हजार रुपियाँ इनाम दिनू भनेर पनि कम्पनीसरकारले अर्स्काइनलाई अह्राएको थियो[8] ।

---

हल्लाका असर हटाउन तपाईंलाई खबर दिनुपर्ने मैले ठानें। खबर के हो भने त्यस दिनको साँझमा वजीर अली भागेदेखि कुनै किसिमको गडबडी मेरो मातहतको इलाकामा भएको छैन, न बनारस जिल्लाका कुनै ठाउँमा गडबडी भएको खबर मैले पाएको छु, पूरा बजार खुलेका छन् र नियमित रूपले सधैंको जस्तो गाउँलेहरू त्यहाँ गएका छन्, अहिले सहरमा पूरा शान्ति छ र बासिन्दाहरू आआफ्ना धन्दामा लागेका छन् । त्यसैले वजीर अली वा अरू कुनै मानिसको पक्ष लिएर लोकमा शान्तिभङ्ग हुने प्रयत्न फेरि कतैबाट होला भनी डर मान्नुपर्ने कारण म देख्तिनं ।

तल उल्लेख गरिएका यूरोपवासीहरू यही माघ ४ गतेको दिन ज्यानमाराहरूका फेला पर्नुभयो ।

श्रीचेरी<br>
कप. कन्वे<br>
श्रीरबर्ट ग्राहम<br>
श्रीरिचार्ड इभान्ज } मारिनुभयो ।

श्री हिल (व्यापारी) निकै घाइते हुनुभयो। ]

६. फ्रम् दि इन्टेलइजिन्स् रिसीभ्ड् फ्रम् द म्याजइस्ट्रिट् अफ् बनारस् दर इज् रीज़न् टु सपोज् द्याँट् भिजीर् अल्लि ह्याँज् फ्लेड् टु आजम्गर् ।

(कम्पनीसर्कारका सेक्रेटरी (सचिव) बर्लोले लखनौमा राखिएका अंग्रेज दूत जन लम्स्डेनलाई वि. सं. १८५५ माघ १० गते लेखेको चिठीबाट । यो चिठी उपर्युक्त ग्रन्थको ७९ पृ. मा छापिएको छ ।)

[बनारसका कण्टकशोधकले पठाएको खबरको आधारमा वजीर अली आजमगढतिर भागे भनी अन्दाज गर्ने ठाउँ छ ।]

७. यही निबन्धको ९ पादटिप्पणी

८. द सिभ्इल् अ$_3$थ्रइटइज् यॉन्ड् मे$_3$'जर् जेन्'अर्अल् अर्स्काइन् ह्याँभ् बीन् अ$_3$'थर्इज्ड् टु अफ्'अर् अ रिव$_3$र्ड् अभ् ट्वेन्'टि थाउ'जन्ड् रूपीज् फ$_3$र् दि यॉप्रिहेन्'शन् अफ् भिजीर्'अल्लि' अलाइभ्' अ$_3$र्डेड् ।

(उपर्युक्त चिठीबाट)

जमान शाहसँग वजीर अलीको साँठगाँठ भएकोले वजीर अली जमान शाहकहाँ जालान् भन्ने डर कम्पनीसरकारलाई पर्‍यो । यसैले वजीर अलीलाई पक्रन आफ्नो राज्यभर आदेश पठाउने अनुरोध सआदत अलीछेउ गर्नुहोस् भनी कम्पनीसरकारका सचिव बर्लोले लखनौमा बसेका अंग्रेज दूत जन लम्स्डेनलाई माघ १० गते चिठी लेखे[९] ।

वजीर अलीलाई पक्रेको खण्डमा हजुरतर्फबाट पनि इनाम दिने घोषणा गर्नुहोस् भनी सआदत अलीलाई भन्नुहोस् भन्ने कुरा पनि बर्लोले सो चिठीमा लेखेका थिए[९] ।

अल्युरेड क्लार्कले पठाएको चिठी हात परेपछि वि. सं. १८५५ माघ २४ गतेको दिन वेलेस्लीले उनलाई जबाफ लेखे । वजीर अलीलाई जिउँदै पक्रन सकियो भने कलकत्ताको फोर्ट विलियम नाउँको किल्लामा थुनी राख्नू भनी त्यस चिठीमा अल्युरेड क्लार्कलाई अह्राइएको थियो । वजीर अलीका कुनै पनि अनुयायीलाई पक्रन सकेको खण्डमा उसलाई अदालतमा उभ्याई दोषी साबित

---

[वजीर अलीलाई जिउँदै पक्रेर वा मारेर ल्याउनेलाई २० हजार रुपियाँको इनाम दिनू भनी निजामती कर्मचारीहरूलाई र सेनापति अर्स्काइनलाई अह्राइएको छ । ]

९. इट् इज् नट् इम्प्रब्'अब्ल्, हाउएभ्'अर्, द्याॅट् भिजीर्' अल्लि मे₃ अटेम्ट् टु मेक् हिज् इस्के'प्' टु जुमाउन् शा । इट् विल् देअर्'फोर् बी इक्स्पी'डिअन्ट् द्याॅट् हिज् इक्स्'-सेल्इन्सि द भिजीर्' शुड् लूज़् नो टाइम् इन् इस्'यूइङ सच् अ₃र्'डर्ज़् यॉज् मे₃ अपीर्' मोस्ट् इफेक्'टचुअल् फ₃र् इन्टर् सेप्ट्'इङ भिजीर्' अल्लि इफ् इट् शुड् बी हिज् अब्जिक्ट् टु रिपे₃र् द्याॅट् प्रिन्स् ।

यू विल् अ₃ल्'सो रेक्अमेन्ड्' टु द भिजीर्' टु अफ्अर् अ रिव₃र्ड् अ₃र् दि यॉप्-रिहेन्'शन् अफ् भिजीर्'अल्लि अ₃र् एन्इ अफ् हिज् अड्हीर्एन्ट्स् हू वेर् कन्सर्न्ड् इन् द ले₃ट् हर्इड् ट्र्यॅन्ज्यॉक्शन् यॉट् बनारस्, यॉन्ड् यू विल् सजेस्ट् टु हिम् द निसेस्इटि अफ् डिस्प्यॉच्इङ् अ₃र्डर्ज् विद् अ₃ल् एक्स्पिडिशअन् फर् दि यॉप्रिहेन्शन् अफ् भिजीर् अल्लि टु एभ्रि पार्ट् अफ् हिज् टेर्इटर्इज्, सो यॉज् टु प्रिभेन्ट् हिज् इस्के₃प्इङ् इन् टु द डोमिन्यन्ज् अफ् एन्इ फर्इन् पाउअर् ।

(उपर्युक्त चिठीबाट)

[जमान शाहकहाँ वजीर अली भागेर जाने कुरा असम्भव छैन । यस कारण जमान शाहकहाँ शरण पर्ने वजीर अलीको उद्देश्य हो भने उनलाई बीचमा पक्रनाको लागि हुनसम्मका प्रभावकारी आदेश निकाल्ने काममा वजीरले (सआदत अलीले) ढिलो नगर्नु नै उचित हुनेछ ।

वजीर अलीलाई अथवा बनारसमा हालै भएको आतङ्ककारी काममा लागेका उनका कुनै पनि अनुयायीलाई पक्रेबापत इनाम दिनुपर्छ भनी वजीरछेउ तपाईंले सिफारिश पनि गर्नुहोला । वजीर अलीलाई कुनै पनि विदेशी मुलुकमा भाग्न नदिनाको लागि उहाँको राज्यभर वजीर अलीलाई पक्रन शीघ्रातिशीघ्र आदेश पठाउनुपर्छ भनी तपाईंले वजीरलाई सम्झाउनुहोला ।]

पू० ७.

गराएर उनीहरूले चेरीलाई मारेकै ठाउँमा लगी दुनियाँले देख्ने गरी मृत्युदण्ड दिनू भनी वेलेस्लीले सो चिठीमा लेखेका थिए[10] ।

---

१०. फोर्ट से$_3$न्ट् ज$_3$र्ज्,

फेब्रुअरि ३ड्, १७९९

लेफ्ट्. जेन्.

टु सर् अलयुरेड् क्लार्क्, के. बी.,

कमानडर–इन्–चीफ.

माइ डीर् सर

आइ क्यॉनतट् डिसक्राइब दि इमोशन् अफ् हरअर्, इनडिगनेशन् यॉन्ड ग्रीफ् विद ह्विच् आइ रिसीभ्ड योर् डिस्प्याँच अफ् दि २०थ अफ् ज्यॉनयुअरइ कनटे$_3$नइङ द ड्रेडफुल् रिसाइट्-अल् अफ् द ले$_3$ट् म्यॉस्अकर् यॉट बनारस् । यू ह्यॉभ् ओमिट्इड् नो स्टेप् ह्विच् यू कुड् ह्यॉभ् अडप्टइड टु प्रिभेन्ट् दि ईभ्ल कन्सिक्वन्सइज् अफ् दिस् अट्रोशस् आउट्रिज्, अ$_3$र् टु ब्रिङ् दि अस्यॉस्इनज् टु जसटिस् । सच् मेझअर्ज् यॉज् आइ क्यॉन् यॉड् टु योर् एगजर्शनज् श्यॉल् बी टे$_3$कन् यॉज् सून् यॉज् द नेस्इसरइ पे$_3$परज् क्यॉन् बी ड्र$_3$न् । वन् सजेस्चन् ओन्लि आइ विश् टु मे$_3$क् विद्आउट् डिले$_3$ । इफ् भिजीर् अल्लि शुड् बी यॉप्रिहेन्डिड् अलाइभ्, आइ विश् द्यॉट् ही शुड् बी कन्भे$_3$इड् टु द प्रेज्इडनसि यॉन्ड् डिटे$_3$न्ड् अ क्लोज् प्रिजनर् इन् फोर्ट् विलियम्, अन्टिल् फर्दर् अ$_3$र्डर्ज् फ्रम् मी । द क्वेस्चन् अफ् ब्रिङ्इङ् हिम् टु ट्राइअल् इज् अफ् ग्रे$_3$ट् डेलइकसि, यॉन्ड् आइ ह्यॉभ् नट् येट् डिटर्'मिन्ड इट इन माइ बोन माइन्ड् । एन्'इ अफ् हिज् अडहीरएन्टस हू मे$_3$बी टे$_3$कन् शुड् बी ट्राइड्, यॉन्ड् इफ् कन्भिक्ट्'इड, एक्स्'इक्यूट्इड् इन् द मोस्ट् पब्'लिक् यॉन्ड सल्'अम् म्यॉन्'अर् अन् द स्पट् ह्विच् वज् द सीन् अफ् दे$_3$र् क्राइम् । आइ श्यॉल् बी मोस्ट् यॉङ्क्'शस् टु लर्न् द फर्द्'अर् डीटे$_3$लज् अफ् दिस् मेल्'अनकलइ अफे$_3$र्' यॉन्ड् परटिक्'युलरलि द सपोज्ड् क$_3$ज्इज् अफ् दि आउट्रिज् । ...

योर् मोस्ट् फे$_3$थ्'फुल् सरभन्ट–

मोरनिङटन्

(वेलेस्लीले अल्युरेड क्लार्कलाई वि. सं. १८५५ माघ २४ गते लेखेको चिठीबाट । यो चिठी डी. सी. गाङगुलीद्वारा सम्पादित सिलेक्ट डकयुमन्टस अफ द ब्रिट'इश पीरिअड् अफ् इन्'डिअन् हिस्'टरि इन् द कलेक'शन् अफ् द भिक्ट$_3$र'इअ मिमोरइअल् क्यालकट्टा (कलकत्ताको भिक्टोरिया स्मारकमा रहेको भारतमा अंग्रेजी शासनको इतिहाससम्बन्धी छनौट कागतपत्र) का १३७–१३९ पृ. मा छापिएको छ ।)

[ फोर्ट सेन्ट जर्ज

वि. सं. १८५५ माघ २४ गते

श्रीमान् प्रधानसेनापति अल्युरेड क्लार्क

बनारसमा हालै भएको मारकाटको भयानक बयान गरी तपाईंले माघ १० गते

३०।३२ घोडचढी साथ लिई वजीर अली पाल्पाको सिमानामा माघको निगल्दोमा आई सिपाही भर्ती गर्न लागे[11] ।

यस ताक पाल्पाका राजा पृथ्वीपाल सेन थिए[12] । उनका बाबु महादत्त सेनकै[13]

---

लेख्नुभएको चिठी पाउँदा मेरो मनमा डर, रोष र दुःखका जुन उद्वेग उठे, तिनलाई म बयान गर्न सक्तिन । यो नृशंस मारकाटका खराप नतीजालाई रोक्न वा ज्यानमाराहरूउपर अदालती कारबाई गर्न आफूले गर्न सक्ने काममा पाइला चाल्न तपाईं चुक्नुभएको छैन । आवश्यक कागतपत्र तयार हुनेबित्तिकै तपाईंको प्रयासमा मदत हुन सक्ने जो सकेको काम म गरुँला । एउटा सुझाव मात्र म झट्ट दिन चाहन्छु । वजीर अलीलाई जिउँदै पक्रन सकियो भने उनलाई कलकत्ता लगी मैले अरू आदेश नपठाउन्जेलसम्म फोर्ट विलियममा कडा निगरानीसाथ थुनामा राखियोस् । वजीर अलीलाई अदालतमा उभ्याउने कुरा खूप अप्ठ्यारो छ र त्यसबारे अझ मैले केही अठोट गरिसकेको छैन । उनका अनुयायीमध्ये कुनैलाई पनि पक्रन सकेको खण्डमा त्यसलाई अदालतमा मुद्दा चलाउनुपर्छ र त्यो दोषी ठहरियो भने तिनीहरूले दुष्कर्म गरेकै ठाउँमा धूमधामसँग साराले देख्ने गरी त्यसलाई मृत्युदण्ड दिनुपर्छ । यो दुःखद घटनाका अरू विवरण र खास गरी यो भयङ्कर काण्ड के कति कारणले भएको होला, त्यो कारण थाहा पाउन म ज्यादै उत्सुक छु ।

तपाईंको–

मोर्निङ्टन ]

११. उप्रान्त बनारसमा···उजीर अलीले चेरी साहबलाई मारी बनारस ( बाट भाग्यो ) भन्या षवर तिमिले पनि सुन्यैको हो ···

( पा)लपाबाट चिठी आयो. ३०।३२ सवार साथ ली (उजीर अली) दोखाधमा बसी सिपाही राषन लागीरहेछ. मंसुवा भन्या पहाड(मा) बस्न (पा)या (नवाब)का मुलुकमा बिद्दत गर्दा हुं भन्न्या बूझ रहेछ भनी पालपालीका भारादारहरूले लेष्याको रहेछ.···

(इति संवत् १८५५ साल ) माघ शुदि ४ रोज ७★

(श्री ५ रणबहादुर शाहले कलकत्तामा राखिएका आफ्ना वकील(दूत) दीनानाथ उपाध्यायलाई वि. सं. १८५५ फागुन १ गते लेखेको चिठीबाट । यो चिठी ऐतिहासिक पत्र–संग्रहको पहिलो भागका ८६–८७ पृ. मा छापिएको छ ।)

१२. यही निबन्धको ४१ पादटिप्पणी

१३. श्रीमन्महादत्तनृपाद् बभूवुर्भूयिष्ठभूपालगुणाभिभाजः ।
शक्तित्रयोदग्रफलीभवन्तः पुत्रास्त्रयश्चारुमहामहान्तः ।।४७।।

---

★ वि. स. १८५५ माघ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फागुन | १ | शनि | चतुर्थी | ३ | ५ |

(पात्रोबाट)

पालामा पाल्पा, नेपालको आश्रित भइसकेको थियो[14]। पृथ्वीपाल सेनको हातबाट गीर्वाणयुद्धविक्रम शाहलाई राज्यतिलक लाइदिन रणबहादुर शाहले उनलाई डाकेकाले[15] उनी यस ताक काठमाडौं आइसकेका थिए[16]।

पाल्पाको सिमानामा आई वजीर अलीले सिपाही भर्ती गर्न लागे भनी पाल्पाली भारादारहरूले खबर पठाएपछि[17] वजीर अलीलाई आफ्नो मुलुकभित्र पस्न नदिनू भनी रणबहादुर शाहले पाल्पामा लेखी पठाए[18]।

वजीर अलीले चेरीलाई मारेको सुनेपछि रणबहादुर शाहले दुःख प्रकट गरी अल्युरेड वलकलाई चिठी पठाए। २५ जना घोडचढी लिई वजीर अली पाल्पाको सिमानामा आई बसिरहेछन्; नवाबको मुलुकमा फेरि पसी उत्पात मचाउने विचारले उनी त्यहाँ सिपाही भर्ती गर्न लागिरहेछन् भन्ने खबर मैले पाल्पाली भारादारहरूबाट थाहा पाएँ, वजीर अलीलाई हाम्रो राज्यमा बस्न वा हाम्रो राज्यबाट अन्त जान म दिनेछैन; लडाइँ गर्नाको लागि उनलाई म मदत पनि दिनेछैन; यस्ता कुकर्मीलाई नेपालको मुलुकमा पस्न र बस्न नदिनू भनी मैले त्यतातिरका अधिकारीहरूलाई अह्राइसकेको छु भनी रणबहादुर शाहले सो चिठीमा लेखेका थिए। पहाड पस्न खोजेका वजीर अलीलाई पाल्पालीहरूले मात्र रोक्न सकेनन् भने आफ्ना भारादार पठाएर भए पनि म उनलाई सजाय गर्नेछु र त्यहाँबाट निकालिदिनेछु भनी सो

---

श्रीमत्पृथ्वीपालसेनो महौजा राजा यस्यां सा च राजन्वती भूः।

( भवदत्तद्वारा रचित सेनवंशावलीबाट। शङ्करमान राजवंशीद्वारा सम्पादित सेनवंशावलीको २९ पृ. बाट )

[ राजा महादत्त सेनबाट राजामा हुनुपर्ने धेरै गुण भएका त्रिशक्ति ( उत्साह, प्रभाव मन्त्र, ) ले सफल भएका, राम्रा र ठूला तीन जना छोरा हुनुभयो।

ठूलो तेज भएका श्रीमान् पृथ्वीपाल सेन जहाँ ( पाल्पामा ) राजा हुनुहुन्छ, जसले गर्दा पृथ्वी ( पाल्पा ) राजन्वती ( असल राजाले युक्त भएकी ) छन्। ]

१४. पूर्णिमा ६ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको आश्रित राज्यउपर बहादुर शाहले लिएको नीति भन्ने निबन्ध, सो अङ्कको ५२ पृ.

१५. यही निबन्धको ४१ पादटिप्पणी

१६. यही निबन्धको ४२ पादटिप्पणी

१७. यही निबन्धको ११ पादटिप्पणी

१८. हाम्रो दोस्त अंगरेजसंग पुन तकरार गरी आउन्या मानीसलाइ आफ्ना अंवल पहाड्मा चढ्न नदीनु भनी साफ जवाफ लेषी पठाजौं.

(रणबहादुर शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५५ फागुन १ गते लेखेको चिठीबाट )

चिठीमा रणबहादुर शाहले क्लार्कलाई ढाढस दिएका थिए[19] ।

वजीर अलीलाई पक्रन सके पक्री लखनौ पुर्‍याइदिने, पक्रन नसके उनको टाउको काटिदिने निर्देश दिई सआदत अलीले पाल्पामा चिठी पठाए[20] ।

पाल्पाली राजाहरूले अवधका नवाबलाई तिरो तिरी तराईको भोगचलन गरेकाले[21]

---

१९. उसले जोरासन आउन आटचो. पाल्पालीले थाम्न सकेनन् भन्या अहाबाट भारा फौज पठाई पनी आफ्ना अंबल पहाडमा रहन देवैन. अंगरेजले निकुतानेहोरा कत्ति राष्तैनन् तपनी हामीले त दोस्ती दिनपरदिन बढाउन्यैछ. तेस जग्गामा रही अंग्रेजका मुलुकमा बिद्दत गर्न पावैन. ... तेस डबलाडबलसंग ताहा धेरै दिन ठहर्न सकैन. पश्चिमतिरका सबै आमीलहरुलाई लेषी पठाउ. यस कुराको मिल्यासम्मको षवर बडासाहेबलाई पनि लेष्याको छ.

(रणबहादुर शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५५ फागुन १ गते लेखेको चिठीबाट)

ताहांबाट षवर नआई ताहांलाइ पनी उजीर अली पुन गरी भागीकन पल्पाका सि-(वाना) मा आयेछ. दोस्तको षुनी हाम्रै षुनी हो. तेस्लाई जान्या बाटो रहन्या जग्गा लड्न्या मद्दत केहि दिन्याछैनौं. गफमा आया छोडि(न्याछौ)न भनी लेष्याकै हो.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ साउन ९ गते लेखेको चिठीबाट । यो चिठीको वजीर अलीकाण्डसम्बन्धी अंश महेशराज पन्तद्वारा पूर्णिमाको ९ पूर्णाङ्कका ५८–५९ पृ. मा छापिएको छ ।)

किरणचन्द्र चौधरीको याङ्ग्लो–नेपलिज् रिलेशनज़् फ्रम् दि अर्लिइस्ट् टाइम्ज़् अफ् द ब्रिट्इश् रुल् इन् इन्डिअ टिल् द गुरक व॰र (भारतमा अंग्रेजी शासन भएदेखि नेपाल र अंग्रेजको लडाईं नभएतकको नेपालको र अंग्रेजको सम्बन्ध) का ९८–९९ पृ.

२०. यही निबन्धको ४२ पादटिप्पणी

२१. मुकुन्द सेन् प्रक्यूरड् फ्रम् द नवाब् वजीर् अ ग्रान्ट् अफ् दि इक्सटेन्सिभ् इस्टे॰ट् अफ् तिल्पुर्, यॉन्ड् अफ् द्यॉट् पार्ट् अफ् राज़्पुर्, ह्विच् इज़् अन् द वेस्ट साइड् अफ् गनडकी, यॉन्ड् ह्यॉड् बन्स् यॉज़् लेट्लि मेन्शनड् बिलङड् टु अ ब्रान्च् अफ् हिज़् फ्यामइलि, बट् इन् द ल्याट्अर् ही नेभर् अक्वाइरड् प्रप्अर् अ॰थर्इटि, ओइङ् टु दि इन्ट्रीग्ज़् अफ् द कानुनगो, अ॰र् रेज़्इस्टर् ।

दिस् एनटरप्राइज़्इङ् चीफ् म्यॉर्इड् दि एलडेस्ट् ड॰टर् (महाकुमारी) अफ् हिज़् याल्लि द राजा अफ् अर्घा, यॉन्ड् अन् दिस् अके॰ज़न् प्रेज़्नट्इड् हिज़् फादर् इन्ल॰ विद् यॉन् इस्टे॰ट् सिट्यु॰ट्इड् अन् द प्ले॰न्ज़् यॉन्ड् क॰लड् टुप्पाह बन्दर, अ॰ल्दो ही कनटिन्यूड् टु पे॰ द रेभ्इन्यु टु द नवाब् । दिस् वज़् पार्ट् अफ् दे स्पइल् टे॰कन् फ्रम् बलिहाङ् बाइ हिज़् ग्र्यॉन्ड्फादर् ।

महादत्त, राजा अफ् पाल्पा वज़् भेरइ मच् इन् फे॰भर् विद् आसोफुद् दोउलाह, द नवाब् वजीर्, हू कन्फर्म्ड् टु हिम् अ॰ल् हिज़् ह्रिरेडिटरि अ॰र् अक्वाइर्ड् ल्यॉन्ड्ज़् अन् द प्ले॰नज़्, यॉट् यॉन् ईज़्इ रे॰ट्, यान्ड् गोइङ् दर् फ्रीक्वन्ट्लि टु हन्ट्, सीम्ज़् टु ह्यॉभ्,

पाल्पालीहरू अवधका नवाबलाई मालिकको दृष्टिले हेर्थे । यसैले वजीर अली पनि हजुर पनि हाम्रा मालिक हुनुहुन्छ, यस कारण वजीर अलीलाई सुम्पने वा उहाँको शिर काट्ने काम हाम्रो हातबाट हुन सक्दैन भनी पाल्पाली भारादारहरूले सआदत अलीलाई जवाफ दिए[22] ।

आफूलाई नेपालमा बस्न दिने र लड्नाको लागि मदत दिने प्रार्थना गरी वजीर अलीले रणबहादुर शाहलाई चिठी पठाए । मलाई यहाँ बस्न दिएमा म आफ्नो सारा श्रीसम्पत्ति नेपाललाई सुम्पन्छु भनी उनले सो चिठीमा लेखेका थिए । नेपालमा बस्न दिन नमिलेमा पहाडको बाटो गरी काबुलका राजा जमान शाहकहाँ जान दिने अनुरोध पनि उनले सो चिठीमा गरेका थिए । आफ्नो मुलुकमा बस्न नदिने, लड्न मदत र आफ्नो मुलुकबाट कहीं जान पनि नदिने जवाफ लेखी रणबहादुर शाहले उनलाई चिठी पठाए । अंग्रेजसँग सन्धि गरेमा नै उनको भलो हुनेछ भनी रणबहादुर शाहले उनलाई भनिदिएका थिए[23] ।

---

अम्यूज़्ड् हिम्सेल्फ् विद् द राजाज् चिल्ड्रेन् ।

(फ्रान्सिस ह्यामिल्टनको यॉन् अकाउन्ट् अफ् किङ्डम् अफ् नेपाल् यॉन्ड् द टेर्‌इटरिज् अनेक्स्ड् टु दिस् डोमिन्यन् बाइ द हाउस् अफ् गोर्खा (नेपाल अधिराज्यको र गोर्खाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको वर्णन) का १७२–१७३ पृ. बाट ।)

[मुकुन्द सेनले तिलपुर भन्ने ठूलो जमीन र राजपुरको गण्डकीको पश्चिमपट्टि पर्ने खण्ड नवाब वजीरबाट पाए । राजपुरको सो खण्ड कुनै बखतमा मुकुन्द सेनकै एकथरी दाजुभाइ-हरूको अधीनमा थियो भन्ने कुरा भरखरै माथि लेखिएको हो । कानूनगो (माल अड्डाका अधिकारी)हरूले जालपेच गरेकाले पछिबाट मुकुन्द सेनको कहिले पनि ती प्रदेशमा उचित अधिकार जम्न सकेन ।

यी उत्साही राजाले (मुकुन्द सेनले) आफ्ना मित्र अर्घाली राजाकी जेठी छोरीसंग बिहे गरे । यस अवसरमा मुकुन्द सेनले आफ्ना ससुरालाई टुप्पा बन्दर भन्ने तराई कोसेली दिए । हुनत त्यो प्रदेशको मालपोत भने नवाब वजीरलाई उनले आफै बुझाउँदै रहे । उनका बाजेले बलिहाङबाट लिएको प्रदेशको त्यो एक खण्ड थियो ।

पाल्पाका राजा महादत्तलाई नबाब वजीर आसफुद्दौला निकै अनुग्रह गर्थे । महादत्तका सबै पुर्खौली वा उनले जोरेका तराईमा थोरै कर लिई आसफुद्दौलाले उनलाई भोग गर्न दिए । त्यहाँ बराबर गई शिकार खेली नवाब वजीर पाल्पाली राजकुमारहरूसंग दिल बहलाउँथे भन्ने पनि देखिन्छ ।]

२२. यही निबन्धको ४२ पादटिप्पणी

२३. उजीर अलीले षुन् गरी पल्पाका सीबानामा आईपुग्यापछी कि मलाई टिक्न र मद्दत देउ कि पाहाडको बाटो गरी पश्चिम साहछेउ जान देउ. मेरो उद्धार गर भन्न्या भावको चिठी पठाउंदा हाम्रा घरमा भन्या राज्याभिषेकको काज थियो. उसले भन्या साहछेउ जान्या कुरा गर्‍यो. मुषालिफलाई उम्कन ता दिन्या होइन भनि हाम्रा मुलुकमा रहन र जान बाटो भ(न्या) हुंदैन. अंगरेज नवाबका अमलबाट भन्या जस तरहले हुन्छ. आफ्नु जिउ जोगाउन्या

वजीर अलीलाई कुनै किसिमको मदत नदिई जुनसुकै उपायले भए पनि उनलाई पक्रने, पक्रन नसके उनलाई मारिदिने आग्रह गरी कम्पनीसर्कारले र सआदत अलीले रणबहादुर शाहलाई चिठी लेखे । यसो गरे ४०।५० हजार रुपियाँ र कुमाउका तराई काशीपुर रुद्रपुर दिने प्रलोभन पनि उनीहरूले आआफ्ना चिठीमा देखाएका थिए । वजीर अली नेपालको सरहदमा पसेको खण्डमा भरनेपालमा मान्छे झिजाई उनलाई पक्री कम्पनी र नवाबका सेनापतिलाई सुम्पिदिने अनुरोध कम्पनीसरकारले रणबहादुर शाहसँग गरेको थियो । नवाबप्रति देखाउनुपर्ने बफादारीलाई नीच मारी पालपाली राजा पृथ्वीपाल सेन वा उनका भारादारहरूले वजीर अलीलाई फौज जोर्न मदत दिई विद्रोह चम्काउन खोजिरहेछन् भन्ने गुनासो पनि कम्पनीसर्कारले चिठीमा गरेको थियो । वजीर अलीलाई पक्रन आएको कम्पनी र नवाबको फौजलाई हरकिसिमको मदत नेपालले गरोस् भन्ने अनुरोध पनि सो चिठीमा गरिएको थियो[24] ।

---

काम गर. दोस्तसित लड्नुचाहि मिल्नु भलो भ(नि)दिञु.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ साउन ९ गते लेखेको चिठीबाट)

वजीर अली बुटौल र पालाको तराईमा आए । त्यहाँ बस्न नेपालसर्कारले उनलाई दियो भने आफ्नो सारा सम्पत्ति नेपालसर्कारलाई दिने कुरा उनले चलाए । उनले जोड दिएर यो अनुरोध गरेका थिए । जो शरण माग्छन्, त्यस्तालाई शरण दिनु अनुचित हुने थिएन । तर दुइ राज्यको बीचमा रहेको मित्रतालाई विचार गरेर नेपाल सर्कारले वजीर अलीको प्रस्ताव स्वीकार गरेन ।

(गीर्वाणयुद्धविक्रम शाहले चन्द्रशेखर उपाध्यायलाई दिएको निर्देशको अंग्रेजी अनुवाद भैरवदत्त सनवालको नेपाल यॉन्ड् दि ईस्ट् इन्डिअ कम्'पनि (नेपाल र इस्ट इन्डिया कम्पनीको सम्बन्ध) का ३०४–३१० पृ. मा छापिएको छ । यो अंश त्यही अंग्रेजी अनुवादबाट नेपालीमा प्रत्यनुवाद गरिएको हो ।)

२४. उप्रांत कुमाउंतिर पनि चौतरिया बम् साहलाई पनि उजिर अल्लिलाई मुष्य पक्रिदेउ. पक्रन दियन भन्या उजिर अल्लिसमेत (ति)न् आदमीको सीर हांमिछेउ दाखिल गऱ्या ५० हजार रुपैया ईनाम् र कुमाउंको तराई जागीर गरिदिउँला भनि नवाप् साहदत् अल्लिले बम्साहलाई रुक्का पठायाको रहेछ.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५५ चैत १९ गते लेखेको चिठीबाट । यो चिठीको वजीरअलीकाण्डसम्बन्धी अंश पूर्णिमा ९ पूर्णाङ्कको ५७ पृ. मा महेशराज पन्तद्वारा छापिएको छ ।)

यही निबन्धको ३६ पादटिप्पणी

वाँहाँपछी साहेबन अंगरेज नवाब उजीरले हाम्रो षुनी तेस्तरफ आयो. तिमी हाम्रा दोस्त हौ. हाम्रो षुनी तम्रो (षुनी हो) . तेस्लाइ मद्दत रसद नदेउ. छल्बल् जस् तरहले हुन्छ.

नेपालको बाटोबाट वजीर अली भाग्न नपाउन् भनी यसपछि नेपालसर्कारले आफ्नो राज्य-

हात ल्याउन्या अर्थात् गर. कदाचित् हात नलाग्या कतल् पनी गर. एस्को हाम्रो दुवैतरफबाट इनाम जागीर पनी होला भनी लेष्ता ...

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ साउन ९ गते लेखेको चिठीबाट)

वि. सं. १८५५ मा वजीर अली खून गरी बुटौलमा आए । नेपाली सरहदमा तिमी गडबड मच्चाउन पाउँदैनौ भनी नेपाल सर्कारले पहिलेबाट वजीर अलीलाई लेख्यो । पछिबाट नवाब वजीरले दिने जागीर (काशीपुर रुद्रपुर) समेत चालीस हजार रुपियाँको इनाम अंग्रेज-सर्कारले वजीर अलीलाई पक्रनाको लागि दिने भनिएको थियो । कम्पनीको शत्रु सम्झी उनलाई पक्रने अनुरोध गरी नेपालसर्कारलाई चिठी लेखिएको थियो ।

(इस्ट इन्डिया कम्पनी र नेपालको सम्बन्धको विषयमा नेपालसर्कारले वि. सं. १८६१ फागुन १४ गते तयार गरेको सम्झौटोको अंग्रेजी अनुवाद भैरवदत्त सनवालको उपर्युक्त ग्रन्थका २९९-३०४ पृ. मा छापिएको छ । यो अंश त्यही अंग्रेजी अनुवादबाट नेपालीमा प्रत्यनुवाद गरिएको हो ।)

चेरी साहेब मारिएको कुरा बयान गरेर तथा बुटौलका (पाल्पाका) राजा पृथ्वीपाल सेनले वजीर अलीलाई आफ्नो राज्यभित्र शरण दिइरहेछन् र गडबड मच्चाउने तयारी गरिरहेछन्, वजीर अलीलाई मैले फिर्ता मागेको थिएँ, तर नबाब (पाल्पाली राजा)ले उनलाई सुम्पन्नँ भने, यसमा नवाब वजीर ज्यादै बेखुश हुनुहुन्छ भन्ने कुरा यहाँलाई थाहा हुनुपर्छ भनी सर जन शोरले★ कलकत्ताबाट चिठी लेखे । वजीर अलीलाई पक्रन उद्योग गर्ने आज्ञा हाम्रो सर्कारका अधिकारीहरूलाई दिने सुझाव उनले मलाई दिएका थिए । दुइ राज्यमा रहेको मित्रतालाई विचार गरेर मैले बुटवलका राजालाई थुनें । एकजना भारादार साथ लगाई एक कम्पनी फौज वजीर अलीलाई पक्रन पठाएँ । वजीरअलीचाहिं तुरुन्त भागे ।

(गीर्वाणयुद्धविक्रम शाहले चन्द्रशेखर उपाध्यायलाई दिएको निर्देशको अंग्रेजी अनुवादको नेपाली प्रत्यनुवादबाट)

किरणचन्द्र चौधरीको उपर्युक्त ग्रन्थको ९९ पृ.

★ जन शोरले वि. सं. १८५४ चैत १५ गते भारत छोडेदेखि वि. सं. १८५५ जेठ ७ गतेको दिन वेलेस्ली नआइपुगुन्जेलसम्म अल्युरेड क्लार्क इस्ट इन्डिया कम्पनीका प्रधान शासक भएका थिए । यस कारण वि. सं. १८५५ को माघमा वजीरअलीकाण्ड हुँदाखेरि वेलेस्ली प्रधान शासक थिए (जेम्स वर्जेसको उपर्युक्त ग्रन्थको २७३ पृ.)

यस कारण वजीर अलीकाण्ड भएको १५ वर्षजतिपछि लेखिएको यस निर्देशमा वेलेस्ली लेख्नुपर्नेमा भ्रमवश जन शोर लेखिएको देखिन्छ ।

भर निर्देश पठायो[25] ।

इस्ट इन्डिया कम्पनीको अनुरोधबमोजिम वजीर अलीलाई पक्रनाको लागि नेपालसर्कारले सर्दार जसिबन्त भंडारीको मातहतमा पाल्पातिर फौज पठायो । आफूलाई पक्रन नेपाली फौज आएको खबर पाएपछि वजीर अली त्यहाँबाट उठी अवधको सरहद गोरखपुरको लालीवन भन्ने जङ्गलमा गई फौज जोर्न लागे[26] ।

वजीर अलीलाई पक्रनाको लागि नेपालसर्कारले पाल्पाली भारादारहरूलाई मीठो कुरा भन्न लाई

---

२५. पछि ताहा दुवै सर्कारबाट लेषी आउदा उजीर अलीका ताकीतीलाई हाम्रा भरअबल कुमाउतक जगा……को बहुतै ताकीती राषनु. हाम्रा अंबलबाट निस्कन नपावस् भनी आजतक बराबर ताकीती गर्‍याकै छ.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ जेठ ८ गते लेखेको चिठी-बाट । यो चिठी ऐतिहासिक पत्रसंग्रहको पहिलो भागका ९०–९१ पृ. मा छापिएको छ ।)

२६. पाल्पातिर मानिस पठायाको उजिर अलि उठ्याको कुरा अस्तिका चिठिले बुझ्याहौं.

उजिर अल्लि पनि गोरषपुरको लालीवनमा बसिरहेछ. ५।६ हजार फौज पनि जंम्मा गरि-राषेछ. पिछा लाग्याको अंगरेज नवाफको फौज पनि जोरिरहेछ. मुंसि रजाको मार्फत सलुकका कुरा पनी गर्दछन्. लडाजि गर्नाको डवल पनि छ.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५५ चैत्र १९ गते लेखेको चिठीबाट)

यही निबन्धको ३० पादटिप्पणी

तदनुसार यो नेपालसर्कारले यस कामको निम्ति केही खर्च गरेर फौजको साथमा एकजना काजी★ र एकजना सर्दारलाई पठायो र यही कुराको खबर अंग्रेजलाई दियो । भारादार-हरूले पनि वजीर अलीलाई पक्रने प्रबन्ध मिलाए । तर कुनै शत्रुले वजीर अलीलाई खबर दिएकोले उनी भागे । भारादारहरूले उनलाई खोजे, तर घोडा चढी उनी नेपालको सिमाना-भन्दा पर भागे र कम्पनीको सरहद❁ भई पश्चिमतिर गएका थिए ।

(इस्ट इन्डिया कम्पनी र नेपालको सम्बन्धको विषयमा नेपालसर्कारले वि. सं. १८६१ फागुन १४ गते तयार गरेको सम्झौताको अंग्रेजी अनुवादको नेपाली प्रत्यनुवादबाट)

---

★ यस वेला सर्दार मात्र पठाइएका थिए ।

❁ अवधको सरहद भन्नुपर्थ्यो । किनभने यो इलाकामा अंग्रेजी प्रभुत्व वि. सं. १८५८ मंसीर १ गतेको सन्धिअनुसार मात्र भएको हो । (पूर्णिमा २ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको नेपाल–अंग्रेजयुद्धको तयारी भन्ने निबन्ध, सो अङ्कको ७५ पृ.)

पृ. ८.

उनलाई फसाउन खोजेको थियो । खुद नेपालसर्कारले पनि वजीर अलीलाई फसाउन उनलाई मीठो शब्द लेखी चिठी पठाएको थियो[२८] ।

वजीर अली गोरखपुरतिर लागे तापनि वजीर अलीलाई मौका परे पक्रनू भनी इस्ट इन्डिया कम्पनीले र सआदत अलीले लेखेकाले नेपालसर्कारले उनलाई पक्रन अझ मिहिनेत गरिरहेको थियो । वजीर अलीलाई पाल्पाको सिमानाबाट हामीले भगाइदिएकाले हामीले काशीपुर रुद्रपुर पाउनुपर्छ भनी नेपालसर्कारले कलकत्तामा बसेका आफ्ना दूत दीनानाथ उपाध्यायमार्फत कम्पनीसर्कारसँग कुराकानी चलाएको थियो । तर कम्पनीसर्कारले भने अवधका नवाबसँग भनसुन गरी काशीपुर रुद्रपुर नदिलाइदिएकोले नेपालसर्कारको कम्पनीसर्कारदेखि चित्त दुखेको थियो [९] ।

---

२७. हाम्रा तरफबाट पनि पाल्पालिलाई अघि सारि मिठो मसिनु गरि दम्दिलासा दी हात लाउन्या काम गर्न लागिरह्याछौं. उजिर अलिको मनसुवा भंन्या डांकु डवल्का मानिस् बटुलियाछन् र जंगल छोड्न्या डवल् छैन भन्छन्.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५५ चैत १९ गते लेखेको चिठीबाट)

२८. अब ता नुनलौह्रो गरीकन केही रसिला कुरा नगऱ्या त हात लागैन. हात लाउन्या अर्थलाई रसीलै चिठी पठाउं र हात लाग्या बढियै भयो. नलाग्या आफ्ना गौंडाका जगामा आया कतल पनी गरौंला. साहेवानले जस तरहले हुन्छ. हात लाउ भन्यापछि हात लाउनानिमित्त हामिले मिठास लेष्याको.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ साउन ९ गते लेखेको चिठीबाट)

२९. उजीर अली पनी पाल्पाका दोसिवानामा आई मद्त र निकल्नालाई राह माङ्थ्या. दोस्तको पुनी हाम्रै पुनी हो भनी जानालाइ राह र बस्नालाई जग्गा मद्त केही दिऔन. अंगरेज नवाबका बेगउंका जगामा रह्याका भया पैल्याउन सर्दार फौज लाया(को) छ. अघि बस्न नदि पठायौं तपनि अंगरेज नवाबबाट औसर पऱ्या पक्रनु भनि लेषि आउंदा दोस्ती जानी अझ ताकीती गर्न्यै हो भनि बुझाइ हात लाउन्या काम पनी गर्न लायाको छ. मिल्छ मिल्दैन. हामिले त कत्ति काज गरि निकुता लाया पनी गुन चिह्नचा रहेछन्. अन्यत्र सुन्दा अंगरेज जत्तिको निकुता चिन्ह्या र बोल्याबांध्याको सांच राषन्या कोहि छैनन् भन्या तारीफ़् सुनिन्थ्यो र कत्ति काज गरी दृष्टान्त दिंदा पनी बुझेनन्. एति जा(बो) तराइका कुरामा तिनिहरुलाई बडो बोझ पऱ्यो ता हामिदेषि निष्प्याका रहेनछन्. एताबाट लेष्याअह्रायाका कुरा तिमिले भन्न नसकि हो कि हाम्रो काम कहिल्यै केही पाइवैन भनि हो. त्यो केहि बुझियेन.

(गीर्बाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ वैशाखको पहिलो हप्तामा लेखेको चिठीबाट । यो चिठीको केही अंश पूर्णिमा ९ पूर्णाङ्कको ५७ पृ. मा महेशराज पन्तद्वारा प्रकाश भएको छ । यहाँ छापिएका केही वाक्य पहिलो पटक यहाँ छापिएका हुन् ।)

वजीर अलीलाई पक्रन गोरखपुरमा अंग्रेजको फौज आइरहेछ भन्ने कुरा लेखी जसिबन्त भँडारीले पठाएको चिठी वि. सं. १८५६ को वैशाखको पहिलो हप्तामा काठमाडौंमा आइपुग्यो। यसपछि अंग्रेजको मदतको लागि नेपालसर्कारले काजी नरसिंह गुरुङको मातहतमा थप फौज पठायो[30]।

यस वेला मैसूरका राजा टीपूसंग अंग्रेजको लडाईं चलिरहेको थियो। यता नेपालले वजीर अलीलाई मदत दिएको भए दुवैतर्फ भियाउन अंग्रेजलाई गाह्रै पर्थ्यो। परन्तु नेपालले आफ्नो पक्ष लिई वजीर अलीलाई मदत नदिई आफूलाई मदत गरेकोले इस्ट इन्डिया कम्पनी-लाई निकै सजिलो भएको थियो।

यसपछि लालीवनमा पनि टिक्न नसकी वजीर अली त्यहाँबाट उठेर गए। यसपछि वजीर अलीलाई रुपियाँ रसद केही नदेऊ भनी कम्पनीसरकारले नेपालसर्कारलाई चिठी पठायो[22]।

वजीर अली लालीवनदेखि उठेर गएपछि १।२ ठाउँमा उनको अंग्रेजी सेनासँग भिडन्त भयो, नवाबको राज्यबाट पश्चिमतर्फ उनी लागे; उनले नागाहरूलाई, केही जिमीदारहरुलाई र रजवाडाहरूलाई आफूपट्टि मिलाए भन्ने हल्ला काठमाडौं आइपुगेपछि वास्तव कुरा बुझ्न

---

३०. उपरान्त यो चिठी लेष्तैका बीचमा सर्दार जसिबन्त भडारीको चिठी आइपुग्यो. जांहा उजीर अली थिया. उसै जगाका नजीकमा अंगरेज साहेबको फौज आयो. जोरिनाकन ३ कोसको तफावत् छ भन्न्या षवर लेष्यो र एस् घरीमा दोस्तसंग बोल्याको सांच विहोर्न्या हो भन्ना-निमित्त षजाना फौजसमेत काजी नरसिंलाई विदा गरी पलपा पठाञु. उजीर अलीसंग घाकटक ज्या गर्नु छ. ताहांबाट काजमा आउन्या साहेबहरुलाई हाम्रा काजीका सलाहले एकदिल गरी काज गऱ्या सबै तरहबाट बलियो राम्रो पर्ला.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ वैशाखको पहिलो हप्तामा लेखेको चिठीबाट)

३१. वि. सं. १८५५ फागुन १४ गतेदेखि वि. सं. १८५६ वैशाख २५ गतेसम्म अंग्रेजको र टीपूको लडाईं भएको हो★।

३२. बाकी बडा साहेबले पठायाको षलीतामा उजीर अली जुदा भै उसतरफ गयो. तेस-लाई रसद रुपैया पुग्न नपावस् भनी लेष्याको रहेछ. त्यो लेष्याको हामीतरफबाट रसद रुपैंञा पठाये भनी ताहा कसैले कुरो पारेर हो की रसद नपुगोस् भनी उचितैले मात्र लेष्याको हो. आफ्ना तरफबाट कत्ति कसर नराषी काज गर्दा पनी तिनीहरुका चित्तको अंदेसा नछुटचा जस्तो गर्दछन्. कति अर्थले हो.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ जेठ ८ गते लेखेको चिठीबाट)

---

★ सुन्दरलालको भारत में अङ्गरेजी राजको तेस्रो संस्करणका ३४०–४७ पृ.

नेपालसर्कारले मान्छे खटाएको थियो[३३] ।

काशीपुर रुद्रपुर हात लाउने आशा अझ नछुटिसकेकोले नेपालसर्कार त्यस विषयमा प्रयत्न गर्दै थियो [३] ।

यसपछि वजीर अली रामपुरतिर गए भन्ने खबर काठमाडौंमा आयो[३५] ।

अझ पनि काशीपुर रुद्रपुर हात लाउन नेपालसर्कारले उद्योग गरिरहेकै थियो[३६] ।

---

३३ उजीर अली लालीवनदेषी उठेर गयापछि १।२ ठाउमा तरवार पऱ्यो. नवाबका अमलैबाट पश्चिमतरफ की क……रा……ला नागा केहि जिमीदार रजवाडाहरुसंग पनी मिलाप हुन लाग्यो भन्या षवर आयो र हल्कारा बुझ्न पठाएका छन्. फलाना जगामा पुग्या. एति जमिंदार मिल्या. एति फौज साथमा छ भन्या कलमी (षवर) छैन.

नवाब साहवान र सर्कारका षुशी हाम्रै षुशी हो भन्या चित्तमा राषी फौज पठाउंदा लाग्या षर्च लाई क¨ ताकीत गर्नाकन काजीसमेत पठायाको छ. हात लागी गया कौसलमा पनी लेषौंला.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ जेठ ८ गते लेखेको चिठीबाट)

३४. उजीर अलीसंग यस्तो काम पर्न जांदा आज हामीले अघीदेषीको आफ्नु मतालीब कुरा गर्यौं भन्या बषत पारी मतालीब मात्रै षोजन्या रहेछन्. दोस्तीको ता वहाना मात्रै रहेछ भंन्या जःतो पर्छ. हामीले यस घरीमा सम्झाउन भयेन. ताहाको साहवान…………मा पनी दोस्तीका राहले हामीबाट पुग्न्या छोटो बडो परिआयाको काज मात्रै गराउन्या डवल छ की काज इन्को मतालीब पनि गरिदिन्यै हों भंन्या बुज छ. आपसमा कहिल्यै एस कुराको चर्चा चलाउछन् की चलाउंदैनन्. तिमी पनी यस्ता कुरा कहिल्यै लेषतौन. कति अर्थले हो.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ जेठ ८ गते लेखेको चिठीबाट)

३५. हाम्रा तरफबाट भन्या दोस्ति मजबूतपर मजबूत गर्न्यै हो भनि भारा फौज षजाना पठायाकै छ. भरिमक्य उजीर अलीलाई पक्रन्या पाठ गर्न्येछन्. तर हाम्रो फौज षजाना भारी गरी गयाको देष्ता चम्की नवाब उजीरका अमलबाट पश्चिमतरफ लागी रांपूर्पुग्यो भन्या षवर आइरहेछ. अझ पनि गर्न्या कृत्य गर्न लायाकै छ. हाम्रा मानिसका हात लाग्या छोड्न्या छैनन्.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ असार ४ गते लेखेको चिठीबाट । यो चिठी ऐतिहासिक पत्रसंग्रहको पहिलो भागका ९३–९४ पृ. मा छापिएको छ ।)

३६. उप्रान्त उजीर अलीलाई एसो गरिदिया काशीपुर रुद्रपुर जागीर ५० हजार रूपैया नगद दिउला भनी नवाब उजीरले लेष्याछन्. साहेबान्ले लेष्याको भया पुग्दो हो. तिनले लेष्याको बेहोर्नु गाह्रो. तैपनि मधेस मैले जागीर गरिदिला भन्या अर्को रुक्का लेषिदिया कोसलमा

वजीर अलीलाई नेपालले शरण देला भन्ने डर भएकोले काशीपुर रुद्रपुर तथा ४०।५० हजार रुपियाँ दिउँला भनी इस्ट इन्डिया कम्पनीले नेपाललाई लोभ्याएको थियो[37] । नेपालले वजीर अलीलाई शरण नदिई पाल्पाको सिमानाबाट भगाइदिएकोले[38] इस्ट इन्डिया कम्पनीलाई निकै सजिलो भएको थियो । तर कम्पनीसर्कारको भित्री मनमा नेपाललाई काशीपुर रुद्रपुर तथा ४०।५० हजार रुपियाँ दिने इरादा थिएन । यसैले ऊ एउटा अत्तो थापी नेपाललाई पन्छचाउने दाउमा थियो । छलबल जसतरहले हुन्छ वजीर अलीलाई पक्रन् भनी कम्पनीसर्कारले लेखेपछि नेपालसर्कारले वजीर अलीलाई फसाउन मीठो शब्द पारी चिठी लेखेको थियो । अहिले यही मीठो शब्द पारी लेखेको चिठीको कुरालाई अघि सारी कम्पनीसर्कारले नेपालसर्कारको वजीर अलीसँग साँठगाँठ छ भन्ने कुरा देखाउन खोज्यो । वजीर अलीसँग नेपालको साँठगाँठ छ भनी इस्ट इन्डिया कम्पनीले लाउन खोजेको यस आरोपको खण्डन गर्न नेपालसर्कारले वजीर अलीसँग भएका चिठीपत्रका नकल आफ्ना दूत दीनानाथ उपाध्यायलाई कलकत्ता पठाइदियो र यी चिठी देखाई यस कुराको कडा खण्डन गर्नू भनी उनलाई जनाउ दियो[39] ।

---

मंजुर गर्न सकिन्या थियो भन्याका कुरालाई अंगरेज साहेबलाई र नवाब उजीरलाई जुदा हामिले बुझ्याको छैन. २ मा एकाले बोल्यापछी दुवैले बोल्याको बुझ्याको छ. परन्तु काजका अर्थलाइ भन्या हामिले अंगरेज साहेबको भरोसा हिजैदेखि राष्याको छ.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि सं. १८५६ असार ४ गते लेखेको चिठीबाट)

३७. यही निबन्धको २४ पादटिप्पणी

३८. यही निबन्धको २६ पादटिप्पणी

३९. साहेबानले जस तरहले हुन्छ. हात लाउ भन्यापछि हात लाउनानिमित्त हामिले मिठास लेष्याको त तिन्का चित्तमा दोदिल्गी परैन भन्न्या अर्थले (काजी) सर्दारलाई पक्र्‍या कतल गर्न्या दुवै भावका कुरा अह्राई दोस्तका निमित्त कैएक हजार षर्च गरी फौजसमेत पठायाको हो. उ(नहरुसँग) पनी चिठीपत्र र कुरोकहानी मिठै पाठसंग गर्‍या भनी अह्रायाको हो. सो पनी पछिबाट ताहाँ दोदिल्गी पर्ला भन्नानिमित्त तेस् बातका २।४ बेजिनीस् चिठीका नकल पनी तिमिलाइ पठायैका हुन्. कौसलमा पनी कसै दुस्मनले उल्टो लाइकन बिगार्नामा पस्ला. तसर्थ आजकाल उजीर अलीसित एस्निमित्त एस्ता तरहले षत्षतूत हुन्छन् भनी अगावै कुरो गरीराष र दोदिल्गी पर्न जावैन भनी पनी लेष्याकै हो★. तिनैले पनि तिन्का

---

★गीर्वाणयुद्धबिक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ जेठ ८ गते लेखेको चिठीमा वजीर अलीलाई हामीले मिठास पारी चिठी लेखेको विषयमा कम्पनीसर्कारलाई अवगत गराइराख भनी सिकाइएको थियो—

बाकी उजीर अलीलाई तितो मीठो कौनै तरहले पनी हात लाउन्या काम गर्नु चाहीन्छ भनी नवाब अंग्रेज साहेबबाट लेषी आउदा आपना तरफको बाटघाटको संभार ताकीत गरी उसलाई फुल्याउन मीठा पाठका चीठी पनी गयाकै हुन्. तस्मा दोचित्त मान्नन्. ई कुरा सुनाईराष-

अवधका नवाब सआदत अली, वजीर अलीको विषयमा नेपालसर्कारले गरेको कामदेखि बहुतै खुशी र पाल्पालीले गरेको कामदेखि भने बहुतै बेखुश छन् भनी लखनौमा बसेका नेपाली दूतले काठमाडौंमा लेखी पठाए[40] ।

---

सव्य पाठलाइ गऱ्याका काममा तिनले दोदिल्गी मान्न्या पनि जोग्य परैन. तिन्को बिगार चिताई केही गरौं भन्या त डवल् पर्‍यैको थियो. दोस्तसित मुष पेट जुदा गर्न्या होइन भनी उस्सितको लल्लोपत्तो गरी पक्रन्या काम मात्रै गऱ्याको हो. दिल्को ·········गऱ्याको हैन. तेस्ता बेइमान् फाकडा वेहोस् निमकहरामसित सामील भै भयाका आधारले बोल्याको थाम्न्या निसाफी इमान्दा(र)लाई चिह्लाउनामा पस्ता हुं. एति याद नराषी तिनहरुले कदाचित् तिमिसित कुरा चलाया तिमिले जबाब गर्नुपर्ला भन्नानिमि(त्त वाहाबाट) आयाका षलीताको र उजीर अलीसित भयाका सब षतको नकल पठाइदियाको छ. हेर र तेतिले त तिनको चित्त बुझ्या बीच केही नपर्न्या भया तसैमाफीक ढुंगाको बन्न्या सप्रन्या र तिन्को चित्त माकूल हुन्या गरी बलियो भै बोल. कदाचित् तंम्रा चित्तले तेति कुरामा पनी बिच पर्न्या देष्या घटि बढी सच्याइ जस् तरहले माकूल हुन्छन्. सोइमाफीक ताहां पनी बोल. जाहां पनी बिन्ती गरी पठाव र उसैमाफीक बन्न्या सप्रन्या काज् गरियला. काजि सर्दार फौजलाइ कतिञ्ज्यालसम्म वाहां राष्न्या हो. झिकाउंदामा तनलाई जनाई झिकाउन्या हो भन्या जनाइ बूझ लेष. जनाउ (ग)र्न्या होइन भन्या कस्ता तरहले झिकाउन्या हो. आफुले बुझ्याको लेषी पठाव.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ साउन ९ गते लेखेको चिठीबाट)

उजीर अलीसितका चिठीपत्र पाइ तर्जुमा भयाका बाबतमा इनहरुले जिकिर नचलाया मुहममै रहन दिन्या हो कि केहि बहानाले प्रसंग चलाइ पनी कुरो गर्न्या हो भनि लेष्याको उतिकै छ भनी लेष्याका कुरालाई अघिल्ला चिठिमा लेषियाको हो. चिठी नपुगी हो कि तिमिले याद नराषी हो. उस्मा उनले कुरो नचलाया पनी प्रसंग चलाई पनी कुरो गर्नु भनि लेषियाको हो. अब ता तिनैहरुले कुरो चलायाछन्. जस्तो कुरो गर्छन्. तसैमाफीक उन्को चित्त माकुल हुन्या ढुंगाको बन्न्या सप्रन्या गरी जवाब भर्ना गर.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ कार्तिक ७ गते लेखेको चिठीबाट। यो चिठीको केही अंश संशोधन–मण्डलद्वारा सावधान पत्रको १३ संख्याका १४–१६ पृ. मा छापिएको छ । यो अंशचाहिं सर्वप्रथम यहाँ छापिएको हो ।)

४०. बांकी लष्नौमा बस्याका हाम्रा मानीस्ले लेषी पठायाको कुरो– उजीर अलीवापतमा हजूरदेषी भन्या बहुतै षुस छन्. पल्पालीदेषि भन्या बहुतै नाषुस्छन्. कति वातले भन्या षानु दाना सर्कारको जवाप लेष्नु साफ भनी लेष्याको रहेछ.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ साउन ९ गते लेखेको चिठीबाट)

यस ताका पाल्पाली राजा पृथ्वीपाल सेन काठमाडौंमा नजरबन्द जस्तै थिए[41] । यसैले उनीसँग नेपालसर्कारले उत्निखेरै यस विषयमा सोधपूछ गऱ्यो । वजीर अलीलाई पक्रन सके पक्री लख्नौ पुऱ्याइदिने, पक्रन नसके उनको टाउको काटिदिने निर्देश दिई सआदत अलीले पाल्पामा चिठी पठाएका रहेछन्; त्यसको जवाफमा भारादारहरूले हाम्रा वजीर अली पनि हजुर पनि मालिक हुनुहुन्छ; यस कारण वजीर अलीलाई सुम्पने वा उहाँको टाउको काट्ने काम हाम्रो हातबाट हुन सक्दैन भनी बेहोशी गरी जवाफ लेखेछन्; यो कुरा उनीहरूले मलाई मुखैले भनी पठाएका हुन्; उनीहरूले सआदत अलीलाई पठाएको जवाफको मसौदा मैले देख्न पाएको छैन भनी पृथ्वीपाल सेनले जवाफ दिए [42]।

यसपछि नेपालसर्कारले सआदत अलीलाई पाल्पाली भारादारहरूले पठाएको जवाफको मसौदा पाल्पाबाट मगायो [43]।

---

४१. ह्वेन् रणबहादुर् अफ़् गोर्खा डिटर्'मिन्ड् टु प्लेस् द सभ्रन्टि न् द ह्यान्ड्ज् अफ् युद्दविक्रम् साहि…ही इन्भाइट्इड् पृथ्वी पाल् टु परफ़र्म् द सेर्'इमनि अफ् टीका……। द रि'अल् अब्जिक्ट् हाउएभ्'अर्, अफ् इन्भाइटे'शन् वज् इन् अल् प्रब्'अब्लिटि टु ह्याँभ् पाउ'अर् ओभर् पृथ्वी 'पाल् फर् ही रिमेन्ड् इन् अ काइन्ड् अफ् कन्फाइन्'मेन्ट् अन्टिल् ज्याँन्'युअरइ १८०३,

(ह्यामिल्टनको उपर्युक्त ग्रन्थका १७४–१७५ पृ. बाट)

[गोर्खाका रणबहादुरले गीर्वाणयुद्धविक्रम शाहलाई राज्य दिने निधो गरेपछि उनलाई राजतिलक लाइदिन पृथ्वीपाललाई डाके । पृथ्वीपाललाई डाक्नाको वास्तव कारण सम्भवतः उनीउपर अधिकार जमाउनु थियो । किनभने वि. सं. १८५९ को पूस माघसम्म उनी एक किसिमको थुनामा परे ।]

४२. त्यो क्या हो तब भनी पल्पाली राजालाई डाकि उजीर अली सनकबन्दीमा कतै षतषतुत भयो कि भयेन. भयाको भया कस्ता डवलसंग कहां भयोथ्यो भन्दा म भन्या आहीं छु. केही थाह छैन. अघि म आउंदा केही जरुरी पर्दामा चाहियला भनी दुई चार लिफाफ छाडि आयाका हुन्. उजिर अलिका (बापतमा) लष्नौबाट नवाब उजोरको हाम्रो षूनी तेस्तरफ आयो. मुख्य तेस्लाई पक्री आहां पुऱ्याइदिनु. सो त भयेन भन्या तेस्को शिर काटी जुदा गरीदिनु भन्न्या षत आयेछ र भारादारहरुले हाम्रा तिमि पनी उजीर अली पनि षामिद बराबरै हो. तिमि दुवैको निमक षायाको छ. शिर काट्न र सौं(पन) सक्नु छैन भन्न्या बूझ्को जबाब लेष्या. हाम्रा निमकको सच्चाइ प्रतीत पर्ला भनी बेहोसी गरी जबाब लेष्याछन् र एस्तो लेषी पठाउ्यु भनी जुवानी कहि पठायाथ्या. मसौदा भन्या देष्याको छैन भन्या

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ साउन ९ गते लेखेको चिठीबाट)

४३. मसौदा लिन पठायाको छ. पल्पाबाट आयापछि तस्को नकल ताहां पनी पठाइदिउंला. एस्कुराको चर्चा तहां चलाइहाल्या सोइमाफीक आफ्नु बन्न्या गरी कुरो गरौला.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ साउन ९ गते लेखेको चिठीबाट)

वजीर अली वि. सं. १८५५ को माघनिगल्दो पाल्पाको सिमानामा आएकाले र वि. सं. १८५५ फागुन २८ गतेको दिन रणबहादुर शाहले आफूले राज्यत्याग गरी छोरा गीर्वाणयुद्ध-विक्रम शाहलाई राज्य दिएकाले[45] कम्पनीसर्कारले पत्याइनसक्नु कुरा अजमाउन मौका पायो। वजीर अलीसँग रणबहादुर शाहको दोस्ती भएकोले दोस्तलाई आपत् पर्दा मदत नगर्ने भन्ने अवगालबाट बच्न रणबहादुर शाहले राज्य छोडे जस्तो मात्र गरेका हुन् भन्ने कुरा कम्पनी-सर्कारले अजमाएको थियो । यो कुराको पनि कडा खण्डन गर्नू भनी नेपालसर्कारले दीनानाथ उपाध्यायलाई अह्राएको थियो[46] ।

---

४४. यही निबन्धको ११ पादटिप्पणी

४५. उपरान्त मैले राज्यको भोग जति गर्न्या हो. सो गर्‍यां. आजउप्रान्त संसार त्याग गरी तपस्या गर्नको इच्छा भयो र श्रीकान्छी रानीतीरका पुत्र श्रीगीर्वाणयुद्धविक्रम साहलाई मेरो भरमुलुकको रजाळी गादी बक्स्यां. फागुणका दिन २८ जांदा शुक्रबार शुभलग्नमा राज्याभिषेक हुन्छ.

(रणबहादुर शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५५ फागुन २५ गते लेखेको चिठीबाट। यो चिठी सुन्दरप्रसाद शाह र शङ्करमानसिंह बस्न्यातद्वारा इतिहास प्रकाश १ अङ्कका ११०–१११ पृ. मा छापिएको छ ।)

सं. १८५५ फाल्गुन २८ गते फाल्गुनशुक्लद्वितीया शुक्रवार घटी १०।५ पु राज्याभिषेकः
(वि. सं. १८५५ को पात्रोबाट)

सं. १८५५ शा. १७२० फाल्गुनशुक्लद्वितीयायां शुक्रवा(सरे) उत्तरभाद्रचतुर्थचरणे मार्त्तण्ड-मण्डलार्द्धोदयाद् ग(तघटीषु) १० पलेषु ५ नेपालदेशे श्रीश्रीपुत्राभिषेकः ।
(राज्याभिषेकको कागतबाट)

[वि. सं. १८५५ शाके १७२० फाल्गुन शुक्ल द्वितीया शुक्रबार उत्तरभाद्र नक्षत्रको चारौं पाउमा सूर्योदयदेखि १० घडी ५ पला गएमा नेपाल देशमा श्रीश्री( महाराजाधिराज रण बहादुर शाह)का छोराको राज्याभिषेक भयो ।]

(यी उद्धरण दिनेशराज पन्तद्वारा पूर्णिमाको १० पूर्णाङ्कको ५० पृ. मा छापिएका छन् ।)

४६. उपरान्त दफदरखानाका रसल साहेबले र किलिकपातृक साहेबले श्रीबुबाज्युको उमेर क्या छ. तेस उमेरमा राज्य छोडि तेति साना पुत्रलाइ गादि दियाको वायस् क्या हो भनि सोध्यामा तिमिले जबाब दियापछि तेसो होइन. तिमि यो कुरा सांचो कहन्याछैन. तेस्को वायस्ता उजीर अलिसित दोस्ति रहेछ. उ बिग्रंदा मैले त राज्य छोडी हाल्यांथ्यां. राजाले क्या गर्‍या क्या गरेनन् भनि अरुसित बोल्नालाई पर्दा गर्‍याको हो. कारोबार छोडैनन्. फेरी गर्नन् भनी कुरा गर्‍याको ······ विस्तार विन्ति लेष्याको आइपुग्यो. मालुम भयो. तिनहरुले तिमिछेउ तेति कुरा जति गर्‍या त कौसलभा केहि कुरा नभै आफ्नै उचितले गर्‍याको हवैन. संमतैसंग होला. तिमिले जवाव बढियै दियाछौ. तेसै हो. आपना तरफबाट चुकियाको कति छैन. कुरा

सआदत अलीलाई पाल्पाली भारादारहरूले पठाएको जवाफको मसौदा काठमाडौंमा आए-

कल्पना गरी ढांटी ढाकी गर्नुपर्न्या केही छैन. भयाको जस्ताको तस्तो तिमिलाई लेष्यैंको हो सोइमाफीक कुरो पनी गरीहाल्याछौ. फेरी कौसलबाट पनी छेडीहाल्या तसैमाफिक गरी उन्को चित्त माकुल गराई कुरो गर्नु. श्रीबुवाज्युले राज्य छोडचाको तिनहरुले आफ्ना मतलबका निमित्त त्यो अर्थ लाया तपनी त्यो अर्थ सच्चा होइन. परलोकै सुधार्नाका निमित्त हो. तेत्ति ढाकनाका निमित्त एत्रो राज्य पनि छोडिदैन हो. चीन बादसाहलाई र अन्यत्रलाइ पनी लेषिदैन हो. तिनले त्यो अर्थ लायाको त आफुलाई षुनी पक्रनाको गर्ज पर्दा २।३ बेर हामिलाइ लेष्या. हामिले जुवानका सच्चा मुद्दतका दोस्त जानी तिनका दस्तावेज ली तिनैका लेष्याभर सबै थोक गरी काजी भारा फौजसमेत लाई पठाजु. तेरमा केही षर्च पनी भयो हो. इनको एस् बातमा निहोरा लाग्यो यो निहोरा कस् डबलले मेटाउं भनी बात षोज्याको हो कि कसो हो. हामिले त पेटमा १ बात र षी मुषले अर्को बात गऱ्याको छैन. जो भयाको मुष पेट एकत्व गरी तिनैसितको दोस्ति राष्याको छ. तिनैले लेषि भनि गऱ्याका कामको तिनैले संका राषि तेसो भन्न जति लाग्या त तिनले भन्याको र दोस्तका कृत्यभर हामिले गऱ्यानगऱ्याको उजिर अलि पक्रिया पनी थाह हुन्यै थियो. नपक्रिया अन्यत्र र करणीबाट पनि थाह हुन्यैछ. उजीर अली बुटौलतरफ आयाको षवर लेष्याको मिति र राज्याभिषेकको सन्थाका चिठिको मिति कौन् अघि रहेछ भनी मिती जोरी हेर्दा ढेरको बीच रहेनछ. राज्याभिषेकको सन्था अघि नआयाको हुनाले कुरो गर्न्या सलाह ठहरियेन भन्याका कुरालाई राज्याभिषेकका सायतभन्दा उजीर अलीले षुन् गऱ्याको थोरै अघि रहेछ★. हामीलाइ षबर भन्या आयाको थियेन. उजीर अली उहांबाट भागी बुटौलका नगीचमा आई पठायाको चिठी आइपुग्याको र राज्याभिषेकका साइतको दुई चारै दिनको अघिपछि होला. अभिषेकको सन्था चल्याको भन्या ४।५ महिना पहिलेदेषि हो. सराजाम अभ्यन्तर हुंदै थियो. देसदेसाबरमा लेष्नाकन ता कसैका मनले नपत्यायाको कुरो हुनाले काम नभै अगावै फयल गर्नाको फाइदा पनी केही थिएन. घरका छोटा बडा सबै एसो हुन्या होइन. छोड्न्या उमेर भयाको छैन भनि बिन्ति गर्दै थिया र बिन्ति लागीजाला कि भनी कतै नलेष्याको हो. निदान हुन्यै रहेछ र कसैको बिन्ती नसुनी केवल परलोकै सुधार्नानिमित्त राजकाज छोड्नाकन अरुका बिन्तिको बाटो नराषि हुकुम हुंदा ताहां र अन्यत्र पनि लेषियाको हो. उजीर अलिकै बापतमा पो छोडचाको हो कि भन्न्या कुराको कत्ति सन्देह नराषि अगावैदेषि सन्था चल्याको जानी सोइमाफीक गरी बोल.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ कार्तिक ७ गते लेखेको चिठीबाट)

★ वजीर अलीले वि. सं. १८५५ माघ ४ गते चेरीलाई मारेका (यही निबन्धको ५ पादटिप्पणी) र गीर्वाणयुद्धविक्रम शाहको राज्याभिषेक वि. सं. १८५५ फागुन २८ गते (यही निबन्धको ४५ पादटिप्पणी) भएको हो ।

पू. ९.

पछि नेपालसर्कारले दीनानाथ उपाध्यायकहाँ त्यो मसौदाको नकल वि. सं. १८५६ कार्तिक ७ गते पठाइदियो[47] ।

आखिरमा वजीर अली जयनगरका राजाकहाँ शरण लिन पुगे । कम्पनीसर्कारबाट निकै रकम भेट्टाएकाले जयनगरका राजाले वि. सं. १८५६ को हिउँदमा वजीर अलीलाई कम्पनी-सर्कारछेउ बुझाइदिए । यसपछि वजीर अली कलकत्ता ल्याइए र फोर्ट विलियममा थुनिए । वि. सं. १८७४ को बर्खामा भेलोरमा वजीर अलीले प्राण छोडे [48]।

वजीर अलीले अंग्रेजलाई मारी नेपाली सरहदमा आउँदा नेपालसर्कारले अंग्रेजको पक्ष लिई वजीर अलीलाई शरण नदिई उनलाई आफ्नो सरहदबाट भगाइदियो । तर यसको साटो नेपालले अंग्रेजतर्फबाट केही पाएन । उल्टो रणबहादुर शाह र वजीर अलीको साँठगाँठ भएको जस्तो आरोप कम्पनीसर्कारले लगायो ।

यस वेला रणबहादुर शाहले राज्य छोड्ने र गीर्वाणयुद्धविक्रम शाह राजा हुने समय परेको थियो । २३ वर्षका जवान रणबहादुर शाहले डेढ वर्षका नाबालग गीर्वाणयुद्धविक्रम शाहलाई राजा बनाउनाको निमित्त गद्दी छोड्न लागेको त्यस वेलाका पाका भारादारहरूलाई मन परेको थिएन । यस कारण त्यस वेलाको नेपालमा एक किसिमको गृहकलह चलिरहेको थियो । यसो हुँदा नेपालले वजीर अलीकाण्डबाट फुट्टी पनि फायदा उठाउन सकेन ।

-❀-

---

४७. उजीर अलीबाबतका कुरालाइ भन्या राज(ा) भन्या ञांही थिया. जल्दीमा उन्का भारादारहरुले आफ्नु सच्चाइ देषाउनानिमित्त एस्ता पाठले लेष्याछन्. मसौदा लिन पठायाको छ भ(नि) अघि तिमिलाइ लेष्यार्क हो. सो मसौदा आइपुग्यो. नकल गरी पठायाको छ. हेरी जस्ता पाठले बन्छ. सो बोल.

(गीर्वाणयुद्धविक्रम शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५६ कार्तिक ७ गते लेखेको चिठीबाट)

४८. भारतीय ऐतिहासिक पत्रपरिषद्का कार्यकलापको चौधौं भागको ७८ पृ.
जेम्स बर्जेसको उपर्युक्त ग्रन्थको २७५ पृ.

(क्रमागत)

# सिद्धान्तशिरोमणिको अनुवाद

—देवीप्रसाद भण्डारी

सृष्ट्वा भचक्रं कमलोद्भवेन
ग्रहैः सहैतद्भगणादिसंस्थैः ।
शश्वद् भ्रमे विश्वसृजा नियुक्तं
तदन्ततारे च तथा ध्रुवत्वे ।।१३।।

**अन्वय** — विश्वसृजा, कमलोद्भवेन, भगणादिसंस्थैः, ग्रहैः सह, एतत्, भचक्रम्, सृष्ट्वा, शश्वत्, भ्रमे, नियुक्तम्, तथा, तदन्ततारे च, ध्रुवत्वे (नियुक्ते) ।।१३।।


**पदार्थ** — विश्वसृजा = संसारलाई सृष्टि गर्ने । कमलोद्भवेन = ब्रह्माजीले । भगणादिसंस्थैः = मेषादिमा रहेका । ग्रहैः सह = ग्रहहरूसँगै । एतत् = यो । भचक्रम् = भपञ्जर (ताराहरूको समूह)। सृष्ट्वा = सृष्टि गरेर । शश्वत् = निरन्तर । भ्रमे = घुमाइमा । नियुक्तम् = लगाइयो । तथा = त्यस्तै । तदन्ततारे च = त्यसको छेउका दुइटा तारा पनि । ध्रुवत्वे = स्थिर हुनामा । नियुक्ते = लगाइए ।।१३।।

**भावार्थ** — जुन भपञ्जर (ताराहरूको समूह) ग्रहहरूसँगसँगै घुमिरहेको हामीहरू देख्तछौं । त्यस भचक्रलाई सृष्टिको आदिमा संसारका सृष्टिकर्ता ब्रह्माजीले सृष्टि गरेर निरन्तर पश्चिमाभिमुख भएर घुम्ने काममा लगाइदिनुभएको हो । सो भचक्रमा अश्विनी आदि सत्ताईस नक्षत्र तथा अरू अनेकन् ताराहरू र चन्द्र, बुध, शुक्र, सूर्य मङ्गल, बृहस्पति, शनि ग्रहहरू पनि छन् ।।१३।।

बादल नलागेको अँधेरी रातमा आकाशमा हेर्दा अनगिन्ती ताराहरू आकाशभर छरिएर झलमलाइरहेका देखिन्छन् । ती ताराहरू कुनै बढ्ता उज्याला र कुनै केही मलिना देखिन्छन् । उत्तर दिशापट्टि फर्केर आकाशमा हेर्दा झलमलाइरहेका सातओटा तारा देखिन्छन् । तिनको आकार पुच्छरवाला चङ्गा जस्तो देखिन्छ । ती ताराहरू "सप्तर्षि" हुन्★। सप्तर्षिबाट बनेको चङ्गाको

---

★




म = मरीचि
रा = अङ्गिरा
स्त्य = पुलस्त्य
ह = पुलह

व = वसिष्ठ
त्रि = अत्रि
क्र = क्रतु
ध्रु = ध्रुव

आकारमा हेर्दा पूर्वतिर लट्किरहेको चङ्गाको पुच्छरमा देखिने सबैभन्दा तल (पूर्वतिर)का ' ' तारा मरीचि हुन् । मरीचिभन्दा अलिमाथि (पश्चिम) का 'व' तारा वशिष्ठ हुन् । वशिष्ठभन्दा अलिमाथिका 'रा' तारा अङ्गिरा हुन् । अङ्गिराभन्दा अलिमाथि चङ्गाको तल्लो कुनाका 'त्रि' तारा अत्रि हुन् । चङ्गाको बायाँ कुनाका 'स्त्य' तारा पुलस्त्य हुन् । चङ्गाको दायाँ कुनाका 'क्र' तारा क्रतु हुन् । चङ्गाको माथिल्लो कुनाका 'ह' तारा पुलह हुन् ♦। यी सप्तर्षिमध्येका पुलह र क्रतु यी दुवै ताराको सोझो पारी उत्तर दिशातिर जाने एउटा धागो कल्पना गरेर बढाएमा त्यो धागो जुन तारामा पर्दछ त्यही तारा 'ध्रुव' हो । 'ध्रुव' ताराले आफ्नो ठाउँ फेरेको देखिदैन । 'ध्रुव' तारा जुनसुकै महीनामा पनि रातभर उत्तर दिशातिर एउटै ठाउँमा मात्र अटल भएर रहेको देखिन्छ । 'ध्रुव' ताराकै वरिपरि पश्चिमाभिमुख भएर यी सप्तर्षिहरू घुमिरहेका देखिन्छन् । अरू ताराहरू पनि पश्चिमाभिमुख भई घुमिरहेका देखिन्छन् । यिनै ताराहरूको समूहलाई "भपञ्जर" भन्दछन् । यसै कारण "भपञ्जर" को गति पश्चिमाभिमुख छ भनिएको हो । 'ध्रुव' ताराको वरिपरि सप्तर्षि आदि ताराहरू घुमेका देखिनाले र 'ध्रुव' तारा नघुमेको देखिनाले "भपञ्जर" निरन्तर पश्चिमतिर घुमिरहन्छ र त्यसको अन्त्यको (हिँडिरहेको बग्गी आदिको पाङ्ग्राको बीचको चुकुल रहने ठाउँ जस्तै भई रहेको) "ध्रुव" तारा हो, भनेको हो ।

ततोऽपराशाभिमुखं भपञ्जरे
सखेचरे शीघ्रतरे भ्रमत्यपि ।
तदल्पगत्येन्द्रदिशं नभश्चरा–
श्चरन्ति नीचोच्चतरात्मवर्त्मसु ।।१४।।

अन्वय — ततः, सखेचरे, शीघ्रतरे, भपञ्जरे, अपराशाभिमुखम्, भ्रमति, अपि, नभश्चराः, नीचोच्चतरात्मवर्त्मसु, तदल्पगत्या, इन्द्रदिशम्, चरन्ति ।।१४।।

---

♦ पूर्वे भागे भगवान् मरीचिरपरे स्थितो वसिष्ठोऽस्मात् ।
तस्याङ्गिरास्ततोऽत्रिस्तस्यासन्नः पुलस्त्यश्च ।।५।।
पुलहः क्रतुरिति भगवानासन्ना अनुक्रमेण पूर्वाद्यात् ।

( बृहत्संहिता सप्तर्षिचार )

[सबैभन्दा पूर्वदिशातिर *मरीचि* छन् । मरीचिभन्दा पश्चिमतिर *वशिष्ठ* छन् । वशिष्ठभन्दा पश्चिमतिर *अङ्गिरा* छन् । अङ्गिराभन्दा पश्चिमतिर *अत्रि* छन् । अत्रिको नजीकै *पुलस्त्य* छन् । पुलत्स्यको नजीकै *पुलह* छन् । पुलहको नजीकै *क्रतु* छन् ।]

**पदार्थ** — ततः = त्यसपछि । सखेचरे = ग्रहहरूले सहित भएको । शीघ्रतरे = ज्यादै छिटो । भपञ्जरे = भचक्र । अपराशाभिमुखम् = पश्चिमतिर । भ्रमति अपि = घुमिरहेमा पनि । नभश्चराः = ग्रहहरू । नीचोच्चतरात्मवर्त्मसु = तल र माथि रहेका आफ्ना आफ्ना बाटामा । तदल्पगत्या = त्यो भपञ्जरको गतिभन्दा थोरै गतिले । इन्द्रादिशम् = पूर्व-तिर । चरन्ति = हिँड्छन् ।।१४।।

**भावार्थ** — ग्रहहरूको पूर्वाभिमुख भई हिँड्ने गति थाहा पाउनाका निमित्त आकाशमा ग्रहहरू हेर्नुपर्दछ । जस्तै–उजेली रातमा चन्द्रमालाई नै हेर्दा सजिलो पर्दछ । जुन दिन चन्द्रमालाई हेर्नु छ, त्यस दिन रातमा आकाशतिर हेर्दा चन्द्रमा कुनै एउटा ताराको नजीकमा रहेका हुन्छन् । ती चन्द्रमा र तारालाई ठम्याई दुइ तीन घण्टासम्म हेरिरह्यो भने अघि नजीक रहेको ताराभन्दा चन्द्रमा केही पूर्वतिर हट्तै गएका देखिन्छन् । यसरी पूर्वतिर हट्तै गएका चन्द्रमालाई लगातार सात आठ घण्टासम्म हेरिरहेमा अघि नजीक रहेको ताराभन्दा निकै नै पूर्वतिर चन्द्रमा हटिसकेका देखिन्छन् । यसरी पूर्वतिर हट्तै हट्तै गएर भोलिपल्टको रातमा चन्द्रमा पूर्वतिर अर्कै तारानेर पुगिरहेका देखिन्छन् । यसरी चन्द्रमाको पूर्वतिर सर्ने गति थाहा पाएपछि अरू (बुध, शुक्र, मङ्गल, बृहस्पति, शनि) ग्रहहरूलाई पनि यसै गरी ठम्याई हेरेमा उनीहरूको पूर्वाभिमुख भई हिँड्ने गति थाहा पाउन सकिन्छ ।

सूर्यको पूर्वाभिमुख भई हिँड्ने गति थाहा पाउनचाहिं बिहान सबेरै सूर्योदय हुनुभन्दा एक घण्टापहिले जुन तारा (नक्षत्र) पूर्व क्षितिजमा देखिन्छ, भोलिपल्ट त्यो तारा सूर्योदयभन्दा एक घण्टाअगाडि हेर्दा अघिल्लो दिन देखिएको ठाउँबाट अलिकता माथि (पश्चिमतिर) सरेको देखिन्छ । यसरी सूर्य उदाउनुभन्दा एक घण्टा-अगाडि दिनहुँ हेर्दै जाँदा सो तारा विस्तार विस्तार माथि माथि सर्दै आएको देखिन्छ । तेह्र चौध दिनपछि पूर्व क्षितिजमा सूर्य उदाउनुभन्दा एक घण्टाअगाडि हेर्दा सो तारा-भन्दा पूर्वतिर (अघि सो तारा देखिएको ठाउँनेर) अर्कै तारा उदाएको देखिन्छ अर्थात् चौध दिनअघि अश्विनी तारा देखिएको थियो भने चौध दिन जतिपछि त्यही ठाउँनिर भरणी तारा उदाइरहेको देखिन्छ । यसरी सूर्य विस्तार विस्तार पूर्वतिर सर्दा रहेछन् भन्ने कुरा यताबाट देखिन्छ । यसरी सूर्योदय हुनुभन्दा एक घण्टा अगाडि पूर्व क्षितिजमा क्रमैसँग सत्ताईसओटा तारा (नक्षत्र) आइपुग्दा सूर्यले बाह्र राशिको भचक्र सबै हिँडिसक्तछन् भन्ने कुरा बुझिन्छ ।

सूर्य अस्ताएको एक घण्टापछि पश्चिम क्षितिजमा हेरे पनि यो कुरा थाहा पाउन सकिन्छ ।

लङ्कानगर्यामुदयाच्च भानो–
स्तस्यैव वारे प्रथमं बभूव ।
मधोः सितादेर्दिनमासवर्ष–
युगादिकानां युगपत् प्रवृत्तिः ।।१५।।

**अन्वय** — लङ्कानगर्याम्, भानोः, उदयात्, प्रथमम्, तस्य एव, वारे, मधोः, सितादेः, दिनमासवर्षयुगादिकानाम्, युगपत्, प्रवृत्तिः, बभूव ॥१५॥

**पदार्थ** — लङ्कानगर्याम् = लङ्का शहरमा । भानोः = सूर्यको । उदयात् = उदय भएदेखि । प्रथमम् = पहिले । तस्य एव = तिनको (सूर्यको) नै । वारे = वारमा । मधोः = चैत्र-महीनाको । सितादेः = शुक्लपक्षको प्रतिपदादेखि । दिनमासवर्षयुगादिकानाम् = दिन, महीना, वर्ष, युगहरूको । युगपत् = एकैपल्ट । प्रवृत्तिः = थालनी । बभूव = भयो ॥१५॥

**भावार्थ** — सृष्टिको आदिमा लङ्का शहरमा सूर्योदयकाल थियो । चैत्रशुक्ल प्रतिपदा परेको थियो । वैशाखसंक्रान्ति तथा आदित्यवार परेको थियो । चन्द्रमा र सूर्य मेष राशिको आदिमा थिए । त्यस कारण चान्द्रमानले चैत्रशुक्ल प्रतिपदा सौरमानले वैशाख-संक्रान्ति आदित्यवार लङ्कामा सूर्योदयकालमा वर्षको, युगको, मन्वन्तरको, कल्पको, एकैपल्ट थालनी भएको हो ॥१५॥

योऽक्ष्णोर्निमेषस्य खरामभागः
स तत्परस्तच्छतभाग उक्ता ।
त्रुटिर्निमेषैर्धृतिभिश्च काष्ठा
तत्त्रिंशता सद्गणकैः कलोक्ता ॥१६॥
त्रिंशत्कलाऽऽर्क्षी घटिका क्षणः स्यान्-
नाडीद्वयं तैः खगुणैर्दिनं च । १६$\frac{1}{2}$

**अन्वय** — अक्ष्णोः, निमेषस्य, यः, खरामभागः, भवेत्, सः, सद्गणकैः, तत्परः, उक्तः । तच्छतभागः, त्रुटिः, उक्ता । धृतिभिः, निमेषैः, काष्ठा, उक्ता । तत्, त्रिंशता, कला, उक्ता । त्रिंशत्कला, आर्क्षी,घटिका, स्यात् । नाडीद्वयम्, क्षणः, स्यात् । खगुणैः, तैः, दिनम्, स्यात् ॥१६$\frac{1}{2}$॥

**पदार्थ** — अक्ष्णोः = दुइ आँखाको । निमेषस्य = एक झिम्क्याइको । यः = जो । खरामभागः = तीस भागको एक भाग । भवेत् = हुन्छ । सः = त्यो । सद्गणकैः = असल ज्योतिषीहरूले । तत्परः = तत्पर । उक्तः = बताइयो । तच्छतभागः = तत्परको सय भागको एक भाग । त्रुटिः = त्रुटि । उक्ता = बताइयो । धृतिभिः = अठाह्र । निमेषैः = निमेषले । काष्ठा = एक काष्ठा । उक्ता = बताइयो । तत्त्रिंशता = तीस काष्ठाले । कला = एक कला । उक्ता = बताइयो । त्रिंशत्कला = तीस कलाले । आर्क्षी = नाक्षत्र । घटिका = घडी । स्यात् = हुन्छ । नाडीद्वयम् = दुइ घडी । क्षणः = एक मुहूर्त । स्यात् = हुन्छ । खगुणैः = तीस । तैः = ती मुहूर्तहरूले । दिनम् = एक दिन । स्यात् = हुन्छ ॥१६$\frac{1}{2}$॥

**भावार्थ**— १०० त्रुटि = १ तत्पर ।
३० तत्पर = १ निमेष (एकपटक आँखा झिमिक्क गर्ने समय)
१८ निमेष = १ काष्ठा ।
३० काष्ठा = १ कला ।
३० कला = १ नाक्षत्रघडी ।
२ घडी = १ मुहूर्त ।
३० मुहूर्त = १ दिन ।

हुन्छ ॥१६½॥

## १ उदाहरण

### एक दिनका त्रुटि बनाउँदा

१ दिन = १ × ३० मु. = ३० मुहूर्त ।
= ३० × २ घ. = ६० घडी ।
= ६० × ३० क. = १८०० कला ।
= १८०० × ३० का. = ५४,००० काष्ठा ।
= ५४००० × १८ नि. = ९,७२,००० निमेष ।
= ९,७२,००० × ३०त. = २ ९१,६०,००० तत्पर ।
= २,९१,६०,००० × १०० त्रु. = २,९१,६०,००,००० त्रुटि ।
∴ एक दिनमा २,९१,६०,००,००० (दुइ पद्म, एकान्नब्बे करोड, साठी लाख) त्रुटि हुन्छन् ।

## २ उदाहरण

### ८,७४,८०० निमेषका घडी बनाउँदा

निमेष काष्ठा
१८)८७४८००(४८,६००
७२
१५४
१४४
१०८
१०८
×

काष्ठा कला
३०)४८,६००(१,६२०
३०
१८६
१८०
६०
६०
×

```
    कला
३०)१६२०(५४ घडी
   १५०
   ───
    १२०
    १२०
    ───
     ×
```

∴ ५४ (चौवन्न) घडी हुन्छ ।

## ३ उदाहरण

२,२४,५७५ त्रुटिका तत्पर निमेष आदि बनाउँदा

```
   त्रुटि    तत्पर               तत्पर  निमेष        निमेष    काष्ठा
१००)२२४५७५(२,२४५              ३०)२२४५(७४          १८)७४(४
    २००                           २१०                  ७२
    ───                           ───                  ───
     २४५                          १४५             निमेष शेष २
     २००                          १२०
     ───                          ───
      ४५७                    तत्पर शेष २५
      ४००
      ───
       ५७५
       ५००
       ───
त्रुटि शेष ७५
```

∴ ४ काष्ठा २ निमेष २५ तत्पर ७५ त्रुटि उत्तर ।

## १ प्रश्नमाला

(१) ५०० त्रुटिका तत्पर कति हुन्छन् ?
(२) ५० तत्परका त्रुटि कति हुन्छन् ?
(३) ३०० तत्परका निमेष कति हुन्छन् ?
(४) १२ निमेषका तत्पर कति हुन्छन् ?
(५) ३६० निमेषका काष्ठा कति हुन्छन् ?
(६) २५ काष्ठाका निमेष कति हुन्छन् ?
(७) १२०० काष्ठाका कला कति हुन्छन् !
(८) १० कलाका काष्ठा कति हुन्छन् ?
(९) ९० कलाका घडी बनाउँदा कति हुन्छन् ?

| | | | | |
|---|---|---|---|---|
| (१०) २५ | घडीका | कला बनाउँदा | कति | हुन्छन् ? |
| (११) ३० | घडीका | मुहूर्त बनाउँदा | कति | हुन्छन् ? |
| (१२) २५ | मुहूर्तका | घडी बनाउँदा | कति | हुन्छन् ? |
| (१३) १०० | मुहूर्तका | कति दिन, | कति मुहूर्त | हुन्छन् ? |
| (१४) १२० | मुहूर्तका | दिन बनाउँदा | कति | हुन्छन् ? |
| (१५) १५ | दिनका | मुहूर्त बनाउँदा | कति | हुन्छन् ? |

### उत्तर

| | | |
|---|---|---|
| (१) ५ तत्पर । | (२) ५,००० त्रुटि । | (३) १० निमेष । |
| (४) ३६० तत्पर । | (५) २० काष्ठा । | (६) ४५० निमेष । |
| (७) ४० कला । | (८) ३०० काष्ठा । | (९) ३ घडी । |
| (१०) ७५० कला । | (११) १५ मुहूर्त । | (१२) ५० घडी । |
| (१३) ३ दिन १० मुहूर्त । | (१४) ४ दिन । | (१५) ४५० मुहूर्त । |

\+ + + +

गुर्वक्षरैः खेन्दुमितैरसुस्तैः
षड्भिः पलं तैर्घटिका खषड्भिः ॥१७॥
स्याद् वा घटीषष्टिरहः खरामै-
र्मासो दिनैस्तैर्द्विकुभिश्च वर्षम् ॥१७½॥

**अन्वय** — वा, खेन्दुमितैः, गुर्वक्षरैः, असुः, स्यात् । षड्भिः, तैः, पलम्, स्यात् । खषड्भिः, तैः, घटिका, स्यात् । घटीषष्टिः, अहः, स्यात् । खरामैः, दिनैः, मासः, स्यात् । द्विकुभिः, तैः, वर्षम्, स्यात् ॥१७½॥

**पदार्थ** — वा = अथवा । खेन्दुमितैः = दशओटा । गुर्वक्षरैः = गुरु अक्षरको उच्चारणकाल ★। असुः = एक असु । स्यात् = हुन्छ । षड्भिः = छ । तैः = ती असुले । पलम् = एक पला । स्यात् = हुन्छ । खषड्भिः = साठी । तैः = ती पलाले । घटिका = एक घडी । स्यात् = हुन्छ । घटीषष्टिः = साठी घडीले । अहः = दिन । स्यात् = हुन्छ । खरामैः = तीस । दिनैः = दिनले । मासः = एक महीना । स्यात् = हुन्छ । द्विकुभिः = बाह्र । तैः = ती महीनाले । वर्षम् = एक वर्ष । स्यात् = हुन्छ ॥१७½॥

---

★ दीर्घ, अनुस्वार भएको, विसर्ग भएको तथा संयुक्त अक्षर परतिर भएको स्वर (अच्) गुरु अक्षर कहलाउँछ ।

भावार्थ— १० गुरु अक्षरको उच्चारणकाल = १ असु (शरीर स्वस्थ भएको मानिसले एक बाजि सास फेर्ने काल ।)

| | |
|---|---|
| ६ असु | = १ पला । |
| ६० पला | = १ घडी । |
| ६० घडी | = १ दिन । |
| ३० दिन | = १ महीना । |
| १२ महीना | = १ वर्ष । |

हुन्छ ॥ १७$\frac{1}{2}$ ॥

## १ उदाहरण

एक दिनमा कतिपल्ट गुरु अक्षरको उच्चारण गर्न सकिएला ?

१ दिन = १ × ६० घ. = ६० घडी
= ६० × ६० प. = ३६०० पला
= ३६०० × ६ अ. = २१,६०० असु
= २१६०० × १० गु. अ. = २,१६,००० गुरु अक्षरको उच्चारणकाल

∵ एक दिनमा २,१६,००० (दुइ लाख सोह्र हजार) पटक गुरु अक्षर उच्चारण गर्न सकिन्छ ।

## २ उदाहरण

एक महीनाका असु ल्याउँदा

१ महीना = १ × ३० दि. = ३० दिन
= ३० × ६० घ. = १८०० घडी
= १८०० × ६० प. = १,०८,००० पला
= १०८००० × ६ अ. = ६,४८,००० असु

∵ एक महीनामा ६,४८,००० (छ लाख, अठचालीस हजार) असु हुन्छन् ।

### ३ उदाहरण

४३,९१० असुका पला, घडी आदि बनाउँदा

```
असु   पला                      पला   घडी
६)४३९१०(७,३१८              ६०)७३१८(१,२१
  ४२                          ६०
  ──                          ──
   १९                         १३१
   १८                         १२०
   ──                         ───
    ११                         ११८
     ६                          ६०
    ──                          ──
    ५०                          ५८ पला शेष
    ४८
    ──
असु शेष २

        घडी  दिन
      ६०)१२१(२
         १२०
         ───
           १ घडी शेष
```

∵ २ दिन १ घडी ५८ पला २ असु हुन्छन् ।

### २ प्रश्नमाला

(१) १०० वटा गुरु अक्षर उच्चारण गर्दा कति असु बित्लान् ? (कतिपल्ट सास फेर्नुपर्ला ?)
(२) ३० असुमा कतिओटा गुरु अक्षर उच्चारण गर्न सकिन्छ ?
(३) १२० असुका कति पला हुन्छन् ?
(४) ५५ पलाका असु बनाउँदा कति हुन्छन् ?
(५) ३०० पलाका घडी बनाउँदा कति हुन्छन् ?
(६) ५७ घडीका पला बनाउँदा कति हुन्छन् ?
(७) ३६० घडीका कति दिन होलान् ?
(८) ३० दिनका घडी बनाउँदा कति हुन्छन् ?
(९) ३,२४,९२० असुका पला, घडी आदि बनाऊ ?
(१०) ५००० पलाका घडी, दिन आदि बनाऊ ?
(११) २००० घडीका दिन, महीना आदि बनाऊ ?
(१२) ४५,०६१ घडीका दिन, महीना बनाउँदा कति हुन्छन् ?
(१३) १ दिन ५ घडी १० पलाका असु कति होलान् ?
(१४) १ महीना ५ दिन २० घडीका पला कति हुन्छन् ?
(१५) १ वर्ष २ महीना २० दिनका घडी कति हुन्छन् ?

उत्तर

| | | |
|---|---|---|
| ( १ ) १० असु । | ( २ ) ३०० ओटा । | ( ३ ) २० पला । |
| ( ४ ) ३३० असु । | ( ५ ) ५ घडी । | ( ६ ) ३४२० पला । |
| ( ७ ) ६ दिन । | ( ८ ) १८०० घडी । | ( ९ ) १५ दिन २ घडी ३३ पला २ असु । |

(१०) १ दिन २३ घडी २० पला । (११) १ महीना ३ दिन २० घडी ।
(१२) २ वर्ष १ महीना १ दिन १ घडी । (१३) २३,४६० असु ।
(१४) १,२७,२०० पला । (१५) २६,४०० घडी

★

(क्रमशः)

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको

# रत्नदीप

सम्पादक तथा अनुवादक–

रामजी तेवारी

३९ प्रक्रम– शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याउने रीति

अर्क१२घ्नोऽङ्गाक्षांक्ष५६नन्दर्तु६९युक्तो
वर्षाभ्राभ्रेन्द्रांश१४००युक् सूर्यसूनुः।।१३।।

*अन्वय* — अर्कघ्नः (अब्दः) अङ्गाक्षांशनन्दर्तुयुक्तः (कार्यः), वर्षाभ्राभ्रेन्द्रांशयुक् (कार्यः), सूर्यसूनुः (स्यात्)।

*पदार्थ* — अर्कघ्नः = १२ ले गुनिएको । अब्दः = वर्षगण । अङ्गाक्षांशनन्दर्तुयुक्तः = आफ्नो ५६ भाग र ६९ अंश जोडिएको । कार्यः = गर्नू । वर्षाभ्राभ्रेन्द्रांशयुक् = वर्षगणको १४०० भाग जोडिएको । कार्यः = गर्नू । सूर्यसूनुः = शनैश्चर । स्यात् = हुन्छन् ।

*भावार्थ* — वर्षगणलाई १२ ले गुन्नू । गुणनफल अंश हुन्छ । गुनणफललाई ५६ ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफल र लब्धिको योग गर्नू । योगफलमा ६९ अंश जोड्नू । यो योगफल अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई १४०० ले भाग लिनू । अंशादि लब्धि आउँछ । यो लब्धि अंशादि द्वितीयफल हुन्छ ।

प्रथमफल र द्वितीयफलको योग गर्नू । योगफल शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) हुन्छ ।।१३।।

## उदाहरण

**विक्रमसंवत् १८७१ को** शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याउंदा

विक्रमसंवत् १८७१ को वर्षगण १७ हो (१ प्रक्रमको उदाहरण हेर्नुहोस्) । वर्षगण १७ लाई १२ ले गुन्दा गुणनफल २०४ अंश आउँछ । गुणनफल २०४ अंशलाई ५६ ले भाग लिँदा लब्धि ३ अंश ३८ कला ३४ विकला १७ प्रतिविकला ९ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ३।३८।३४।१७।९ लाई गुणनफल २०४ अंशमा जोड्दा योगफल २०७ अंश ३८ कला ३४ विकला १७ प्रतिविकला ९ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल २०७।३८।३४। १७।९ मा ६९ अंश जोड्दा योगफल २७६ अंश ३८ कला ३४ विकला १७ प्रतिविकला ९ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल २७६।३८।३४।१७।९ प्रथमफल हुन्छ ।

वर्षगण १७ लाई १४०० ले भाग लिंदा लब्धि ० अंश ० कला ४३ विकला ४२ प्रतिविकला ५१ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ०।०।४३।४२।५१ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल २७६।३८।३४।१७।९ र अंशादि द्वितीयफल ०।०।४३।४२।५१ को योग गर्दा योगफल २७६ अंश ३९ कला १८ विकला आउँछ । यस कारण विक्रमसंवत् १८७१ को शनैश्चरको ध्रुब (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) २७६ अंश ३९ कला १८ विकला हुन्छ ।

अं।क।वि।प्र।प्र.प्र.

```
 १७ वर्षगण          ५६)२०४ अंश(३।३८। ३४।१७। ९
×१२                 १४)५१
 ३४                    ४२
१७                      ९
२०४ अंश                ×६०
                    ७)९
                      ×३०
                      २७०
                      २१
                       ६०
                       ५६
                        ४
                      ×६०
                      २४०
```

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. |
|---|---|---|---|---|
| २०४ | ० | ० | ० | ० |
| ३ | ३८ | ३४ | १७ | ९ |
| २०७ | ३८ | ३४ | १७ | ९ |

२४०
२१
३०
२८
२
×६०
१२०

१२०
७
५०
४९
१
×६०
६०

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|
| २०७ | ३८ | ३४ | १७ | ९ | |
| ६९ | ० | ० | ० | ० | |
| २७६ | ३८ | ३४ | १७ | ९ | प्रथमफल |

| | अं. | क. | वि. | प्र. वि. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|---|
| १४००)१७ वर्षगण( | ० | ० | ४३ | ४२ | ५१ | द्वितीयफल |

×६०
७०)१७
×३
५१
×६०
७)५१
×६
३०६
२८
२६
२१
५
×६०
३००
२८
२०
१४
६
×६०
३६०

३६०
३५
१०
७
३

| अं. | क. | वि. | प्र. वि. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|
| २७६ | ३८ | ३४ | १७ | ९ | प्रथमफल |
| ० | ० | ४३ | ४२ | ५१ | द्वितीयफल |
| २७६ | ३९ | १८ | ० | ० | |

वि. सं. १८७१ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर)

## २९ प्रश्नमाला

तल दिइएका वर्षका शनैश्चरका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याऊ ।

| | | | | | |
|---|---|---|---|---|---|
| ( १ ) | वि. सं. २०२३ | ( ७ ) | वि. सं. १८६० | ( १३ ) | वि. सं. १९६० |
| ( २ ) | वि. सं. २०२२ | ( ८ ) | वि. सं. १८६१ | ( १४ ) | वि. सं. १९६१ |
| ( ३ ) | वि. सं. २०२१ | ( ९ ) | वि. सं. १८६७ | ( १५ ) | वि. सं. १९७० |
| ( ४ ) | वि. सं. २०२० | ( १० ) | वि. सं. १८६८ | ( १६ ) | वि. सं. १९७१ |
| ( ५ ) | वि. सं. २०१९ | ( ११ ) | वि. सं. १८६९ | ( १७ ) | वि. सं. १८५४ |
| ( ६ ) | वि. सं. २०१८ | ( १२ ) | वि. सं. १८७० | ( १८ ) | वि. सं. १८५५ |

### उत्तर

| | अंश | कला | विकला | | अंश | कला | विकला |
|---|---|---|---|---|---|---|---|
| [ १ ] | ३३३ | २० | ६ | [ १० ] | २४० | ० | ३६ |
| [ २ ] | ३२१ | ७ | १२ | [ ११ ] | २५२ | १३ | ३० |
| [ ३ ] | ३०८ | ५४ | १८ | [ १२ ] | २६४ | २६ | २४ |
| [ ४ ] | २९६ | ४१ | २४ | [ १३ ] | २८३ | ४७ | २४ |
| [ ५ ] | २८४ | २८ | ३० | [ १४ ] | २९६ | ० | १८ |
| [ ६ ] | २७२ | १५ | ३६ | [ १५ ] | ४५ | ५६ | २४ |
| [ ७ ] | १४२ | १७ | २४ | [ १६ ] | ५८ | ९ | १८ |
| [ ८ ] | १५४ | ३० | १८ | [ १७ ] | ६९ | ० | ० |
| [ ९ ] | २२७ | ४७ | ४२ | [ १८ ] | ८१ | १२ | ५४ |

४० **प्रक्रम** — वि. सं. १८५४ भन्दा अगाडिका शनैश्चरका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याउने उदाहरण

### १ उदाहरण

विक्रमसंवत् १८५३ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याउँदा

विक्रमसंवत् १८५३ को वर्षगण ऋण १ हो (३ प्रक्रमको १ उदाहरण हेर्नुहोस्) । वर्षगण ऋण १ लाई १२ ले गुन्दा गुणनफल ऋण १२ अंश आउँछ । गुणनफल ऋण १२ अंशलाई ५६ ले भाग लिंदा लब्धि ऋण ० अंश १२ कला ५१ विकला २५ प्रतिविकला ४३ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण ०।१२।५१।२५।४३ लाई गुणनफल ऋण १२ अंशमा जोड्दा योगफल ऋण १२ अंश १२ कला ५१ विकला २५ प्रतिविकला ४३ प्रतिप्रतिविकला आउंछ । अंशादि यो ऋण १२।१२।५१।२५।४३ लाई ६९ अंशमा जोड्दा ( ६९ अंश-

बाट अंशादि १२।१२।५१।२५।४३ घटाउँदा) योगफल ५६ अंश ४७ कला ८ विकला ३४ प्रति-विकला १७ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल ५६।४७।८।३४।१७ प्रथमफल हुन्छ ।

वर्षगण ऋण १ लाई १४०० ले भाग लिंदा लब्धि ऋण ० अंश ० कला २ विकला ३४ प्रतिविकला १७ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण ०।०।२।३४।१७ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल ५६।४७।८।३४।१७ र अंशादि द्वितीयफल ऋण ०।०।२।३४।१७ को योग गर्दा (अंशादि प्रथमफल ५६।४७।८।३४।१७ बाट अंशादि द्वितीयफल ०।०।२।३४।१७ घटाउँदा) योगफल ५६ अंश ४७ कला ६ विकला आउँछ । यस कारण विक्रमसंवत् १८५३ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ५६ अंश ४७ कला ६ विकला हुन्छ ।

—१ वर्षगण<br>
×१२<br>
—१२ अंश

अं. । क. । वि. । प्र. वि. । प्र. प्र. वि.<br>
५६)–१२ अंश(—० । १२ । ५१ । २५ । ४३<br>
१४) ३<br>
×६०<br>
७) ३    ४०<br>
×३०    ३५<br>
९०    ५<br>
७    ×६०<br>
२०    ३००<br>
१४    २८<br>
६    २०<br>
×६०<br>
३६०<br>
३५<br>
१०<br>
७<br>
३<br>
×६०<br>
१८०<br>
१४<br>
४०

| अं. | क. | वि. | प्र. वि. | प्र. प्र. वि. |
|---|---|---|---|---|
| –१२ | ० | ० | ० | ० |
| —० | १२ | ५१ | २५ | ४३ |
| –१२ | १२ | ५१ | २५ | ४३ |

| अं. | क. | वि. | प्र. वि. | प्र. प्र. वि |
|---|---|---|---|---|
| ६९ | ० | ० | ० | ० |
| –१२ | १२ | ५१ | २५ | ४३ |
| ५६ | ४७ | ८ | ३४ | १७ प्रथमफल |

अं. । क. । वि. । प्र. । प्र.प्र. वि.

१४००)—१ वर्षगण (—० । ० । २ । ३४ । १७ । द्वितीयफल

×६०

७०)—१

×३

३

×६०

७)३

×६

१८

१४

४

×६०

२४०

२१

३०

२८

२

×६०

१२०

७

५०

४९

१

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|
| ५६ | ४७ | ८ | ३४ | १७ | प्रथमफल |
| ० | ० | २ | ३४ | १७ | द्वितीयफल |
| ५६ | ४७ | ६ | ० | ० | |

वि सं. १८५३ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर)

## २ उदाहरण

विक्रमसंवत् १७३८ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याउँदा

विक्रमसंवत् १७३८ को वर्षगण ऋण ११६ हो (३ प्रक्रमको २ उदाहरण हेर्नुहोस।) वर्षगण ऋण ११६ लाई १२ ले गुन्दा गुणनफल ऋण १३९२ अंश आउँछ । गुणनफल ऋण १३९२ अंशलाई ५६ ले भाग लिँदा लब्धि ऋण २४ अंश ५० कला २५ विकला ४२ प्रतिविकला ५१ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण २४।५१।२५।४२।५१ लाई गुणनफल ऋण १३९२ अंशमा जोड्दा योगफल ऋण १४१६ अंश ५१ कला २५ विकला ४२

प्रतिविकला ५१ प्रतिप्रतिविकला आउँछ । अंशादि यो ऋण १४१६।५१।२५।४२।५१ मा ६९ अंश जोड्दा (अंशादि १४१६।५१।२५।४२।५१ बाट ६९ अंश घटाउँदा) योगफल ऋण १३४७ अंश ५१ कला २५ विकला ४२ प्रतिविकला ५१ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल ऋण १३४७।५१।२५।४२।५१ प्रथमफल हुन्छ ।

वर्षगण ऋण ११६ लाई १४०० ले भाग लिँदा लब्धि ऋण ० अंश ४ कला ५८ विकला १७ प्रतिविकला ९ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण ०।४।५८।१७।९ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल ऋण १३४७।५१।२५।४२।५१ र अंशादि द्वितीयफल ऋण ०।४।५८।१७।९ को योग गर्दा योगफल ऋण १३४७ अंश ५६ कला २४ विकला आउँछ । ऋण १३४७ अंशलाई ३६० ले तष्ट गर्दा ऋण २६७ अंश शेष रहन्छ । यस कारण ऋण २६७ अंश ५६ कला २४ विकला हुन्छ । अंशादि यो ऋण २६७।५६।२४ लाई ३६० अंशबाट घटाउँदा शेष ९२ अंश ३ कला ३६ विकला आउँछ । यस कारण विक्रमसंवत् १७३८ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ९२ अंश ३ कला ३६ विकला हुन्छ ।

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.

−११६ वर्षगण
× १२
२३२
११६
−१३९२ अंश

५६) − १३९२ अंश(−२४ । ५१ । २५ । ४२ । ५१
७) १७४
१४
३४
२८
६
× ६०
३६०
३५
१०
७
३
× ६०
१८०
१४
४०
३५
५

५
× ६०
३००
२८
२०
१४
६
× ६०
३६०
३५
१०
७
३

अं. । क. । वि. ; प्र. । प्र. प्र. त्रि.
−१३९२ । ० । ० । ० । ०
− २४ । ५१ । २५ । ४२ । ५१
−१४१६ । ५१ । २५ । ४२ । ५१
६९ । ० । ० । ० । ०
−१३४७ । ५१ । २५ । ४२ । ५१ प्रथमफल

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.
१४००)− ११६ वर्षगण(− ० । ४ । ५८ । १७ । ९ । द्वितीयफल
३५०) २९
×६०
३५) २९ १
×६ ×६०
१७४ ६० अं. । क. । वि. । प्र. । प्र. प्र. वि.
१४० −−१३४७ । ५· । २५ । ४२ । ५१ प्रथमफल
३४ −− ०। ४ । ५८ । १७ । ९ द्वितीयफल
×६० १३४७ । ५६ । २४ । ० । ०
७) ३४
×१२
६८ अं. । क. । वि. । प्र. । प्र. प्र. वि. ३६०)१३४७(३
३४ −२६७ । ५६ । २४ । ० । ० १०८०
४०८ २६७
३५
५८ अं. । क. । वि. । प्र. । प्र. प्र. वि.
५६ ३६० । ० । ० । ० । ०
२ २६७ । ५६ । २४ । ० । ०
×६० ९२ । ३ । ३६ । ० । ०
१२० वि. सं. १७३८ को शनैश्चरको **ध्रुव** (मेषसङ्क्रान्ति-
७ कालका मध्यम शनैश्चर)
५०
४९
१

## ३० प्रश्नमाला

तल दिइएका वर्षका शनैश्चरका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याऊ ।

| | | |
|---|---|---|
| (१) वि. सं. १८११ | (६) वि. सं. १७३२ | (११) वि. सं. १४४४ |
| (२) वि. सं. १८१० | (७) वि. सं. १६१६ | (१२) वि. सं. १४४३ |
| (३) वि. सं. १७४० | (८) वि. सं. १६१५ | (१३) वि. स. १३५२ |
| (४) वि. सं. १७३९ | (९) वि. सं. १५३८ | (१४) वि. सं. १३५३ |
| (५) वि. सं. १७३१ | (१०) वि. सं. १५३७ | (१५) वि. सं. १ |
| | | (१६) वि. सं. ० |

### उत्तर

| | अंश | कला | विकला | | अंश | कला | विकला |
|---|---|---|---|---|---|---|---|
| (१) | २६३ | ४५ | १८ | (९) | १६९ | ३ | ३६ |
| (२) | २५१ | ३२ | २४ | (१०) | १५६ | ५० | ४२ |
| (३) | ११६ | २९ | २४ | (११) | १०० | ५१ | ० |
| (४) | १०४ | १६ | ३० | (१२) | ८८ | ३८ | ६ |
| (५) | ६ | ३३ | १८ | (१३) | ५७ | ४ | १२ |
| (६) | १८ | ४६ | १२ | (१४) | ६९ | १७ | ६ |
| (७) | ४१ | ४९ | ४८ | (१५) | ११४ | ३६ | १८ |
| (८) | २९ | ३६ | ५४ | (१६) | १०२ | २३ | २४ |

*४१ प्रक्रम*— विक्रमसंवत् २०२२ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) अंशादि ३२१।७।१२।८।० र विक्रमसंवत् २०२३ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ३३३।२०।६।० ० छन् । यी उदाहरणबाट १ वर्षमा शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) १२।१२।५४।०।० बढ्दो रहेछ भन्ने देखिन्छ । यस कारण अंशादि १२।१२।५४ लाई १,२,३ इत्यादिले गुन्दा तथा विक्रमसंवत् ० को अंशादि शनैश्चरको ध्रुव★ (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) लाई क्षेपक नाम दिंदा तलको सारणी बन्न आउँछ ।

---

★ विक्रमसंवत् १८५४ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ६९ अंश हुन्छ भनी लक्ष्मीपतिले बोलेका छन् । १ वर्षको शनैश्चरको गति अंशादि १२।१२।५४ हुन्छ । यस कारण शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर)को गतिलाई १८५४ ले गुनी आएको गुणनफललाई ६९ अंशबाट घटाउँदा विक्रमसंवत् ० को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) आउँछ ।

## ९ सारणी

क्षेपक = [वि. सं. ० को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर)]

अं. । क. । वि.

१०२ । २३ । २४

| वर्षको | अंश | कला | विकला | वर्षको | अंश | कला | विकला |
|---|---|---|---|---|---|---|---|
| १ | १२ | १२ | ५४ | २०० | २८३ | ० | ० |
| २ | २४ | २५ | ४८ | ३०० | ६४ | ३० | ० |
| ३ | ३६ | ३८ | ४२ | ४०० | २०६ | ० | ० |
| ४ | ४८ | ५१ | ३६ | ५०० | ३४७ | ३० | ० |
| ५ | ६१ | ४ | ३० | ६०० | १२९ | ० | ० |
| ६ | ७३ | १७ | २४ | ७०० | २७० | ३० | ० |
| ७ | ८५ | ३० | १८ | ८०० | ५२ | ० | ० |
| ८ | ९७ | ४३ | १२ | ९०० | १९३ | ३० | ० |
| ९ | १०९ | ५६ | ६ | १००० | ३३५ | ० | ० |
| १० | १२२ | ९ | ० | २००० | ३१० | ० | ० |
| २० | २४४ | १८ | ० | ३००० | २८५ | ० | ० |
| ३० | ६ | २७ | ० | ४००० | २६० | ० | ० |
| ४० | १२८ | ३६ | ० | ५००० | २३५ | ० | ० |
| ५० | २५० | ४५ | ० | ६००० | २१० | ० | ० |
| ६० | १२ | ५४ | ० | ७००० | १८५ | ० | ० |
| ७० | १३५ | ३ | ० | ८००० | १६० | ० | ० |
| ८० | २५७ | १२ | ० | ९००० | १३५ | ० | ० |
| ९० | १९ | २१ | ० | १०००० | ११० | ० | ० |
| १०० | १४१ | ३० | ० | | | | |

*४२ प्रक्रम*— ९ सारणीबाट इष्ट विक्रमसंवत्को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याउने रीति ।

---

१२।१२।५४ लाई १८५४ ले गुन्दागुणनफल अंशादि ३२६।३६।३६ आउँछ । गुणनफल अंशादि ३२६।३६।३६ लाई ६९ अंशबाट घटाउँदा अंशादि १०२।२३।२४ आउँछ । अंशादि १०२।२३।२४ विक्रमसंबत् ० को शनैश्चरको ध्रुव (मेष-सङ्क्रान्तिकालका मध्यम शनैश्चर) हुन्छ ।

इष्ट विक्रमसंवत्को सहस्रस्थानीको अंशादि, शतस्थानीको अंशादि, दशस्थानीको अंशादि, एकस्थानीको अंशादिसमेत जोड्नू। योगफल क्षेपकमा जोड्नू। योगफल इष्ट विक्रमसंवतको शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) हुन्छ। अंश ३६० भन्दा बढ्ता भए ३६० ले तष्ट गर्नू (३६० ले भाग लिई शेष मात्र लिनू)।

जस्तै—

विक्रमसंवत् १८७१ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याउँदा

| | अ. | क. | वि. |
|---|---|---|---|
| १००० वर्षको अंशादि | ३३५ | ० | ० |
| ८०० " " | ५२ | ० | ० |
| ७० " " | १३५ | ३ | ० |
| १ " " | १२ | १२ | ५४ |
| १८७१ | ५३४ | १५ | ५४ |

| | अं. | क. | वि. |
|---|---|---|---|
| क्षेपक = वि. सं. ० को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) | १०२ | २३ | २४ |
| १८७१ वर्षको गतिशनैश्चरको | ५३४ | १५ | ५४ |
| | ६३६ | ३९ | १८ |

३६०)६३६(१
३६०
२७६

| अं. | क. | वि. |
|---|---|---|
| २७६ | ३९ | १८ |

अं. । क. । वि.

२७६ । ३९ । १८ । वि. सं. १८७१ को शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर)

## ३१ प्रश्नमाला

४२ प्रक्रमको रीतबाट तल दिइएका वर्षका शनैश्चरका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याऊ।

(१) वि. सं. २०२३ (२) वि. सं. २०२२ (३) वि. सं. २०२१
(४) वि. सं. २०२० (५) वि. सं. २०१९ (६) वि. सं. २०१८
(७) वि. सं. १८६० (८) वि. सं. १८६१ (९) वि. सं. १८६७
(१०) वि. सं. १८६८ (११) वि. सं. १८६९ (१२) वि. सं. १८७०
(१३) वि. सं. १९६० (१४) वि. सं. १९६१ (१५) वि. सं. १९७०

(१६) वि. सं. १९७१ (१७) वि. सं. १८५४ (१८) बि. सं. १८५५
(१९) वि. सं. १८११ (२०) वि. सं. १८१० (२१) वि सं. १७४०
(२२) वि. सं. १७३९ (२३) वि. सं. १७३१ (२४) वि. सं. १७३२
(२५) वि. सं. १६१६ (२६) वि. सं. १६१५ (२७) वि. सं. १५३८
(२८) वि. सं १५३७ (२९) वि. सं. १४४४ (३०) वि. सं. १४४३
(३१) वि. सं. १३५२ (३२) वि. सं. १३५३ (३३) वि. सं. १
(३४) वि. सं. ०

## उत्तर

| | अंश | कला | विकला | | अंश | कला | विकला |
|---|---|---|---|---|---|---|---|
| (१) | ३३३ | २० | ६ | (१८) | ८१ | १२ | ५४ |
| (२) | ३२१ | ७ | १२ | (१९) | २६३ | ४५ | १८ |
| (३) | ३०८ | ५४ | १८ | (२०) | २५१ | ३२ | २४ |
| (४) | २९६ | ४१ | २४ | (२१) | ११६ | २९ | २४ |
| (५) | २८४ | २८ | ३० | (२२) | १०४ | १६ | ३० |
| (६) | २७२ | १५ | ३६ | (२३) | ६ | ३३ | १८ |
| (७) | १४२ | १७ | २४ | (२४) | १८ | ४६ | १२ |
| (८) | १५४ | ३० | १८ | (२५) | ४१ | ४९ | ४८ |
| (९) | २२७ | ४७ | ४२ | (२६) | २९ | ३६ | ५४ |
| (१०) | २४० | ० | ३६ | (२७) | १६९ | ३ | ३६ |
| (११) | २५२ | १३ | ३० | (२८) | १५६ | ५० | ४२ |
| (१२) | २६४ | २६ | २४ | (२९) | १०० | ५१ | ० |
| (१३) | २८३ | ४७ | २४ | (३०) | ८८ | ३८ | ६ |
| (१४) | २९६ | ७ | १८ | (३१) | ५७ | ४ | १२ |
| (१५) | ४५ | ५६ | २४ | (३२) | ६९ | १७ | ६ |
| (१६) | ५८ | ९ | १८ | (३३) | ११४ | ३६ | १८ |
| (१७) | ६९ | ० | ० | (३४) | १०२ | २३ | २४ |

सूत्र (३९,४० प्रक्रमका रीत) बाट आएका उत्तर र ९ सारणी (४१,४२ प्रक्रमका रीत) बाट आएका उत्तर ट्वाक्क मिल्न आएका छन्। यहाँ प्रथमफल र द्वितीयफलको योगफल अंश, कला, विकला ट्वाक आएकाले मिल्न आएको हो ।

(क्रमशः)

( उत्तर दोहऱ्याइदिने काम गरिदिएकाले दिनेशराज पन्त धन्यवादका पात्र छन् । )

### इन्द्रयात्राको विषयमा

# ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

*सादर नमस्कार*

तपाईंको प्राचीन नेपाल भन्ने निबन्ध नेपाली त्रैमासिक पत्रिकाका ४२ अङ्कमा छापिएको रहेछ । श्रीकमल दीक्षितज्यूले यो पत्रिका कृपापूर्वक संशोधनमण्डलमा पठाइदिनुभएको रहेछ । धनवज्र तथा दिनेशराजले चाख मानी सो निबन्ध पढी मलाई सुनाए । मैले बेहानका अरू कार्यक्रम छोडेर पनि तपाईंको सो निबन्ध चाख मानी सावधान भई सुनें तथा गुनें । लिच्छवि-कालको इतिहासको विषयमा तपाईंको प्रतिभाले गरेको कल्पना बडो रमाइलो रहेछ ।

तपाईंको प्रतिभाको प्रशंसा सबै विवेकशील मनुष्यहरूले गरेका छन् तथा भविष्यमा पनि गरिरहनेछन् । यसमा केही सन्देह छैन । मेरो दृष्टिमा त तपाईं श्रेष्ठतम इतिहासकार हुनुहुन्छ । शङ्का लागेका कुरामध्ये एउटा अहिले लेख्तैछु, सावधान भई सुनिदिनुहोला ।

"शरद् ऋतुमा खेतका धानका बाला पहेंला भई कृषकहरूका दिल बहलाएका हुँदा वर्षा गराउने देवता इन्द्रलाई प्रसन्न गराउनका निमित्त भाद्रमासका माझमा पर्ने पूर्णिमाका वरपरका ७ दिन जति इन्द्रध्वज स्थापनको चाड गुप्त राजा चन्द्रगुप्तको समयदेखि पुष्पपुरमा चालु भएको देखिन्छ । चन्द्रगुप्तका सामानकालिक कवि कालिदास (३७५-४४५) का रघुवश काव्यमा इन्द्रध्वजको वर्णन तल लेखिएको पद्यमा देखिएको छ–

पुरुहूतध्वजस्येव तस्योन्नयनपंक्तयः ।
नवाभ्युत्थानदर्शिन्यो ननन्दुः सप्रजा प्रजाः ॥

अर्थात् 'तिनको (राजा रघुको) नयाँ उठान देखेर सन्तानसहितका प्रजा आँखा उचालेर हेर्दै आनन्दित भए ।' यहाँ राजा रघुको उठानलाई इन्द्रध्वजका उठानसँग तुलना गरिएको छ र यो इन्द्रध्वजको उठानलाई शरद् ऋतुमा देखाएर भाद्रमासका मध्यलाई सूचित गरिएको छ।"

(नेपाली ४२ अङ्कको २१ पृष्ठबाट)

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

तपाईंको यस लेखअनुसार गुप्त सम्राट् चन्द्रगुप्तका पालादेखि अर्थात् विक्रमको पाचौं शताब्दीदेखि इन्द्रध्वज (इन्द्रजात्रा)को प्रथा चलेको हो भन्ने सिद्ध हुन्छ ।

उपरिचर वसुले इन्द्रध्वजको विधि चलाएका हुन् भनी महाभारतमा लेखिएको छ । जस्तै–

राजोपरिचरो नाम धर्मनित्यो महीपतिः...॥१॥
यष्टिं च वैणवीं तस्मै ददौ वृत्रनिषूदनः ।
इष्टप्रदानमुद्दिश्य शिष्टानां प्रतिपालनीम् ॥१७॥
तस्याः शक्रस्य पूजार्थं भूमौ भूमिपतिस्तदा ।
प्रवेशं कारयामास गते संवत्सरे तदा ॥१८॥
ततःप्रभृति चाद्यापि यष्टेः क्षितिपसत्तमैः ।
प्रवेशः क्रियते राजन् यथा तेन प्रवर्तितः ॥१९॥

(महाभारत आदिपर्व ६३ अध्याय)

[उपरिचर नाउँ गरेका धर्मात्मा राजा थिए । इन्द्रले सज्जनहरूलाई रक्षा गर्न भनी उपरिचरलाई प्रसन्न पार्न बांसको लठ्ठी दिए । एक वर्षपछि राजाले इन्द्रको पूजा गर्न भनी त्यस लठ्ठीलाई भुइँमा गाडे । त्यसै वेलादेखि उपरिचरको उदाहरण लिई ठूलठूला राजाहरू अहिलेसम्म पनि इन्द्रको लठ्ठी (लिङ्गो) गाड्दैछन् ।]

यहीं इन्द्रको ध्वजा सिंगार्ने पूजा गर्ने र त्यसबाट राष्ट्रको रक्षा हुने फल पनि दिइएको छ । वराहमिहिरले आफ्नो बृहत्संहिताको इन्द्रध्वजसम्पत्नामक अध्यायमा इन्द्रध्वजको प्रथा उपरिचर वसुले चलाएका हुन् भनी त्यसको विधि पनि दिएका छन् । त्यसमा उनले यस्तो लेखेका छन्–

उपरिचरस्यामरपो वसोर्ददौ चेदिपस्य वेणुमयीम् ।
यष्टिं तां स नरेन्द्रो विधिवत् सम्पूजयामास ॥८॥
प्रीतो महेन मघवा प्राहैवं ये नृपाः करिष्यन्ति ।
वसुमद् वसुमन्तस्ते भुवि सिद्धाज्ञा भविष्यन्ति ॥९॥

[चेदि देशका राजा उपरिचर वसुलाई इन्द्रले बाँसको लठ्ठी दिए । ती राजाले त्यस लठ्ठीलाई विधिपूर्वक पूजा गरे । पूजाबाट प्रसन्न भएका इन्द्रले भने–पृथ्वीमा जुन राजाहरूले यसरी पूजा गर्नेछन्, तिनीहरू उपरिचर वसु जस्तै सम्पन्न तथा हुकूम चलाउन सक्ने हुनेछन् ।]

यो कुरो त पुराणपन्थीहरूको भयो ।

कवि अश्वघोषले आफ्नो प्रसिद्ध काव्य सौन्दरनन्दको चारौं सर्गमा इन्द्रध्वजको वर्णन गरेका छन् । जस्तै—

अथ स पथि ददर्श मुक्तमानं
पितृनगरेऽपि तथा गताभिमानम् ।
दशबलमभितो विलम्बमानं
ध्वजमनुयान इवैन्द्रमर्च्यमानम् ।।४६।।

[यसपछि बाटामा पछि पछि गइरहेका नन्दले आफ्नै बाबुको शहरमा पनि शान छोडेर निरहङ्कार भई बिस्तारै हिँडिरहेका बुद्धलाई पूजा गरिएको इन्द्रध्वजलाई जस्तै गरी देखे ।]

यताबाट अश्वघोषको पालामा पनि इन्द्रध्वजको पूजा हुन्थ्यो भन्ने देखिन आउँछ ।

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

अश्वघोषको विषयमा तपाईंले तलको कुरा बोल्नुभएको छ–

"यिनका छोरा विमले ... वाराणसीसम्म राज्य फैलाएका थिए (ई. ३५–६५) । विमका उत्तराधिकारी राजा कनिष्क बौद्ध धर्मका परम भक्त बने । ··· उनले सर्वाग्तिवादी ५०० भिक्षुको महासंघको अधिवेशन गराएका थिए ।··· यसमा ठूला विद्वान् अश्वघोषले पनि भाग लिएका थिए ।"

(सोही निबन्धका ४–५ पृष्ठबाट)

तपाईंको यस लेखअनुसार अश्वघोषको समय विक्रमको दोस्रो शताब्दी देखिन आएको छ । पाँचौं शताब्दीका गुप्त सम्राट् चन्द्रगुप्तले चलाएको इन्द्रध्वजविधिलाई दोस्रो शताब्दीका अश्वघोषले कसरी देखेर इन्द्रध्वजसँग बुद्धको तुलना गरे । यो एउटा विकट प्रश्न हाम्रो अगाडि आएको छ ।

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

८२ वर्ष नाघिसक्नुभएका तपाईंसँग यो झिँजो बिन्ति गर्नुपर्दा मलाई केही सङ्कोच लागेको छ । के गर्नु, विद्यारक्षाको लागि यति झिँजो गर्नैपर्‍यो । सावधान भई फेरि विचार गर्नुहोला र सत्य कुरो आउला भन्ने आशाले यति बोलेको हुँ । रिसानी माफ रहला । अरू पछि ।

२०२७।४।८।५ तपाईंको स्नेहपात्र–

*नयराज पन्त*

[यो निबन्ध तयार गर्दा मेरो इच्छा र विचारअनुसार काम गरिदिने नानी दिनेशराज पन्तलाई धन्यवाद छ ।]

★

# साँचो कुरा पत्ता लाग्नासाथ म आफ्नो भूल स्वीकार गर्न सधैं तयार छु

**–नयराज पन्त**

अभिलेखहरूमा पाटनका नाम माणिग्वलक † मानीग्लक ★ मनाग्वल △

---

† **राज्ये श्रीगुणकामदेवनृपतेस्सप्तोत्तरेब्दे शते**
**माघे मासि च रोहिणीबुधदि(ने)……**
**श्रीमाणिग्वलके सुरालय कृतस्तच्छ्रीवरौवात्मनः**
**पित्रोर्वन्द गुरोश्च भक्त जगतां स्वर्गापवर्गाप्तये ।**

(पाटन कुम्भेश्वर घाँय्‌बुको वि. सं. १०४३ को अभिलेखबाट, अभिलेख–सङ्ग्रह ९ भाग २४ पृष्ठ)

[ने. सं. १०७ (वि. सं. १०४३) माघ…बुधवार रोहिणी नक्षत्रमा राजा श्रीगुणकामदेवको राज्यमा माणिग्वलकमा…]

★ **अष्टानवतिसंयुक्ते शतसंवति वत्सरे**
**कृष्णे श्रावणपञ्चम्यां वासरे कुजसाह्वये ।**
**श्रीमच्छङ्करदेवस्य राज्ञो विजयशालिनः… ..**
**श्रीललितपुरे रम्ये श्रीमानीग्लकसंज्ञके**
**यच्छ्रीराघवनाम्नस्य विहारे सुगतालये ।**

(बङ्गालको एशियाटिक सोसाइटीमा रहेको बोधिचर्यावतारपञ्जिकाको अन्तिम वाक्य, श्रीलुशियानो पेटेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास) को ४६ पृ.)

[ने. सं. १९८ (वि. सं. ११३५) श्रावण कृष्ण पञ्चमी मङ्गलवारको दिन राजा श्रीशङ्करदेवको राज्यमा श्रीमानीग्लक नाम भएको राम्रो ललितपुरको श्रीराघवको बौद्धविहारमा]

△ **वर्षाणाम् द्विशते त्रयोदशाधिगते चैत्रमासे कृष्णपक्षे त्रयोदशी । श्रीमद्‌राजा हर्षदेव आसीन । श्रीललितक मनाग्वल यच्छुटोल्कान्वसते कुलपुत्री यदत्र पुण्यम्**

(क्याम्ब्रिज विश्वविद्यालयमा रहेको सद्धर्मपुण्डरीकको अन्तिम वाक्य, श्रीलेशियानो पेटेकको नेपालको मध्यकालको इतिहासको ५० पृ.)

मानीगल* मनिगल⊙ मानिगर〰 मानीग्ल☙ माणिग्ल‡ पाइन्छन् । यिनैको भरमा मेरा मित्र प्रा. तोत्रराज पांडे एम्. ए. र मेरो संयुक्त परिश्रमको रूपमा वि. सं. २००४ मा निस्केको नेपालको संक्षिप्त इतिहासको १३ पृष्ठमा

"मानगृहको अपभ्रंश मानिग्ल र मानिग्लको अपभ्रंश मङ्गल देखिएकोले सो दरबार पाटनमै थियो भन्ने अनुमान हुन्छ ।"

यो वाक्य लेखिएको हो ।

वि. सं. २०१५ मा रोमबाट प्रकाशित भएको श्रीलुशियानो पेटेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास)को १९९ पृष्ठमा

द मेडिईभल् सेन्टर् अफ् पाटन् वाज् माणीगल्, द मड्अर्न् मङ्गल् बजार् । इट् सीम्ज् टु मी द्यॉट् दे$_3$र् इज् अ स्ट्रङ लाइक्'लिहूड् द्यॉट् द ने$_3$म् माणीगल् गोज् ब्याक् टु मानगृह यॉन्ड् द्यॉट् द टू साइट्स् आर् आइडेन्'टिकल् । ...इट् मस्ट् नट् बी कन्सील्ड् द्यॉट् अ लो'कल् ट्रडिश्'अन् सीम्ज् टु प्ले$_3$स् मानगृह इन् द ने$_3$बर्हुड् अफ् देभो पाट्टन्; बट् इट् इज् डिफ्'-इकल्ट् टु असेस् इट्स् भ्यॉल्'यु । अन्टिल् पज्'इटिभ् एभ्इडन्स् टु द कन्'ट्ररि इज् फोर्थ्'कम्'-इङ, आइ स्टिल् इन्क्लाइन् टु आइडेन्'टिफाइ ओल्ड् मानगृह विद् दि एम्प्ले$_3$स्मन्ट् अफ् द मड्'अर्न् रइ'अल् प्यॉल्'इस् अफ् पाटन् ।

---

[ने. सं. २१३ (वि सं. ११५०) चैत्र कृष्ण त्रयोदशीमा राजा श्रीहर्षदेवको राज्यमा ललीत मनाग्वलमा...]

*सम्वत् ५३५ पौष...राजाधिराज...जोतिमल्लदेवस्य बिजयराज्ये ॥ श्रीमानीगल...

(पाटन भण्डारखालको वि. सं. १४७१ को अभिलेखबाट, अभिलेख–सङ्ग्रह १० भाग ३ पृष्ठ)

⊙सम्वत् ६७७ मार्ग...श्रीमनिगलाधिपति श्रीश्रीविष्णुसिंहदेव...

(वि. सं. १६१३ को ताडपत्रबाट, इतिहास–संशोधनको प्रमाणप्रमेय १२ पृष्ठ)

〰सम्वत् ७२८ आश्विण...मानिगराधिपति श्रीश्रीजयशिवसिंहदेव...

(वि. सं. १६६५ को पाटन हिरण्यवर्णविहारको घण्टाको अभिलेखबाट, इतिहास–संशोधनको प्रमाणप्रमेय १६ पृष्ठ)

☙सम्वत् ७३४ जेष्ठ ... मानीग्लाधिपति ... शिवसिंहदेव...

(वि. सं. १६७१ को पाटन ख्वावहिको अभिलेखबाट, इतिहास–संशोधनको प्रमाणप्रमेय १६ पृष्ठ)

‡श्रीमन्माणिग्लाधिपति...महाराजाधिराज श्रीश्रीजययोगनरेन्द्रमल्लदेव...सम्वत् ८१० ज्येष्ठ...

(वि. सं. १७४७ को पाटन यम्पिविहारको अभिलेखबाट, अभिलेख–सङ्ग्रह ६ भाग २० पृष्ठ)

[मध्यकालमा पाटनको मूलस्थल माणिगलमा थियो । सो माणिगल नै अहिलेको मङ्गल-बजार हो । माणिगल तथा मानगृह यी दुइ शब्दमा निकै सादृश्य छ तथा माणिगल यो नाम मानगृहसम्म पुग्छ र माणिगल भन्नु र मानगृह भन्नु उही हो जस्तो मलाई लाग्छ ।...च्यौपाटनको आसपासमा मानगृह थियो भन्ने स्थानीय अनुश्रुतिलाई यहाँनिर हामीले लुकाउनु हुँदैन । तर यसमा कति ओजन छ, यो भन्नचाहिं गाह्रो छ । पाटनमा मानगृह थियो भन्ने कुरा खण्डन गर्ने बलियो प्रमाण जबसम्म आउँदैन, तबसम्म पाटनको अहिलेको राजदरबारको ठाउँ नै पुरानो मानगृहको ठाउँ हो भन्ने विचारलाई छोड्न म सक्तिनँ ।]

—यो कुरा लेखिएको छ ।

हामीले वि. सं. २००४ मा बोलेको कुरालाई पेटेकले ११ वर्षपछि दोहोर्‍याउनुभएको छ।

अहिले नेपाली त्रैमासिक पत्रिकाको ४२ अङ्कका २३ देखि २९ पृष्ठसम्म श्रीमोहनप्रसाद खनालजीको लिच्छबि मानगृह भन्ने निबन्ध छापिएको छ । त्यहाँ २७ पृष्ठमा—

"लिच्छविकालको इतिहास जान्न तात्कालिक शिलालेखबाहेक कुनै पनि अरू प्रामाणिक कुराहरू नभेटिएको हुँदा सीमित साधनले मात्र सर्वथा त्यसवेलाको इतिहास पत्ता लाग्न सक्तैन । शिलापत्रमा मात्र तात्कालिक सबै कुराहरू पत्ता लाग्न नसक्ने भएकोले नै वंशावलीलाई पनि हामीहरूले मान्नुपर्ने हुन्छ । वंशावलीले मानगृह गोकर्णको आसपासमा थियो भनी देखाएको छ । त्यसलाई इ. शि. श्री बाबुराम आचार्यज्यूले पनि मान्नुभएको थियो । तर इतिहासका मर्मज्ञ पं. श्री नयराज पन्तज्यूले मानगृह पाटन मङ्गलबजारमा थियो भनी देखाउनुभएको छ । हामीले यतिमा नै सन्तोषी भएर बस्नु हुँदैन । इतिहास भनेको खोजी गर्दै जाने विषयवस्तु हो। नयाँ खोजीबाट इतिहासमा जहाँ पनि संशोधन र परिवर्धन हुँदै आएको छ ।"

—यी कुरा लेखिएका छन् । रमझमको ६ वर्षको ३ अङ्कको ९० पृष्ठमा पनि यी कुरा उद्धृत गरिएका छन् ।

मोहनप्रसादजीले यहाँ वंशावलीको प्रामाणिकताको तर्क उठाउनुभएको छ तथा "वंशावलीले मानगृह गोकर्णको आसपासमा थियो भनी देखाएको छ" भनी लेख्नुभएको छ। तर वंशावलीको वाक्य भने उहाँले उद्धृत गर्नुभएको छैन ।

हुनत वंशावलीको प्रामाणिकताको विषयमा संशोधन–मण्डलले इतिहास–संशोधनको प्रमाण-प्रमेयको उपोद्घातको ४६ पृष्ठमा तथा श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५४४–४५ पृष्ठमा सप्रमाण तर्क पेश गरिसकेको छ । तैपनि अहिले यस विषयमा अलि बढ्ता कुरा लेख्नु प्रसङ्ग मिल्दो हुन आएको छ ।

नेपालको प्रामाणिक इतिहास बनोस् भनी मैले धेरै वर्षदेखि प्रयत्न गर्दै आएको छु । यसको लागि खोज र शोधको परम्परा बसाउनु आवश्यक छ । वि. सं. २००७ सम्म केही खोज हुन सक्यो तापनि शोधको परम्परा चलाउन त्यस वेला म असमर्थ थिएँ । वि. सं.

२००९ मा शोधको थालनी गराउन म समर्थ भएँ । यस विषयको वर्णन इतिहास-संशोधनको प्रमाण-प्रमेयको उपोद्घातमा मैले विस्तारपूर्वक गरेको छ ।

शोधको काम विस्तारै चल्न लाग्यो । वि. सं. २००४ मा प्रकाशित भएको हाम्रो नेपालको संक्षिप्त इतिहासमा पनि वि. सं. २०११ देखि दोष फेला पर्न लागे र तिनका पनि संशोधन प्रकाश हुन लागे★ ।

गोरखाली राजा रामशाहको पालादेखिका अभिलेखहरू पाइएका र रामशाहका बाजे राजा द्रव्यशाहले गोरखाप्रवेश गरेको संवत् पनि पाइएकोले द्रव्यशाहदेखि पृथ्वीनारायण शाहसम्मको वंशावलीको भागलाई संशोधन-मण्डलले सम्पादन गरी पाइएका अरू ऐतिहासिक उपकरणहरूसँग तुलना गरी श्री ५ पृथ्वीनारायण शाहको उपदेशनामक ग्रन्थका ५४४ देखि ९२६ पृष्ठसम्ममा प्रकाशित गराएको छ ।

गोरखालीहरूको विजययात्राको प्रसङ्गमा वि. सं. १८३६ देखि १८४३ सम्मको वंशावलीको भागलाई उद्धृत गरी तात्कालिक सामानसँग तुलना गर्ने काम पनि संशोधन-मण्डलले गरेको छ ।

मल्लकालका अभिलेख प्रशस्त पाइन्छन् तथा सो कालका केही ठ्यासफु (तात्कालिक घटना लेखिएका पुस्तिका) पनि पाइन्छन् । ठ्यासफुका तिथिमिति गणना गर्दा ट्वाक्क मिल्छन् तथा शिलालेखसँग त्यहाँका वर्णन मिल्न आउँछन् । यस कारण ती ठ्यासफुमा प्रामाणिकता धेरै अंशमा छ भन्ने सिद्ध हुन्छ । मल्लकालको इतिहासको प्रसङ्गमा वंशावलीका त्यस वेलाका भागलाई उद्धृत गरी शिलालेख तथा ठ्यासफुहरूसँग तुलना गर्ने काम पनि संशोधन-मण्डलले गरेको छ ।

लिच्छविकालको इतिहासको बिषयमा भने वंशावलीबाट विशेष काम लिन संशोधन-मण्डल अहिलेसम्म समर्थ हुन सकेको छैन । यसको कारण तल दिइन्छ-

---

★धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको इतिहास-संशोधन ४ सङ्ख्या, लक्ष्मण सत्याल र अक्रूर कुइँकेलको इतिहास संशोधन ११ सङ्ख्या, इतिहास-संशोधन ४६ क्रमागत सङ्ख्या, इतिहास-संशोधन ४७ क्रमागत सङ्ख्या, इतिहास-संशोधन ४८ क्रमागत सङ्ख्या, इतिहास-संशोधन ५० क्रमागत सङ्ख्या, इतिहास-संशोधन ५३ क्रमागत सङ्ख्या, इतिहास-संशोधन ५४ क्रमागत सङ्ख्या, इतिहास-संशोधन ५५ क्रमागत सङ्ख्या, पूर्णिमा ८ अङ्का ३४-३५ पृ. तथा ४५ पृ. पूर्णिमा १३ अङ्का ४०-४१ पृ. ।

पूर्णिमा २० अङ्का ३१७-२६ पृ., २ अङ्का ६५-६७ पृ. ।

इतिहास-संशोधनको प्रमाणप्रमेयका १२९-३० पृ., १५१-५२ पृ., १८०-९१ पृ., १९४-पृ. ९६ पृ., २३७-४५ पृ., २७३-८४ पृ. ।

द फर्स्ट् रा'जा अफ् द न्यू डिन्'यॉस्टि वाज् अंशुवर्मा ।

ही लेफ्ट् द डर्'बार् यॉट् देव पाटन्, यॉन्ड् रिमूभ्‌ड् टु वन् ह्विच् ही ह्यॉड् बिल्ट्, विद् मेन्इ ब्यूट्'इफुल् कोर्ट्'यार्ड्ज्, इन् अ प्ले$_3$स् ने$_3$म्ड् मध्यलखु* । ही अ$_3$ल्'सो क$_3$ज़्ड् हिज़् काजीज़् यॉन्ड् मिन्'इस्टर्ज़् टु बी अक्'मडे$_3$टइट् विद् हाउज़्इ इन् द से$_3$म् प्ले$_3$स् । दिस् रा'जा वाज़् भेर्'इ स्ट्रङ-लिम्ड् यॉन्ड् रेस्ट्लेस्, यॉन्ड् पीप्ल् फीर्ड् हिज़् पाउ'अर् । ही वन्स् वेन्ट् टु प्रयाग तीर्थ (द जङ्क्'शन् अफ् द ग्यॉन्ज़्इस्, जम्ना, यॉन्ड् सरस्वती, यॉट् अल्लाहाबाद्) यॉन्ड् पर्स्वे$_3$ड्'इड् प्रयाग–भैरव टु अकम्'पनि हिम् टु नेपाल्. ही प्ले$_3$स्ड् हिम् नीर् हिज़् डर्'बार्, यॉन्ड् टु प्रोपिश्'इए$_3$ट् हिम् इस्टयॉब्लिश्ड् अ मांसाहुति– यज्ञ†, टु बी पर्फर्म्'$_3$ड् एभ्'रि' यर्, दि इम्इज् अफ् दिस् भैरव इज़् स्टिल् इन् एग्जिस्'टेन्स् ।

डाउन् टु द रे$_3$न् अफ् दिस् मन्'अर्क् द गड्ज़् शोड् दम्सेल्भ्ज़्' प्ले$_3$न्लि इन् क$_3$र्-पोरिअल् फ$_3$र्म्, बट् आफ्'टर् हिज़् टाइम् दे बिकेम् इन्भिज्'इब्ल् । अ श्लोक इन् द भविष्य-पुराण सेज़्ः 'टेन् थाउ'जन्ड् यर्ज़् विष्णु विल् रिमाइड् अन् दि अर्थ्; द ग्यॉन्ज़्इस् हाफ् अफ् द्यॉट् टाइम्; यॉन्ड् ग्राम देवताज़् (लो'कल् डी'इटिज़्) द हाफ् अफ् द्यॉट् ।" नेपाल् हाउएभ्'-अर् बीइङ द सिट्'इ अफ् द गड्ज़्, द डी'इटिज़् कन्सेन्ट्'इट् टु रिमे'$_3$न् दे$_3$र् थ्री हन्'ड्रेड् यर्ज़् लङ्गर् द्यान् द टाइम् दस् फिक्स्ड् ।

इन द रे$_3$न् अफ् दिस् रा'जा, अ सर्'टिन् विभु-वर्मा राजवंशी, अ$_3$र् डिसेन्ड्'यान्ट् अफ् अ रा'जा, ह्यॉभ्इङ कन्'सिक्रे$_3$ट्इड् अ बुद्ध, बिल्ट् यॉन् यॉक्विडक्ट् विद् सेभ्'न् धाराज् अ$_3$र् स्पाउट्स्, यॉन्ड् रोट् द फल्'ओइङ श्लोक अन् द राइट्–ह्यॉन्ड् साइड् अफ् वन् अफ् द धाराज़्ः "बाइ द काइन्ड्नेस् अफ् अंशु–वर्मा, दिस् यॉक्विडक्ट् ह्यॉज़् बीन् बिल्ट् बाइ विभु–वर्मा, टु अ$_3$ग्मेन्ट् द मेर्'इट्स् अफ् हिज़् फाद्'अर्❧ ।

इन् दिस् रे$_3$न् थ्री थाउ'जन्ड् यर्ज़् अफ् द कलि युग ह्यॉड् पास्ड् अवे$_3$ ।

(डेनियल राइटको वि. सं. १९३३ मा प्रकाशित भएको हिस्टरि अफ् नेपाल् (नेपालको इतिहास)को प्रथम संस्करणका १३३–३४ पृष्ठबाट)

[नयाँ राजवंशमा पहिला राजा अंशुवर्मा भए । देउपाटनको दरवार छोडी मध्यलखु★ भन्ने ठाउँमा आफैंले बनाएको नयाँ दरबारमा उनी सरे । यो दरबारमा राम्रा चोक निकै थिए । उनले आफ्ना काजी मन्त्रीहरूलाई त्यहीं ठाउँमा घर बनाइदिएर राखे । यी राजा निकै

---

*सम रुइन्ज़् अन् द रोड् साउथ् अफ् देव पाटन् ।

†अ होम्, इन् ह्विच् दर् इज़् अ बर्न्ट्–अफ्'अर्इङ अफ् फ्लेश् इन् स्टेड्' अफ् राइस् फ्लाउर्ज़्, इट्सेट्'र ।

❧दिस् धारा स्टिल् एग्जिस्ट्स् अन् द लेफ्ट्–ह्यॉन्ड् साइड् अफ् द रोड् लीड्'इङ साउथ्व$_3$र्ड् फ्रम् द रानीपोखरी ।

★देउपाटनको दक्षिणपट्टि सडकमा केही अवशेष ।

हट्टाकट्टा र परिश्रमी थिए । उनको शक्ति देखेर दुनियाँहरू डराउँथे । यिनी एकपल्ट प्रयाग-तीर्थ (गङ्गा, जमुना र सरस्वतीको सङ्गमस्थल अलाहबाद)मा गए । उनले प्रयागका भैरव-लाई आफूसँगै नेपाल जान कर लगाए । उनले आफ्नो दरबारनजीकै ती भैरवको मन्दिर बनाए । प्रयागका भैरवलाई प्रसन्न पार्नको लागि उनले बर्सेनि मांसाहुति यज्ञ* गर्ने रीत चलाए । यी भैरवको मूर्ति अहिलेसम्म पनि छँदैछ । यिनको राज्य रहुन्जेलसम्म देवताहरू साधारणतः प्रत्यक्षरूपमा प्रकट हुन्थे । तर यिनको शेषपछि देवताहरू अलप भए । विष्णु भगवान्ले पृथ्वीमा दश हजार वर्ष राज गर्नुहुनेछ, गङ्गाजीले यसको आधा समयसम्म राज गर्नुहुनेछ ग्रामदेवताहरूले चाहिं गङ्गाजीले राज गर्नुभएको समयको आधा समय राज गर्नुहुनेछ भनी भविष्यपुराणको एउटा श्लोकमा लेखिएको छ । यस्तो लेखिएको भए तापनि नेपाल देवताहरूको सहर भएको हुनाले देवताहरू यहाँ तीन सय वर्ष बढी बस्न राजी भए । यी राजाको पालामा विभुवर्मा राजवंशी भन्ने राजवंशका मानिसले बुद्धको मूर्तिको स्थापना गरी पानीको नल-समेत सात धारा बनाए । आफ्ना बाबुको पुण्यवृद्धिको लागि अंशुवर्माको कृपाले विभुवर्माले यो धारा बनाएका हुन् भन्ने भावको श्लोक ती सात धारामध्ये एक धाराको दाहिनेपट्टि लेखिएको छ †। यी राजाको पालामा कलियुगका तीन हजार वर्ष बिते ।]

राइटको वंशावलीको यस वर्णनअनुसार
कलिगतवर्ष ३००० मा अंशुवर्मा भए भन्ने देखिन्छ ।
कलिगतवर्षमा ३०४४ घटाइदियो भने विक्रमसंवत् आउँछ★ ।
यस कारण
अंशुवर्माको पालाको विक्रमसंवत् = ३०००–३०४४
= – ४४

यस कारण विक्रमपूर्व ४४ वर्षमा अंशुवर्मा भएका देखिन्छन् ।

**कलिगतवर्ष ३४८९ यिन गुप्त राजाकन शिवदेवता सूर्यवंशी राजा आई जिती राज्य गऱ्या । अस्य भोगवर्ष ४१……यिन राजाको सन्तान भिएन र बैनीका पुत्र क्षत्रिय भानिझकन अंशुवर्मा नाम राखी राज्याभिषेक दिया, आफू शान्त भै गया । यिन राजाका पालामा भोट देशबाट आई चंपादेवी नाम कहाई नेपालका राजासँग मिली बूढाचार्यहरूका संमतले खाशा चैत्य विहार घर भनी चारैतर्फ बनाइदिया । फेरि फुटग्राममा चैत्य थाप्या । कूर्मासन राखी फेरि चतुरंक-रामायणको नित्य लीला बनाई नचाया । श्रीराजा अंशुवर्मा भोगवर्ष ४३ । यिन राजाले बत्सलापीठमा नरवलि प्रतिवर्ष कष्टकर्म भनी देवीकन शान्ति पूजा गरी युग्म शुद्ध छाग थपी**

---

*चामल फूल आदिको सट्टा मासु होमिने यज्ञ ।

†रानीपोखरीबाट दक्षिणतिर लाग्ने सडकको देब्रेपट्टि यो धारा अझै छँदैछ ।

★कलिगतवर्ष तथा विक्रमसंवत्को अन्तरविषयको विचार पूर्णिमा ५ अङ्कका १०–१२ पृष्ठमा छ ।

वलिदानले प्रतिवर्ष कर्म चलाया । नरसिवा कोलाहल गर्‍याको तो राजाले हेर्न जांदा हाँसो ठट्टा गरी बस्दामा नरसिवाले राजाकन नमस्कार गयो र राजा खुशी भई नरसिवाकन धेरै खेत बिर्ता दिया । फेरि नेपालविषे प्राप्त भयाको पूर्वागमन दिन विचारी वैशाख शुक्ल पूर्णिमामा ठहराई त्यस दिनमा देवी प्रसन्न निमित्त कौमारीगण बसाई अनेक यज्ञादि क्रिया गरी वलिदान पूजानिमित्त नवदुर्गा बसाई वाह्याभ्यन्तर कर्म प्रतिवर्ष चलाया । यिन राजाले देवपत्तनका दर्बारपछाडि शंखमूलका दक्षिण दिशा लगंखेल भन्या ठाउँमा सुवर्ण खण्डवन फाँडी वामनगर बनाउन आरम्भ गर्‍या । बहुतै सुन्दर गरी दर्बारसमेतका सहर बनाई आपना मन्त्री सर्दार दुनियाँहरूलाई पनि दर्जाअनुसारका घर बनाइ सबैलाइ वास गराया । आफू पनि सोही सहरमा वास गर्‍या । बाह्र हजार १२००० का सहर बनिगयो । यी राजा बडो चंचल तेजस्वी हुनाले प्रयागसम्म गै राजा राजा संग लडाई गरी जिती प्रयागमा दुइचार २।४ मैन्हा बसी त्यहाँका भैरवलाई सेवा गरी प्रसन्न गराई तंत्रोक्त विधिबाट आवाहन गरी सोही विधिले जोतिषी शास्त्र विचार गरी ब्राम्हणका मुखद्वारा कलिगतवर्ष मा फाल्गुण शुक्ल पंचमी ५ उत्तरभाद्र नक्षत्र ऐन्द्रयोग आदित्यवारका दिन नेपालमा आई आपना दर्बारका नजीकमा वटुक भैरव भनी नाम राखी तंत्रोक्त वेदोक्त बौद्धमतले यथाविधिले स्थापना गर्‍या । यहाँ उप्रान्त सोही नगरको वरावर वृद्धि गराउंदै थिइन् । आपना कोठामा राजा सुती रहंदा जमराजबाट मेरा मूर्ति बनाई प्रकाशगर भनी स्वप्न हुँदा सो स्वप्नबमोजिम जान्न्या २ पंडित जोतिषीहरूका संमतले शास्त्रबमोजिमका धर्मराज जटाधारी लोकेश्वरका मूर्ति बनाई गुरुघुढोकानेरा उत्तरतरफ चैत्रशुक्ल अष्टमी तिष्य नक्षत्र आयुष्मान् योग बृहस्पतिवारका दिन प्रतिष्ठा गरी बौद्धमतले चलाउनू भनी बंदेज बाँधिदिया । रथजात्रा पनि चलाइदिया । बटुकभैरव खुशी गर्नानिमित्त मांसाहुति यज्ञ धर्मराज भन्याका स्थितिका पूजाहारीबाट चलाउनू भन्या बाँधिदियाका अद्यापि चल्दैछन् । अघि नेपालमा खेत कमाउनु, धान रोप्नु, कोदाली लाउनु, धान काट्नु, धान झार्नु, धान सुकाउनु, धान कुट्नु, धानको चिउरा बनाउनु यस्ता रीत केही चल्याको छैन । खालि फलफूल मेवाको चलन छ । यही राजाका पालामा देवका अंसले बलभद्र भन्याका जन्मन आया र राजा संग बसाई आफैले खेत कमाई दुनियादारलाई पनि यै हिसाबबाट सिकाई खेत कमाउनु, बिउ राख्नु, धान रोप्नु, धान काट्नु, धान सुकाउनु, धान कुट्नु, धानको चिउरा बनाउनु इत्यादि सबै सिकाई मतिलिनगरदेखि उत्तरपट्टि आपना नाउले शिलाका मूर्ति बनाई बलभद्र भनी नाउ राखी मार्ग शुक्ल पूर्णिमाका दिनमा सोही मूर्तिलाई पूजा गरी चावलका पीठोको योमंधि भन्या रोटी बनाई चढाउनु भन्या रीत चलाइदिया । यहादेखि नेपालमा दुनियाँदारको पनि मार्ग शुक्ल पूर्णिमाका दिनमा योमंधि भन्या रोटी बनाई पूजा गरी धानका गुठीमा राखी चार दिनपछि झिक्न्या रीत चलाया । फेरि यिनै राजाले बालखहरू जन्मदा नाल काट्नुको विधि नेपालमा चलाया । यस्ता प्रकारसित नेपालमा व्याकरण शास्त्र पढ्न्या पढाउन्या रीत चलाया। यस्ता प्रकारसँग नाना कीर्ति स्थिति गरी प्रजा प्रतिपालन गरी आफू शान्त भै गया ।

(श्री ५ को सरकार पुरातत्त्वविभाग नेपाल राष्ट्रियपुस्तकालयबाट प्रकाशित, नयनाथ पौडेलद्वारा सम्पादित भाषावंशावलीका ८२, ८४–८५ पृ. बाट)

पू० १३.

भाषावंशावलीको यस वर्णनअनुसार

कलिगतवर्ष ३४८९ मा शिवदेव राजा भए । उनले ४१ वर्ष राज्य गरे । अनि अंशुवर्मा राजा भए भन्ने देखिन्छ ।

यस कारण

३४८९+४१=३५३०

कलिगतवर्ष ३५३० मा अंशुवर्मा राजा भएका देखिन्छन् ।

यस कारण

अंशुवर्मा राजा हुँदाको विक्रमसंवत्=३५३०–३०४४

=४८६

भीमदेव वर्ष ५१ ।...यी राजाका संतान भएन र पुत्रीकन १ बुद्ध वैश्य ठकुरी अंशुबर्मा नाम राखी कन्यादान दी राजा तुल्याई आफू शान्त भै गया । कलिगत वर्ष ३१५७ मा अंशुवर्मा गाद्दीमा बसे । अंशुबर्मा वर्ष ६८ । यी राजाले देवपाटनमध्येका दरवार छाडी मधेलव (?) भन्याको ठाउमा गै बडो शुद्ध रमणीय धेरै चोक संयुक्त गरी दरवार बनाई बस्न गया । काजीहरूकन त्यहीसंधि घर बनाई बसाया । यी राजा बडो चंचल, महा भयंकर, तामस मूर्ति, ठूलो पुरुषार्थी थिया । यिनले आफैं प्रयाग तीर्थमा गै भैरवनाथकन यथाविधिक्रमले डाकी ल्याई भैरव खुशी गर्ना निमित आपना दरबारसंधि मन्दिर बनाई प्रतिवर्ष आहुति गरी बसायाका अझतक छंदैछन् । यी राजाका पालामासम्म देवताहरू प्रत्यक्ष देखाइदिन्थे । त्यहाँपछि देवताहरू स्ववस्य सो स्थानमा लोप भै गया ।

(रायल नेपाल एकेडेमीका भूतपूर्व उपकुलपति बालचन्द्र शर्माद्वारा सम्पादित राजवंशावलीबाट, श्री ५ को सरकार पुरातत्त्व–विभागको मुखपत्र प्राचीन नेपाल ४ अङ्कका ११–१२ पृ.)

राजवंशावलीको यस वर्णनअनुसार कलिगतवर्ष ३१५७ मा अंशुवर्मा राजा भएका देखिन्छन् ।

यस कारण अंशुवर्मा राजा हुँदाको विक्रमसंवत्=३१५७–३०४४

=११३

कलि ३४८९। इन गुप्त राजाकन शिवदेव नाम सूर्यवंशी राजा आई जिती राज्य गऱ्या । अस्य भोग वर्ष ४१ ।......इन राजाको सन्तान थियन र वैनीका पुत्र क्षत्रिय भानीजकन अंशुवर्मा नाम राषि राज्याभिषेक दिया, आफु शांत भै गया । इन राजाका पालामा भोट देशबाट आई चंपादेव नाम कहाई नेपालका राजासंग मिली बुद्धाचार्यहरूका सम्मतले षासा चैत्यकन विहार गर्भरि चारै तर्फ वनाइ दिया । फेरि फुट ग्राममा चैत्य थाप्या । कूर्मासन राषि फेरी चतुराक रामायणको नित्य लीला वनाइ नचाया । श्री राजा अंसुवर्मा भोगवर्ष ४३ । इन राजाले वछला-पीठमा नरवली प्रतिवर्ष कष्ट कर्म भनि देविकन शांति पुजा गरी युग्म शुद्ध छाग थपि वलिदानले प्रतिवर्ष कर्म चलाया । नरशिवा कोलाहल गऱ्याको ती राजाले हेर्न जादा हांसि ठट्टा गरी वस्दामा नरशीवाले राजाकन समातृन गयो र राजा षुसि भै नरशिवाकन धेरै षेत बिर्ता दिया ।

फेरी इनै राजाले ग्रामदेवि जयवागेश्वरी मानसरोवर देषि शिला नदि तरी नेपाल विषे प्राप्त भयाको पूर्वागमन दीन विचारी वैशाषी चंडि पूर्णिमा ठहराई तस दीनमा देवि प्रसन्न निमित्त कौमारी गण वसाइ अनेक यज्ञादि क्रिया गरी वलीदान पूजा निमित्त नवदुर्गा वसाई वाह्याभ्यंतर कर्म प्रतिवर्ष चलाया । इन राजाले देवपट्टनका दर्वार छाडि लगन्षेलका सुबर्णषांड वन फांडि मतिनाम नगर बनाउनाको आरंभ गऱ्या । वहुतं सुन्दर रमणीय धेरै चोक संयुक्त गरी लगनषेलका सुवर्णषांड वन फाडि सुन्दर गरी दर्वार सहर वनाया । आपना मंत्रि सरदार–हरूकन पनि तेही स्थानमा घर वनाउन लाई वास गराया । आफुले पनि वास गऱ्या । इ राजा वडा चंचल उग्र तेजस्वी थिया र प्रयागमा जाई भैरवकन यथाक्रम विधि गरी आवाहन गरी ल्याइ पंचगौड पंचद्राविड ब्राह्मण आचार्य तंत्रोक्त वेदोक्त जोतिष्शास्त्र विचार गराइ मुख्य ब्राह्मण गुणभक्तसम्मतका वाक्यले पादस्थापना गरी विधिपूर्वक महाभैरवस्थापना फाग्गुण शुक्ल ५ उत्तराभाद्र नक्षत्र ऐंद्र योग आदित्य वारका दिन प्रतिष्ठा गऱ्या ।

यहां उप्रान्त मतिनाम देशको वृद्धि गराउँदै थिया । उस्तै समय जमराज प्रसन्न भै मेरा मूर्ति प्रकाश गर भनी स्वप्न प्रसन्न हुंदा धर्मराजकन आनन्दस्वरूप लोकेश्वरका मूर्ति बनाइ मतिनगर गुलषुमा ढोका बसाई वलचो नगर टचागल नाम गरी मतीनगरमा जोरि बनाया । भैरवनाथका प्रसादले मीननाथ भनी प्रष्यात गरी चैत्र शुक्ल अष्टमी तिष्य नक्षत्र आयुष्मान योग वृहस्पति वारका दिन प्रतिष्ठा गरी बौद्धाचार्यहरूले अर्चन गराया । भैरवनाथ षुसि निमित्त मांसाहुति यज्ञ प्रति वर्ष चलाया । फेरि बालकहरूकन नालछेदन विधि नेपालमा चलाया । अंशुवर्म्म नाम विहार पनि वनाया । फेरि व्याकरण शास्त्र पढन्या रीत नेपालमा चलाया । एस्ता प्रकारसंग नाना कीर्ति स्थिति गरि प्रजा प्रतीपाल गरी रह्याका थिया ।

(राजभोगमालाबाट, प्राचीन नेपाल ८ अङ्कका १९, २०–२१ पृ.)

राजभोगमालाको यस वर्णनअनुसार
अंशुवर्मा राजा हुँदाको विक्रमसंवत् = ३४८९ + ४१ – ३०४४
= ३५३० – ३०४४
= ४८६

देखिन्छ ।

यहाँसम्मका वर्णनबाट तलको कुरा सिद्ध हुन आउँछ ।

| ग्रन्थनाम | अंशुवर्मा राजा हुँदाको वर्ष |
|---|---|
| राइटको वंशावली | विक्रमपूर्व ४४ |
| भाषावंशावली | वि. सं. ४८६ |
| राजवंशावली | वि. सं. ११३ |
| राजभोगमाला | वि. सं. ४८६ |

यिनमा कुन पत्याउने, कुन नपत्याउने भइरहेछ ।

वंशावलीमा केको आधारमा यी कुरा लेखिए भन्ने कुराको खोजी हुनुपर्दछ । त्यतातिर खोजी भए जस्तो मलाई लाग्दैन । खोजी गर्दै जाँदा मानगृह गोकर्णमा थियो भन्ने कुरा सिद्ध हुन आएमा सो सिद्ध गरिदिने सज्जनलाई सहर्ष धन्यवाद दिई म आफ्नो भूल सच्च्याउनेछु ।

तद् गृह्णीमो यत् परीक्षोपपन्नम्

(गङ्गाधर शास्त्री)

[परीक्षाद्वारा जुन कुरा ठीक ठहरिन्छ, हामी त्यही लिन्छौं ।]

[यस निबन्धलाई तयार गर्दा नानी दिनेशराज पन्तले मेरो इच्छा र विचारअनुसार काम गरिदिएका छन् । नानी गौतमवज्र वज्राचार्य र महेशराज पन्तबाट पनि केही काम भएको छ । सबैलाई यथोचित धन्यवाद छ ।]

# विश्रान्ति

—नयराज पन्त

*प्रस्तावना*

तीनौटा बीस वर्षमा पुग्न तीनौटा वर्ष छन्,
अनन्त काललेखा यी वर्ष अत्यन्त थोरै हुन्,
परन्तु मेरो जीवननिम्ति यी निकै धेरै छन्,
नवीन जन आउँदैछन् यी, चिनेका जाँदैछन्,
बर्साद दशैं तिहार जाडो घुमी नै रहन्छन् ।

जन्म–भू मेरो हो काठमाडौं, यहीँ नै वास छ,
पृथ्वीको मान-चित्रमा ज्यादै सानो यो थोप्लो छ,
परन्तु मेरो जीवननिम्ति यो निकै बडो छ,
थोरै नै वर्ष बाहिर बिते, धेरै त यसैमा,
उनै नै दृश्य पर्दछन् प्रायः आँखाको सामुमा ।

गुरुका पाउनजीक बसी क्यै ग्रन्थ पढेथें,
प्रशस्त काल लगाई आफैँ क्यै ग्रन्थ पढेथें,
आफैँले पढ्दा मनमा श्रम निकै नै पर्ने भो,
त्यसैले गर्दा एकान्त-वास आनन्द लाग्ने भो ।

मसँग पढ्ने क्यै छात्रसँग सम्पर्क मेरो छ,
चलतीका केही पत्रिकासँग चिनारी मेरो छ,
क्यै ग्रन्थ मेरा साथी झैं भई नजीक बस्तछन्,
यिनैंले मेरो जीवनज्योति जगाइरहेछन् ।

इत्यादि कुरा मिलेर मेरो यो मन बन्यो हो,
तदनुरूप कुरा नै यहाँ विशेष फुर्दो हो,
फुरेका कुरा छन्दमा लेख्ता आनन्द लाग्दछ,
त्यसैले मेरो विश्रान्ति-काल सानन्द बित्तछ ।

ऐले वा पछि निष्पक्ष कोही विवेकी भएमा
गुण र दोष यसका पनि आउनन् लोकमा ।

मैले गरेका खेस्रालाई नानी अमिताले साफी गरिदिएकी हुन् । यहाँका टिप्पणीचाहिँ मेरो विचारअनुसार नानी दिनेशराज पन्तले हालेका हुन् । दुवैलाई यथोचित धन्यवाद छ ।

—नयराज पन्त
संशोधन—मण्डल
महाबौद्ध, काठमाडौं
नेपाल

वि. सं. २०२७
श्रावण २७ गते
मङ्गलवार
(श्रावण शुक्ल नवमी) ★

पुनश्च—विश्रान्तिका १०० वटा पद्यलाई अहिले प्रकाश गर्ने विचार थियो । परन्तु अरू लेख प्रकाश गर्नुपरेकोले पूर्णिमाको सानो शरीरमा ठाउँ नहुँदा ३३ वटा पद्य मात्र अहिले प्रकाश भए ।

---

★ मेरो जन्म वि. सं. १९७० श्रावण २६ गते आदित्यवार श्रावण शुक्ल नवमीमा भएको हो ।

## न सम्झनै सक्छु न बिर्सनै पनि

तिमी गएको पनि चौध वर्ष भो,
कता कता त्यो अघिको कुरा भयो ।
एकान्तमा चिन्तनको प्रवाहमा
परन्तु ताजा अझ हुन्छ सम्झना ॥१॥

मुसुक्क हाँस्तो अनुहार सुन्दर
लिई तिमी आउँदछ्यौ प्रिये वर ।
म भन्छु आफ्ना मनका कुरा तब,
झर्को नमानीकन सुन्दछ्यौ सब ॥२॥

आनन्दका यी रसिला घडीकन
विवेकले दिन्न जसै त लम्बिन ।
कसो कसो एकतमास भै अनि
न सम्झनै सक्छु न बिर्सनै पनि ॥ ३ ॥

२०२५।१२।२७

बुधकुमारी

जन्म–वि. सं. १९७१ आषाढ ९ गते सोमवार आषाढ कृष्ण चतुर्दशी
नेपाली भाषाका पुस्तक पढ्न सक्ने योग्यता

विवाह–वि. सं. १९८३ ज्येष्ठ १४ गते बृहस्पतिवार वैशाख शुक्ल पूर्णिमा

सन्तान–२ छोरा, ३ छोरी

मृत्यु–वि. सं. २०११ पौष २० गते मङ्गलवार पौष शुक्ल एकादशी

बुधकुमारीको मृत्युबाट पर्न आएको वियोग--विषयको वर्णन जयतु–संस्कृतम्का १३–१४ पूर्णाङ्कमा (वि. सं. २०१९ को वैशाख ज्येष्ठका) परेको छ ।

यी ३ पद्य रूपरेखा ९८ पूर्णाङ्क (वि. सं. २०२६ असार) मा प्रकाशित भएका छन् ।

## दाह्री जुँगा

दाह्री जुँगा क्यै उहिले थिएन,
विशेष चिन्ता पनि क्यै थिएन ।
बोक्रे कुराका रसमै भुलेर
बिती गयो त्यो पहिलो उमेर ॥१॥

विस्तार दाह्री र जुँगा उदायो,
उमङ्ग नानाथरको उदायो ।
भविष्यको कल्पित मूर्त्ति आयो,
यथार्थलाई त्यसले दबायो ।।२।।

दाह्री जुँगा पाकिरहेछ ऐले,
यथार्थ देखिन्छ यहाँ क्रमैले ।
सेतै भएमा पछि जे हुनेछ,
त्यो भन्नु राम्रो पछि नै हुनेछ ।।३।।

२०२६।२।१५।४

## सुख दुःख

हाँसी हाँसी जुद्धले राज्य छोडे,
रोई रोई पद्मले राज्य छोडे ।
आफैं गर्दा त्यै कुरा सौख्य हुन्छ,
गर्नैपर्दा त्यै कुरा दुःख हुन्छ ।।१।।

२०२६।२।१६।५

जुद्ध = श्री ३ महाराज जुद्धशमशेर जङ्गबहादुर राणा (वि. सं. १९८९–२००२)
पद्म = श्री ३ महाराज पद्मशमशेर जङ्गबहादुर राणा (वि. सं. २००२–२००४)
आफ्नै आँखाले देखेका कुरा यी हुन् ।
श्री ३ जुद्धको राज्यत्यागको संक्षिप्त वर्णन पूर्णिमा २१ अङ्कका ७२–७३ पृष्ठमा छ ।

## पृथ्वीलाई सम्झीरहन्छु

हामी आफ्नै शक्तिले बाँच्न सक्छौं,
हामी आफ्नै कामले खान सक्छौं ।
हामी गर्छौं राष्ट्र–रक्षा–प्रयत्न,
हामीलाई म्लेच्छको भीति छैन ।।१।।

यो ओजस्वी भावलाई जगाई
राष्ट्र--प्रीति--द्वारलाई खुलाई ।
लड्दै भिड्दै राष्ट्र--रक्षा--सुकृत्य
गर्ने पृथ्वीलाइ सम्झन्छु नित्य ॥२॥

२०२६।२।१८।७

पृथ्वी = श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह (वि. सं. १७९९–१८३१)

श्री ५ पृथ्वीनारायण शाहको उपदेशनामक ग्रन्थमा यस विषयमा विशेष विचार गरिएको छ । यस ग्रन्थका ४००,४०० पृष्ठका ३ भाग र वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीका १३८ पृष्ठको १ भागसमेत जम्मा ४ भाग संशोधन–मण्डलले तयार गरी जगदम्बा–प्रकाशनबाट प्रकाशित गराएको छ । अरू भाग पनि तयार हुँदैछन् ।

## परिश्रम गरेर किन पढ्ने

स्वदेशका दुर्लभ औ पुरातन
लेखादिको सङ्ग्रह नै गरीकन ।
विदेशका इष्टकहाँ पठाउन
जान्ने हुनाले क भयो बडो जन ॥१॥

अरूहरूका रचनाहरूकन
सारेर मेरै कृति हो भनीकन ।
छपाउने काम ख गर्न जान्दछ,
प्रकाण्ड अन्वेषक भै कमाउँछ ॥२॥

थोरै पढे तापनि धेर जाँचमा
पैला भई विज्ञ बनेर लोकमा ।
ग ले जमायो घरबार संपति,
गाह्रै अरूलाई छ जोड्नु ता त्यति ॥३॥

सुशिष्य पढ्थे गुरुले पढाउँथे,
गफादिले काल कुशिष्य काट्तथे ।
थिएन विदया नृप--नीति--मिश्रित,
दुवै मिसाई ध भयो प्रतिष्ठित ।।४।।

यताउताका गफ औ परस्पर--
विरुद्ध वार्ताहरुलाइ सङ्ग्रह ।
गरी छपाईकन पाठचपुस्तक
ङ गर्छ राम्रो धनराशिसङ्ग्रह ।।५।।

बुझेर पैले यजमानको मन
मिल्दा त्यसैसाथ कुरा गरीकन ।
शास्त्र---व्यवस्था च निकाल्न जान्दछ,
निकै बडो भाग घिसार्न पाउँछ ।।६।।

सक्तैन राम्रोसँग वाक्य पढ्न ङ
केही हथौडी त्यसलाइ आउँछ ।
मौका विचारीकन काम गर्दछ,
त्यसै हुँदा जीवन--वृत्ति पाउँछ ।।७।।

जस्तोसुकै होस् व्यवहार भित्रको
ढाँचा गरी बाहिर सौम्य--रूपको ।
बनेर मीठोसँग बोल्न जान्दछ,
ज पुण्यकृत् भैकन क्यै कमाउँछ ।।८।।

यताउता घुम्न कुरा जमाउन
प्रपञ्च नानाथरका फिँजाउन ।
मान्दैन गाह्रो झ बडो चलाक छ,
त्यसै हुनाले धन--मान जोर्दछ ।।९।।

यस्तै कुरा मात्र सुनी सुनीकन
हुर्की बढेका जन के हुनाकन ।
प्रपञ्च छोडेर गरी परिश्रम
पढ्नन् र बुझ्नन् गहिरा कुराकन ।।१०।।

२०२६।२।२६।१

यहाँ लेखिएका विषय प्रत्यक्ष अनुभव गरिएका हुन् ।

यस विषयका केही वर्णन अभिलेख– सङ्ग्रह पहिलो भागका २०–२१ पृष्ठ, पूर्णिमा ११ अङ्कका १७–२४ पृ. तथा १०१–१८ पृ.,१३ अङ्कका ९१–९८ पृ., १९ अङ्कका २३३–४४ पृ., २२ अङ्कका १५४–६८ पृ. मा परेका छन् ।

## राष्ट्र–रक्षा

पौडी खेली धेर जङ्गार तर्ने
अग्ला अग्ला टाकुरामाथि चढ्ने ।
तारो मार्नेमा थियो *का* प्रवीण
वैरी ठोक्थ्यो पाउँथ्यो राज–मान ।।१।।

*खा* ले लड्दै प्राण आफ्नो गुमायो,
त्यल्ले गर्दा कीर्ति औ स्वर्ग पायो ।
*खा* को बच्चा पालियो भूपबाट,
ऐले त्यो भो सैन्यमा वृत्तिदार ।।३।।

हामीलाई दासतामा जकड्न
आएका ती म्लेच्छलाई लघार्न ।
*गा* ले लड्दै स्वर्गको वास पायो,
*घा* ले बढ्दै म्लेच्छलाई धपायो ।।३।।

गर्छौं तिम्रो काम सुर्ता नलेऊ,
कोठी खोल्नालाइ क्यै ठाउँ देऊ ।
हामी दिन्छौँ द्रव्य ल्यौ आङ्गल भन्थ्यो,
*ङा* ले सम्झी धर्म त्यो द्रव्य छोड्यो ।।४।।

यस्ता वार्ता देशमा फैलिनाले
देखे केही भव्य रङ्ग प्रजाले ।
त्यल्ले ल्यायो युद्ध--विदया--प्रसक्ति,
साथै आयो क्यै न क्यै दूर–दृष्टि ॥५॥
धर्म--श्रद्धा राष्ट्र--भूपाल--भक्ति
साथै मिल्दा शौर्य उत्साह नीति ।
अल्छी केही हट्न गो, शक्ति आयो,
त्यल्ले लड्दै म्लेच्छ–दासत्व रोक्यो ॥६॥

२०२६।२।२७।२

वृत्तिदार = जागीरदार ।

आङ्ग्ल = अङ्ग्रेज ।

युद्धविद्याप्रसक्ति = लडाइँ खेल्न सिक्ने काममा लाग्नु ।

यहाँ लेखिएका विषय इतिहासको मनन गरी लेखिएका हुन् (पूर्णिमा १२ अङ्कका ७९ पृष्ठ, २२ अङ्कका ११७–१९ पृष्ठ, श्री ५ पृथ्वीनारायण शाहको उपदेश)

नेपालमा भन्या चौतरिया शेरबहादुर शाह काजी दामोदर पाँडेप्रभृति सबै एकट्ठा भई स्वामीलाई बनारसैमा राखनू, जिल्लाजिल्लाबाट खर्च दिनू, नेपालमा ल्याउन हुँदैन भन्या मतो बाँधी नकसाहेबसँग गछ बाँधिसक्याको रहेछ । नकसाहेब अङ्ग्रेजले ५० हजार रुपैयाँ सालबसाल ढुकुटीबाट दिनू, कीर्तिपुरमा कोठी राख्न देऊ भनी कुरा गर्दा यस कुराको बन्दोबस्तमा सामेल को छ छैन सबैका धर्म गर्नुपर्छ भनी भारादारहरू सरसल्लाह गरी श्रीगुह्येश्वरीमा गई कुण्डमा हात हाली सबैले धर्म गऱ्या । काजी त्रिभुवनले यो कुरा बढिया छैन भनी नमान्दा तँलाई यहीँ भोग देऔँ कि भाइ सामेल हुन्छौ भनी भन्दा मेरा गर्धनमा तरवार नपरुन्ज्यालसम्म धर्म भयो भनी कबोल गऱ्या ।

(भाषावंशावलीबाट)

इन् १८०१ क्याॅप्‍टिन् नक्स् विश्ड् टु टे क् दामोदर् पाँडे थान्ड् सम् अफ् हिज् कलिगस् इनटु आउर् पे, वट् दे वुड् नट् लिसन् टु द प्रोपोजल्.

(ओल्डफील्डको स्केच्इज् फ्रम् नेपाल्को २९६ पृ.)

[ई. सं. १८०१ (वि. सं. १८५८)मा कप्तान नक्सले दामोदर पाँडे र उनका केही सहयोगीहरूलाई पैसा खुवाएर हाम्रो (अंग्रेजको) पक्षमा मिलाउन खोजे । तर उनीहरूले यस कुराको वास्ता राखेनन् ।]

(त्रिरत्नसौन्दर्यगाथाको उपोद्घातको ६० पृष्ठबाट)

श्रीसूर्यविक्रम ज्ञवालीको अमरसिंह थापा ।

## ती आए त्यो गयो

आयो पश्चिमको विलास--महिमा, आयो नयाँ भोजन,
आए ती गफ–चातुरी युवतिको संसर्ग औ फेशन ।
जेले पश्चिमको छ शक्ति, जसमा केही त आफ्नै थियो,
त्यो विज्ञान लिऊँ भनी रसिकता आएन उल्टो गयो ।।१।।

२०२६।३।१।१

प्रमाणद्वारा सिद्ध भएको कुरालाई विज्ञानसम्मत कुरो भन्दछन् । वि. सं. १८९० भन्दा केही अगाडि राजज्योतिषी लीलानाथ पाँडेले दिक्साधन र चन्द्रकलाको विषयमा विज्ञानसम्मत कुरा नेपाली भाषामा लेखेका थिए (पूर्णिमा ४ अङ्कका ८५–९३ पृ., १८ अङ्कका १५४–५७ पृष्ठ) । वि. सं. १९५२ मा पं. गोपाल पाँडेले त्रैराशिकबाट घनमूल ल्याउने बुद्धिवर्धक रीति नेपाली भाषामा लेखी प्रकाश गरेका थिए (पूर्णिमा ८ अङ्कका ५०–७४ पृ.,९ अङ्कका ६४–७९ पृ., १० अङ्कका ५३–६० पृ., ११ अङ्कका ६३–९९ पृष्ठ) । वि. सं. १४०६ मा नेपालमा मुसलमानको आक्रमण भएको थियो भन्ने अन्वेषणपूर्ण प्रामाणिक लेख ऐ. शि. बाबुराम आचार्यद्वारा वि. सं. १९९० तिर नेपाली भाषामा तयार भएको थियो (पूर्णिमा ८ अङ्कको ७ पृ., १५ अङ्कका ३२५–२६ पृ.) । वि. सं. १९९२ मा श्रीसूर्यविक्रम ज्ञवालीको पृथ्वीनारायण शाह नामक खोजपूर्ण पुस्तक नेपाली भाषामा प्रकाश भएको थियो (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीको २ पृष्ठ) । यी लेखहरू नेपाली भाषाका गौरवबर्धक तथा विज्ञानसम्मत थिए ।

श्रीसूर्यविक्रम ज्ञवालीको वि. सं. २०१९ मा प्रकाशित "नेपालउपत्यकाको मध्यकालीन इतिहासको ११९ पृष्ठमा

**"पार्थिवेन्द्र मल्लको मृत्यु...ने. सं. ८०९ आ. १६८९ ई. मा नै भयेको हो कि भन्ने यौटा अडकल हुन्छ ।"**

–भनी लेखिएको छ ।

फेरि त्यही पुस्तकका १६१–६२ पृष्ठमा

**"पार्थिवेन्द्र मल्लको मृत्यु विषप्रयोग द्वारा भयेको बुझिन्छ । यो घटना ने. सं. आषाढ ८०७ १६८७ ई. को हो ।"**

–भनी लेखिएको छ ।

सोही पुस्तकको ११७ पृष्ठमा

**"शिव सिंह पछी उनका छोरा लक्ष्मी नरसिंह राजा भये ।"**

–भनी लेखिएको छ ।

फेरि त्यही पुस्तकको १३२ पृष्ठमा

"शिव सिंहका दुई छोराका विषयमा ता निश्चित रूपले चाल पाइयेको छ। पाटनको शासन केही वर्ष गरी मर्ने इनका छोरा ठाकुर सिंहको मृत्यु भयेका कुराको उल्लेख गरी सकियेको छ। ठाकुर सिंहका भाई हरिहर सिंह थिये।.....इनका लक्ष्मी नरसिंह, सिद्धि नरसिंह तथा ऋद्धि नरसिंह नामक तीन जना छोरा थिये।"

—भनी लेखिएको छ।

यस्ता परस्परविरुद्ध अनेकन् कुरा लेखिएको पुस्तकलाई वैज्ञानिक रीतिले* लेखेको पुस्तक भनी रायल नेपाल एकेडेमीले प्रकाश गरेकोले नेपाली भाषामा आइसकेको विज्ञानसम्मत लेख लेख्ने रीति पनि गएछ भन्ने संझी यो पद्य रचिएको हो।

## के पढ्ने

अहिले कसको छ हातमा
प्रभु--शक्ति, प्रभुको विचारमा।
कुन वस्तु छ, के गरीकन
हुन जाला प्रभुको खुशी मन ॥१॥

यति वस्तु गरेर चिन्तन
कवितामा त्यति वस्तु ल्याउन।
अतिरम्य पदावली तथा
अतिआकर्षक भावका कथा ॥२॥

रचना जुन गर्न जान्दछन्,
कविमा श्रेष्ठ तिनै कहाउँछन्।
प्रभु--शक्ति हुँदा चलाचल
कविको भाव रहन्छ चञ्चल ॥३॥

विपरीत विचारका कुरा
कवितामा क्रमसाथ आउँदा।
कुन सत्य असत्य हो कुन
यति भन्नाकन हुन्न साधन ॥४॥

*ग्रन्थकारको भूमिकाको २ पृष्ठ

"कविजी कुन सत्य हो" भनी
यदि सोधे कविजी रिसाउँछन् ।
"बुझ कालहरू तिमी अनि
यसको उत्तर मिल्छ" भन्दछन् ॥५॥

कुन सत्य असत्य हो कुन
यतिमै छैन भने विवेचन ।
व्यवहार परेर आउँदा
कुन विद्या मनमा उदाउला ॥६॥

२०२६।३।८।१

चलाचल = चञ्चल

यै उच्च विन्ध्य तुहिनाचलदेखि पारी ।
कोल्टामहाँ मुलुक त्यो छ पवित्र भारी ॥
हेर्नू–हवोस यसमाथि चढी हजूर ।
गुह्येश्वरी पशुपति प्रभुको गजूर ॥३६१॥

त्यो देखि पश्चिम दिशातिर राजधानी ।
वोश्रो अनन्त गुण–गौरवको छ खानी ॥
देखिन्छ गेह्ल उसको पनि कान्ति–धारा ।
यै शैलका शिखरबाट झलक्क सारा ॥३६२॥

शास्त्रानुसार उसमा सब राजपाट ।
चल्दोछ वीरवर क्षत्रिय जातिबाट ॥
प्राचीन धर्म–महिमा स्थिति आज सम्म ।
पायिन्छ त्यो मुलुक भित्र समस्त टम्म ॥३६३॥

अन्याय छैन उसमा, छल दम्भ छैन ।
गो वेद–विप्रहरुको अपमान छैन ॥
पाखण्ड छैन, बहुधा मत–भेद छैन ।
यौटा मनुष्य पनि धर्म–विरुद्ध छैन ॥३६४॥

चल्दोछ खूब–सित दान र यज्ञ याग–।
देवाऽर्चनाऽऽदि शुभकर्म वहाँ सराग ॥
विश्वास भक्ति सबमा बढदैछ दाई !!
बन्दैन शास्त्र–विधि छोडि कुनै मपाईं ॥३६५॥

दाज्यै ! जहाँ सविधि पण्डित सोम–पान ।
भूपाल गर्छन सुवर्ण तुला–प्रदान ।।
त्यो देशमा अतिथि–पूजनको बयान ।
हो सूर्यका नगिच जुन्किरिको समान ।।३६६।।
दाज्यै ! खडा छन अहा ! झलमल्ल चन्द्र ।
साऽनन्द पारि सब लोक अजात–तन्द्र ।।

(कवि लेखनाथको वि. सं. १९७६ मा प्रकाशित सत्यकलिसम्वादबाट)

आलस्य–ध्वान्त फारी विविध गुण–कला–कान्ति–धारा फिजारी
पारी सारा उज्यालो मुलुक उदयमा प्राप्त सूर्याऽवतारी ।
'श्रीश्रीश्रीजुद्धनामा' नृपतिवर महाराजमा भक्ति–साथ
टक्राई नाट्य–पुष्पाञ्जलि जय–जपना गर्छ यो 'लेखनाथ' ।।

(मुखपृष्ठमा)

चलेको संसारी सव चलनको पालन गरी
धरी श्रद्धा भारी विहितविधिमा निश्चल गरी ।
क्रिया गर्नू हामी सकल जनको पुण्य–पथ हो
अरू आई पर्ने सुख दुख सबै दैव–गत हो ।।

(४७ पृष्ठमा)

परमात्माको प्रतिनिधि विवेकमूर्ति प्रभुबाट यस कुराको विवेचना गरि बक्सिन्यै छ ।

(१०६ पृष्ठमा)

मुठी होस् वा फाँको खुसिसित छुटाएर ममता
लिनेलाई भन्दा अझ सुख दिनेलाइ बढता ।
यसैले यो सारा भुवनभर 'तत्सम्ससम' को
चलेको हो भन्छन् चलन हितका निति सबको ।।

(११२ पृष्ठमा)

जहाँ चोरी जारीतिर मन बढ्यो, मानिस अनी
क्याभावी गर्छन् मुलुकभरको कण्टक बनी ।
यसैले राजाले पनि नसिहतै केवल दिन
थुनेका छन् सारा अबुझ अपराधीहरुकन ।

(१६२ पृष्ठमा)

यो पुण्य-धर्ती नेपालको पुण्य-प्रभा सब देखियो
यस्तो महात्मा ज्ञानी पुरुषको यो ब्रह्म-बोला धन्य हो ।......
हे विप्रजाति ! प्रत्यक्ष तेरो गौरव अलौकिक देखियो
महाराज जुद्ध प्रभु धन्य हाम्रो, विधि–लेख–महिमा धन्य हो ।।

(२५०–५१ पृष्ठमा)

(कवि लेखनाथको वि. सं. १९९४ मा प्रकाशित लक्ष्मीपूजाबाट)

कुनै बेला आये युवक रसिला गोप लहडी
झिके ऐना लाये तिलक पनि सिन्दूर रगडी ।
पुछे औंला मेरो विपुल कटिमा त्यो सिंदुर को
बस्यो रातो धर्सो गुरु–सदृश भै मूर्खहरु को ।।६।।

चले ग्वाला, ढाकें फिर उहि थलामा गइ बस्यो
हिंड्यो ढाके, हिंड्दा अलिकति त्यहाँ चामल खस्यो ।
त्यहाँ त्यो सिन्दूराऽक्षत नगिच देख्यो जब अनि
चढायो अर्काले किन किन मलाई फुल पनि ।।७।।

जसै त्यो सिन्दूराऽक्षत–सहित देख्यो फुल, अनी
रहेछन् द्यौता ई भनिकन झुकाई शिर पनि ।
थप्यो रोरी, माला, अबिरहरू अर्को अघि सरी
म द्यौता भैहालें अबुझ बटुवाको जुभिभरी ।।८।।

(११४ पृष्ठमा)

कसैले त्यो देखी प्रणयसित गङ्गा–जल दियो
कुनै आयो, पञ्चाऽमृतहरू चढायो, खुसि भयो ।
कसैले श्रीखण्ड प्रभृति बढिया चन्दन दियो
धजा टांगी कोही 'जय जननि !' भन्दै घर गयो ।।९।।

कुनै राती वस्ता अबुझ बिचरा धूप–सहित
झिनू बत्ती बाली विनयसित भन्थे 'गर हित' ।
कुनै सत्तू च्यूरा अलिकति झिकी अर्पण गरी
स्वयं खान्थे, चल्थे हरबखत मेरो भर परी ।।१०।।

कुनै घुंथे छर्दै फुल, मकन दायाँतिर गरी
कुनै ढोग्थे पुष्पाऽञ्जलि–सहित भेटी पनि धरी ।
बढ्यो एवं रीत्या प्रतिदिन ठुलो पूजन–कला
पुजारी भै लुट्थे पटु पुरुष नैवेद्य मसला ।।११।।

मलाई यस्तो होस् पछि म गरला पूजन भनी
कुनै थाले गर्न श्रम बश कठै!! भाकल पनी ।
पुग्यो उसको इच्छा विधिबश, म दाता हुन गयें
गर्‍यो पूजा भारी, मुसुमुसु म हाँसेर उभियें ।।१२।।

(११५ पृष्ठमा)

सदा यै चालाले अबुझहरु बिश्वास-बश भै
त्यहाँ लागी-हाले विधि-सहित पूजा दिन सबै ।
म द्यौता, त्यो चौकी विधि–विहित देवस्थल भयो
पछी सुस्तै सुस्तै मुलुक भर माहात्म्य फिजियो ।।१७।।

कुनै भन्थ्यो साक्षात् मकन इनले दर्शन दियिन्
कुनै भन्थ्यो स्वप्ना–बिच नगिच आयिन् र दबियिन् ।
कुनै भन्थ्यो मैले कति कति सुनें शब्द इनको
कुनै भन्थ्यो मेरो सब हरिदियिन् कष्ट मनको ।।१८।।

(११७ पृष्ठमा)

कुनै भन्थ्यो राती सकल समिनै बल्दछ अरे
कुनै भन्थ्यो पैले इनिकन नमान्ने सब मरे ।
अहो यस्तै यस्ता उपकथन, हल्लाहरु गरी
फसे सारा बोके विधि–नियम-पट्टी हरि! हरि! ।।१९।।

बनी ध्यानी पीताऽम्बर कमरमा टम्म पहिरी
लिई माला छाला उपर दृढ पद्माऽऽसन धरी ।
जपी जागा गर्थे बुधहरु ठुला जन्तर बुटी
थियो मानू चौकी उस बखत को सिद्धि–ढुकुटी ।।२०।।

महात्मा भै कोही फगत पर निन्दाकन गरी
म यस्तो हूँ भन्दै श्रवण–बिच हालाहल भरी ।
बटुल्थे वा लुट्थे हरकिसिमले गुह्य गठरी
कुनै चाबी बस्थे गरम हलुवा, घेवर, पुरी ।।२२।।

(११८ पृष्ठमा)

चमत्कारी शोभा चमचम सबै तर्फ छरियो
धराको छातीमा अमृतमय माधुर्य भरियो ।
बिना यस्तै नेता धरणितलमा वा मुलुकमा
प्रजा अन्धो दुःखी कसरि रहला शान्ति–सुखमा? ।।१४।।

(१३४ पृष्ठमा)

[कविशिरोमणि लेखनाथको सन् १९५३ मा प्रकाशित तरुणतपसीबाट]

सन् १९५३ भनेको वि. सं. २००९ वा १० हुन्छ । कविशिरोमणिले आफैले पहिले प्रयोग गरिरहेको विक्रमसंवत् छोडी ईसवीसंवत् लिनु र यिनै ताकातिर ऐतिहासिकशिरोमणिज्यूले पनि यसै गर्नु★ पाखलाग्दो छ ।

★पूर्णिमा ९ अङ्कको ८१ पृ., ११ अङ्कका ९९–१०० पृ., १५ अङ्कका २२८–२९ पृ. ।

## भास्करको शिक्षा

बोल्ने जे हो विषय, उसको भावलाई लिएर
भित्री भित्री तहतक पुगी धीरताले गुनेर ।
बोल्नू, शङ्का यदि हुन गए चूप लाग्नू भनेर
शिक्षा दिन्छन् निज चरितले भास्कराचार्य हेर ।।१।।

२०२७।२।२४।७

लल्लले वलन पनि चन्द्रमाको शौक्ल्य (बिम्बको उज्यालो भाग) पनि उत्क्रमज्याले ल्याएका छन् । उत्क्रमज्याबाट ल्याएको वलन अशुद्ध हुन्छ भनी भास्करले उदाहरण दिँदै लम्बे लेख लेखेका छन् । भास्करले क्रमज्याबाट शौक्ल्य ल्याएका छन्, परन्तु उत्क्रमज्याबाट ल्याएको शौक्ल्यको विषयमा केही बोलेको छैनन् । उत्क्रमज्यबाट ल्याएको शौक्ल्य नै शुद्धताको नगीचमा पुग्छ भनी विद्वान्हरूले अहिले निर्णय गरेका छन् । त्यस वेला भास्करले ठीकसँग निर्णय गर्न सकेनन् र चूप लागे भन्ने कुरा यसबाट स्पष्ट हुन्छ ।

यस विषयमा जयतु संस्कृतम्को १६–१७ पूर्णाङ्कका १०–१५ पृष्ठमा मैले लेखेको छु ।

## लिच्छविकालको अप्रकाशित अभिलेख

नेपाल–उपत्यकाका प्राचीन बौद्ध चैत्यमध्ये चाबहिलको चैत्य पनि एक हो । यहाँ पाइएको लिच्छविकालको एउटा अभिलेख हामीले 'अभिलेख सङ्ग्रह' ९ भागमा छपाएका थियौं । त्यसबाट यस चैत्यबारे केही थाहा पाइन्छ ।

हालै लिच्छविकालको अर्को एउटा अभिलेख यहाँ पाइएको छ । गौतमवज्र वज्राचार्यद्वारा यो पत्ता लागेको हो । चैत्यको पश्चिम भागमा एक मण्डलाकार ढुङ्गामा यो अभिलेख कुँदिएको छ । यो अभिलेख १ पङ्क्तिको मात्र छ । यसको छेउको अलिकता भाग खण्डित छ ।

लिच्छविकालिक बौद्ध धर्मबारे अलिकता कुरा यसबाट थाहा पाइन्छ । यस कारण यस अभिलेखलाई यहाँ प्रकाश गरेका छौं ।

यसमा अहिले देखिने अभिलेख कुँदिएको भाग १९।। अङ्गुल लम्बा, १ अङ्गुल चौडा छ । यसको लिपि नरेन्द्रदेवको ताकाको छ ।

*मूलपाठ*

देयधर्मोयं शाक्यभिक्षोर्बन्धुभद्रस्य मातापितृपूर्वङ्गमं कृत्वा सर्वसत्त्वानां......

# छैटौं वर्षको आय–व्ययको विवरण

| | | |
|---|---|---|
| आम्दानी — | | ५३५२।४२ |
| ग्राहकबाट अहिले उठेको — | ९९६।४५ | |
| फुटकर बिक्रीबाट — | १०३। | |
| प्रत्येक रचयिताबाट महीनाको १५ रु. को दरले उठाउने नियमअनुसार अहिले उठेको | २१०१। | |
| त्रिभुवनविश्वविद्यालयबाट श्रीगुरु पं. नयराज पन्तले पाउनुभए जति संशोधन–मण्डललाई दिने उहाँको निर्णयअनुसार उहाँबाट प्राप्त भएको★— | ४०४२।९७ | |
| खर्च — | | ५३०७।८८ |
| २१ पूर्णाङ्कमा | १५४१।८५ | |
| २२ पूर्णाङ्कमा | ९०२।६३ | |
| २३ पूर्णाङ्कमा | ८९२।६५ | |
| २४ पूर्णाङ्कमा | १८२८। | |
| डाँकखर्च | ३१।७० | |
| अरु | १११। ५ | |
| बाँकी — | | ४४।५४ |
| गतवर्षको बाँकी | | २४४।७४ |
| जम्मा बाँकी — | | २८९।२८ |

★ २०२६ वैशाखदेखि २०२७ आश्विनसम्म जम्मा १८ महीनामध्ये १७ महीनाको प्रतिमहीना २२५। को दरले र २०२७ श्रावणमा १ दिन गयल कट्टी भएको हुनाले सो महीनाको २१७।९७ समेत जम्मा १८ महीनाको जम्मा ४०४२।९७ यहाँ परेको छ ।

# हाम्रो वक्तव्य

यस अङ्कले 'पूर्णिमा' को छैटौं वर्ष पूरा भयो । ११ पूर्णाङ्कदेखि नै 'पूर्णिमा' अलि ढीलो ढीलो निस्कन थालेको थियो र अहिलेसम्ममा एक वर्षको नै अन्तर परिसकेको छ । यसो हुनामा निकै अंशमा प्रेस कारण छ । हाम्रो हेलचक्र्याइँ पनि केही अंशमा यसको कारण रहेको छ । जे होस्, ढीलै भए पनि ६ वर्षका २४ अङ्क नै पाठकका हातमा राख्न हामी सफल भएका छौं । संयुक्ताङ्क रूपमा निकाली कर टार्ने काम हामीले गरेनौं ।

'संशोधन–मण्डल' ले आफ्नो उद्देश्य अलि ठूलै राखेको छ । इतिहासमा मात्र सीमित नरही विद्यासम्बन्धी विभिन्न विषयमा नयाँ खोज र शोध गरी त्यसलाई प्रकाशमा ल्याउने, प्रयोगात्मक रूपको नयाँ शिक्षा–पद्धति चलाउने उद्देश्य संशोधन–मण्डलले राखेको छ । तर हाम्रो देशमा विदेशीको अन्धानुकरण नगरी उचित र अनुकूल अध्ययनपरम्परा चलाउन सक्नु निकै गाह्रो हुँदो रहेछ भनी दुःखसाथ भन्नुपरेको छ । नयाँ अध्ययन–पद्धति फस्टाउन आवश्यक उर्वर भूमि यहाँ तयार भएको छैन । यसो हुँदा बल्लतल्ल उम्रेको बिरुवा जोगाउन कष्ट भोग्नुपर्छ । बिरुवालाई उखेल्ने चेष्टा बराबर भइरहन्छ ।

यस कारण नेपालको इतिहासको खोज र शोधको क्षेत्रमा केही सन्तोषजनक काम गर्न संशोधन–मण्डल सफल भएको छ तापनि आफ्नो उद्देश्य पूरा गर्न संशोधन–मण्डल सफल भएको छैन । यो कुरा खुलाएर विस्तृत रूपमा लेख्नु आवश्यक छ । तर स्थानाभाव र समयाभावले अहिलेलाई यत्तिकैमा टुङ्ग्याउनुपरेको छ ।

**सूचना–यो अङ्क वि. सं. २०२७ को चैतको पछिल्लो हप्तामा मात्र निस्क्यो ।**

## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध | पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|---|---|---|---|
| २२५ | १० | सम्प्रातेति | सम्प्राप्तेति | २३३ | १७ | श्रतुवर्गः | चतुर्वर्गः |
| २३३ | २८ | आगलागि | आगलागी | २३५ | ६ | विगृह्णीयात् | विगृह्णीयात् |
| २३५ | ८ | बढौ | बढी | २३६ | १५ | एक्लैले | एकलैले |
| २३६ | २१ | मद्दतगार | मदतगार | २३७ | १० | पृथ्वौनारायण-शाले | पृथ्वीनारायण शाहले |
| २३८ | २१ | गियम | नियम | २५१ | २१ | द्विजोऽनुगृह्णीयात् | द्विजोऽनुगृह्णीयात् |
| २६२ | ७ | सङ्गह | सङ्ग्रह | २७५ | २८ | ल्पे₃न्ज् | प्ले₃न्ज् |
| २७५ | ३३ | ल्पे₃न्ज् | प्ले₃न्ज् | २८० | ३३ | पटक यहाँ | पटक |
| २९० | २ | ' 'तारा | 'म' तारा | २९१ | १५ | मङ्गल | मङ्गल |
| २९२ | २० | नाडीद्वसम् | नाडीद्वयम् | ३०८ | १६ | गतिशनैश्चरको | शनैश्चरको गति |
| ३१० | २० | सप्रजा प्रजाः | सप्रजाः प्रजाः | ३११ | २४ | वसुमद् | वसुवद् |
| ३१३ | २६ | श्रीलेशियानो | श्रीलुशियानो | ३१४ | १६ | ललीत | ललित |
| ३१५ | २७ | तर्फ | तर्क | ३१७ | ४ | हाउज्इ | हाउज्इज् |

२७९ पृ. देखि ३२६ पृ. सम्म पृष्ठसङ्ख्या १० कम भएको अर्थात् २७९ हुनुपर्नेमा २६९, ३२६ हुनुपर्नेमा ३१६ इत्यादि भई बिग्रेको ।

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल
१०।४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२६
माघ–फागुन–चैत

वार्षिक मूल्य– रु. ८।
( डाँकखर्च अलग )
यस अङ्कको मूल्य ४।

मुद्रक—
जोरगणेश प्रेस प्रा० लि०
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं